निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/– Pages-8

वर्ष २०: अङ्क: २७१, वि.सं. २०८३, असोज २० गते, मङ्गलवार, ६ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 06 OCTOBER, 2026, TUESDAY, GANGTOK

विलयका पक्षपोषकले सिक्किम र दार्जीलिङका जनतालाई धोका दिँदैछन्: विष्ट

- ‘३७१एफ स्थायी हो, संविधान रहेसम्म यो पनि रहन्छ’
- भाजपा बलियो हुँदा सिक्किम पनि बलियो हुने विष्टको दाबी
- ‘सिक्किम-दार्जीलिङ विलयको प्रस्ताव छँदै छैन’
- सिक्किममा भाजपाको सङ्गठन विस्तार कसैले पनि रोक्न नसक्ने विष्टको दाबी

रम्फूमा विष्टलाई जनाइयो भव्य स्वागत

● होमनाथ दवाडी

गान्तोक, ५ अक्टोबर: आगामी छः महिनाभित्र सबै बुथस्तरमा पार्टीको सङ्गठन विस्तार गर्ने प्रतिबद्धताका साथ दार्जीलिङका सांसद राजु विष्टले सिक्किममा भारतीय जनता पार्टीको प्रभारीका रूपमा पहिलो सार्वजनिक सम्बोधन गरे। सोमवार सिङ्तामस्थित भाजपा कार्यालयमा आयोजित स्वागत कार्यक्रमबाट सिक्किममा पहिलो राजनीतिक सम्बोधन गर्दै विष्ट पार्टीको सङ्गठनलाई मजबुत गराउनु नै आफ्नो पहिलो उदेश्य रहेको बताए।

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीसँग गठबन्धनमा रहेको भारतीय जनता पार्टीले सिक्किम सरकारलाई आवश्यक सहयोग दिन पछि नपर्ने, तर भाजपाको साङ्गठनिक विस्तार कार्यक्रमलाई भने कसैले रोक्न नसक्ने विष्टले बताए। उनले कार्यक्रममा सहभागी भाजपा कार्यकर्तालाई सम्बोधन गर्दै भने, “सिक्किममा भाजपाको सङ्गठन छ। यसलाई विस्तार गर्न कसैसँग अनुमति लिनु आवश्यक छैन। हामी संवैधानिक अधिकारअनुसार पार्टी विस्तार गर्छौं किनभने हामी भाजपाका कार्यकर्ता हौँ, तर खेताला होइनौँ।”

उनले सिक्किम भारतीय जनता पार्टी भोट शेयर एक प्रतिशतबाट बढ़ेर पाँच प्रतिशत पुगिसकेको भन्दै सबैले मिलेर पार्टी बलियो बनाउनुपर्ने अपील पनि गरे। उनले सिक्किमका जनता भाजपासँग डराउनुपर्ने स्थिति नरहेको स्पष्ट पार्दै भने, “भाजपासँग डराउनुपर्दैन। भाजपाले कसैलाई खाँदैन, तर भाजपा बलियो हुँदा सिक्किम पनि बलियो हुन्छ।”

उनले सिक्किम भाजपा प्रभारीका रूपमा आफ्नो भूमिका स्पष्ट पार्दै भने, “म सांसद, विधायक बन्न सिक्किम आएको होइन। नेता बन्न अथवा कसैलाई नेता बनाउन पनि आएको होइन। हामीलाई चुनाउ जित्ने सङ्गठनको मात्रै खाँचो छैन, तर सिक्किम सिक्किम बनाउने सङ्गठनको खाँचो र त्यो काम हामी भाजपा कार्यकर्ताबाट हुनुपर्छ।” उनले अघि भने, “छः महिनाभित्र सबै जिल्ला र मण्डल दह्रिलो बनाउने लक्ष्य र हामीले यो अवधिभित्र सिक्किमका सबै बुथ स्तरका समितिलाई सशक्त बनाउनुपर्छ।”

सिक्किमको सुरक्षा र स्वाभिमानलाई उच्च राख्नु भारतीय जनता पार्टीको प्राथमिकतामा रहेको राजु विष्टले बताए। यसबारे बोल्दै उनले भने, “सिक्किमको स्वभिमान हाम्रो लागि सर्वोपरी हो। सिक्किमलाई अझ टेवा दिन सक्छ भने त्यो भाजपा हो। सिक्किमको विशेष सुरक्षा कवच ३७१एफलाई कसैले सुरक्षित राख्न सक्छ भने त्यो भाजपा हो।”

सांसद राजु विष्टले भारतीय जनता पार्टी केन्द्रमा सरकारमा रहेका पार्टी भएको कारण सबैको सम्मानमा झुकेर काम गरिरहेको बताए। उनले सिक्किममा पनि भाजपाले झुकेर काम गरिरहेको बताए।

भाजपालाई संविधान शिरोपर गर्दै काम गर्ने पार्टीको रूपमा व्याख्या गर्दै सिक्किम प्रभारी राजु विष्ट ३७१एफलाई लिएर सिक्किमका नागरिक निश्चिन्त रहन अपील गरे। जम्मू–कश्मीरबाट धारा ३७० हटाएको जस्तो सिक्किमको ३७१एफ–लाई भाजपाले हटाउँछ भन्ने अफवाहमा सिक्किम जनता नपर्न आह्वान गर्दै विष्टले भने, “भाजपा संविधान मान्ने पार्टी हो, धारा ३७० अस्थायी थियो हटायो, ३७१ एफ स्थायी हो। यो कसैले दिएको भीख होइन, सिक्किमले पाएको अधिकार र सुरक्षा कवच हो। भारतको संविधान रहेसम्म धारा ३७१एफ पनि रहन्छ।”

दार्जीलिङ–सिक्किम विलयको विषयमा उठेका तर्कहरूलाई पनि सिक्किम भाजपा प्रभारीका रूपमा पहिलो राजनीतिक सम्बोधनबाट राजु

➡ रहल पृष्ठ ७ मा

४२औँ गभर्नर्स गोल्डकप प्रारम्भ

यस प्रतियोगिताले सिक्किमको खेलकुद विरासतलाई निरन्तरता दिएको छः मुख्यमन्त्री

आक्रमण एससी र ब्ल्याक ईगल एफटी विजयी

गान्तोक, ५ अक्टोबर (हिस): मुख्यमन्त्री पीएस गोलेले सोमवार पाल्जर स्टेडियममा ४२औँ अखिल भारतीय गभर्नर्स गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा सहभागी हुन पाउँदा आफूलाई खुशी लागेको बताएका छन्। उनले सामाजिक सञ्जालमार्फत गभर्नर्स गोल्डकप सिक्किमका सबैभन्दा प्रतिष्ठित तथा बहुप्रतीक्षित खेलकुद आयोजनामध्ये एक रहेको उल्लेख गरेका छन्।

मुख्यमन्त्री गोलेले गभर्नर्स गोल्डकपले सिक्किमको खेलकुद विरासतमा विशेष स्थान ओगटेको बताउँदै यस प्रतियोगिताले देशभरिका प्रतिभाशाली फुटबल खेलाड़ी तथा टोलीलाई एकै ठाउँमा ल्याउनुका साथै युवा खेलाड़ीलाई प्रेरित गर्ने र खेलभावनालाई अझ बलियो बनाउने उल्लेख गरेका छन्।

उनले प्रतियोगिताको अवसरमा सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको ८६औँ जन्मजयन्तीका अवसरमा उनलाई स्मरण गर्दै श्रद्धाञ्जली अर्पण गरेको पनि बताएका छन्। सिक्किमको विकास र प्रगतिमा स्वर्गीय भण्डारीको अतुलनीय योगदान राज्यको इतिहास तथा सामूहिक स्मृतिको महत्त्वपूर्ण हिस्सा बनेर रहेको उल्लेख गरेका छन्।

मुख्यमन्त्री गोलेले सुन्दर खेल फुटबलको उत्सव मनाउँदै गर्दा सिक्किमको निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने र पुस्तौँलाई प्रेरणा दिइरहने व्यक्तित्वहरूको विरासतलाई पनि सम्मान गर्नुपर्ने बताएका छन्।

उनले प्रतियोगितामा सहभागी सबै टोलीलाई प्रतिस्पर्धात्मक, स्मरणीय र सफल प्रतियोगिताका लागि शुभकामना दिँदै उत्कृष्ट टोली विजयी बन्ने कामना गरेका छन्।

पहिलो खेलमा आक्रमण स्पोर्टिङ क्लबले गढवाल हिरोज एफसीलाई २–० ले पराजित गऱ्यो। उत्कृष्ट खेल प्रदर्शन गरेबापत् आक्रमण एससीका बक्सर प्रधानलाई म्यान अफ् द म्याच घोषित गरियो। दोस्रो खेलमा ब्ल्याक ईगल एफटीले जीटीए एकादशलाई ३–१ गोल अन्तरले पराजित गऱ्यो। ईगल एफटीका प्रणील गुरुङलाई म्यान अफ् द म्याच घोषित गऱ्यो।

केन्द्रिय राज्यमन्त्रीद्वारा हेलेन लेप्चा मेडिकल कलेजको भ्रमण

गान्तोक, ५ अक्टोबर (आईपीआर): केन्द्रिय शिक्षा तथा पूर्वोत्तर क्षेत्र विकास (डोनर) राज्यमन्त्री डा. सुकान्त मजुमदारले आफ्नो दुईदिने औपचारिक सिक्किम भ्रमणको क्रममा सोमवार हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेजको भ्रमण गरेका छन्।

उक्त संस्थामा आइपुग्दा केन्द्रिय मन्त्रीलाई भवन तथा आवास विभागका पीसीईं तथा सचिव चन्द्रविजय बस्नेत, भवन तथा आवास विभागका पीसीई वाईएन गौतम र सिक्किम सरकारका अन्य वरिष्ठ अधिकारीहरूका साथै हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेजका प्राध्यापक तथा कर्मचारीहरूले न्यानो स्वागत जनाए।

भ्रमणको क्रममा डा. मजुमदारले मेडिकल कलेज र यसको पूर्वाधारबारे जानकारी लिए। हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेजका डिन डा. विक्रम खड़काले

➡ रहल पृष्ठ ७ मा

भारतीय जनता पार्टी (भाजपा), सिक्किमका नवनियुक्त प्रदेश प्रभारी तथा दार्जीलिङका लोकसभा सांसद राजु विष्टले सोमवार लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्। यस अवसरमा सिक्किम भाजपाका प्रदेश अध्यक्ष डा. डीआर थापा पनि उपस्थित रहेका थिए। राज्यपालले प्रभारी विष्टलाई सिक्किम भाजपाका प्रभारीको रूपमा नएर जिम्मेवारी ग्रहण गरेकोमा बधाई तथा शुभकामना दिए।

गान्तोकमा ८६औँ भण्डारी जयन्ती पालन

गान्तोक, ५ अक्टोबर (आईपीआर): सिक्किमका पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारीको ८६औँ जन्मजयन्ती सोमवार गान्तोकस्थित सम्मान भवनमा पालन गरिएको छ। कार्यक्रममा मुख्यमन्त्री पीएस गोले मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

कार्यक्रममा विधानसभा उपाध्यक्ष, मन्त्रीपरिषद्का सदस्य, सांसद, विधायकगण, मुख्य सचिव, निर्वाचित जनप्रतिनिधि, पूर्व विधायकगण, राजनीतिक व्यक्तित्व, सचिव, वरिष्ठ सरकारी अधिकारीगण तथा अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

स्वर्गीय नेताको सम्झनामा मुख्यमन्त्री र अन्य विशिष्ट अतिथिहरूद्वारा औपचारिक दीप प्रज्वलन गरी कार्यक्रमको शुरुआत गरियो।

त्यसपछि संस्कृति विभागका विशेष कर्तव्य अधिकारी नीलम न्यौपानेले स्वर्गीय नरबहादुर भण्डारीको जीवन र योगदानबारे विशेष सम्बोधन राखे।

उनले पूर्व मुख्यमन्त्रीको जीवन, राजनीतिक यात्रा र योगदानबारे विस्तृत चर्चा गर्दै सिक्किमको विकास र प्रगतिमा उनले निर्वाह गरेको भूमिकाबारे प्रकाश पारे।

कार्यक्रममा सूचना तथा जनसम्पर्क विभागद्वारा निर्मित वृत्तचित्र पनि प्रदर्शन गरियो, जसमा स्वर्गीय नरबहादुर भण्डारीको जीवन, विरासत र योगदानलाई प्रस्तुत गरिएको थियो।

गृह (प्रोटोकल) विभागकी सचिव बेनु गुरुङले धन्यवाद ज्ञापन गरेसँगै कार्यक्रमको समापन भयो।

भारत-नेपाल सीमामा हतियारसहित एक व्यक्ति पक्राउ

सिलगढ़ी, ५ अक्टोबर (हिस): भारत–नेपाल सीमाको पानीट्याङ्कीस्थित न्यू ब्रिज क्षेत्रमा नियमित जाँचका क्रममा सशस्त्र सीमा बल (एसएसबी)–ले एक व्यक्तिलाई हतियार तथा जिउँदो कारतूससहित पक्राउ गरेको छ। ०.३२ क्यालिबरको एउटा पेस्तोल, दुईवटा म्यागजिन, ७.६५ एमएमका ४९ वटा जिउँदो कारतूस र एउटा खाली खोका जफत गरिएको छ।

जानकारीअनुसार ४१औँ बटालियन एसएसबीको ‘डी’ कम्पनी पानीट्याङ्कीको बीआईटी टोलीले आइतवार नियमित जाँच गरिरहेको थियो। यस क्रममा सवारीसाधनमा भारतबाट नेपालतर्फ जाँदै गरेका एक भारतीय नागरिकलाई रोकेर जाँच गरियो। खोजीको क्रममा उनको हातमा रहेको झोलाबाट हतियार र कारतूस जफत भएको हो।

➡ रहल पृष्ठ ७ मा

डोनर राज्यमन्त्रीद्वारा राज्यपाल र मुख्यमन्त्रीसँग शिष्टाचार भेट

गान्तोक, ५ अक्टोबर: केन्द्रिय पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय (डोनर) तथा शिक्षा राज्यमन्त्री डा. सुकान्त मजुमदारले सोमवार लोक भवनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्।

भेटको क्रममा दुवैबीच राज्यका प्रमुख विकासीय पहलहरूबारे फलदायी छलफल भयो। विशेषगरी डोनरअन्तर्गतका परियोजना तथा शिक्षा क्षेत्रसँग सम्बन्धित योजनाहरूमा छलफलकेन्द्रित रहेको लोक भवनले बताएको छ।

सिक्किम पूर्वोत्तर क्षेत्रको महत्त्वपूर्ण राज्य भएकोले आगामी दिनमा अपनाउनुपर्ने विकासीय रणनीतिबारे पनि दुवैबीच विचार–विमर्श भएको थियो।

केन्द्रिय राज्यमन्त्री डा. मजुमदार दुईदिने आधिकारिक भ्रमणका क्रममा हाल सिक्किममा छन्।

अर्कोतिर, केन्द्रिय शिक्षा तथा पूर्वोत्तर क्षेत्र विकास (डोनर) राज्यमन्त्री डा. सुकान्त मजुमदारले सोमवार मुख्यमन्त्री पीएस गोलेलाई आफ्नो सरकारी निवास मिन्तोकगाङमा भेटघाट तथा अन्तरक्रिया गरेका छन्।

➡ रहल पृष्ठ ७ मा

छोटा साम्दुङ उमाविमा आठदिने स्वर्ण जयन्ती कार्यक्रम शुरु

स्कूललाई गुणस्तरीय बनाउन गाउँलेहरूको सहयोग महत्त्वपूर्ण छः एमएन शेर्पा

● सरोज गुरुङ

सोरेङ, ५ अक्टोबर: सोरेङ–च्याखुङ समष्टिको छोटा साम्दुङ उच्चतर माध्यमिक विद्यालयको स्वर्ण जयन्ती कार्यक्रम शुरु भएको छ। सोमवारदेखि आरम्भ भएको आठदिने स्वर्ण जयन्ती कार्यक्रमको उद्घाटन मुख्य अतिथिका रूपमा उपस्थित विधानसभा अध्यक्ष एमएन शेर्पाले गरेका थिए। यस अवसरमा उनीसँग विधायक एवं स्वर्ण जयन्ती समारोह समितिका प्रमुख संरक्षक आदित्य गोले, जिल्ला पञ्चायतकी अध्यक्ष तिलादेवी गुरुङ, अनुसूचित जनजाति कल्याण बोर्डका अध्यक्ष पीके सुब्बा, कृषि तथा बागवानी बोर्डका अध्यक्ष सीके राणासहित अन्यको उपस्थिति रहेको थियो।

मुख्य अतिथिका रूपमा उपस्थित विधानसभा अध्यक्ष शेर्पाले आफ्नो सम्बोधनमा स्वर्ण जयन्तीको अवसरमा छोटा साम्दुङ उच्चतर माध्यमिक विद्यालय परिवारलाई शुभकामना व्यक्त गर्दै सिक्किमको विकासमा छोटा साम्दुङ स्कूलको पनि उल्लेखनीय योगदान रहेको बताए। उनले अघि भने, “छोटा साम्दुङ स्कूललाई मोडल स्कूल घोषणा गरेर सरकारले युद्धस्तरमा पूर्वाधार निर्माणको कार्य गरिरहेको छ। मोडल स्कूल निर्माण कार्य समाप्त भएपछि यो स्कूल विश्वस्तरीय हुनेछन्। स्कूललाई स्तरीय बनाउन स्थानीय गाउँलेहरूले सक्दो योगदान पुऱ्याउनुपर्छ।” अर्कोतिर अध्यक्ष शेर्पाले सिक्किमका विद्यार्थीहरूको घट्दो भर्ना दरमा पनि चिन्ता जाहेर गरे।

विधानसभा अध्यक्ष शेर्पाले भण्डारी जयन्तीको पनि शुभकामना व्यक्त गर्दै पूर्व मुख्यमन्त्री स्व. नरबहादुर भण्डारी आधुनिक सिक्किमका शिल्पकार रहेको बताउँदै भने, “भारतीय संविधानको ८औँ अनुसूचिमा नेपाली भाषा समावेश गर्न स्व. भण्डारीको अग्रणी भूमिका

➡ रहल पृष्ठ ७ मा

शिक्षक भर्तीबारे राहुल गान्धीद्वारा मुख्यमन्त्री यादवलाई पत्राचार

आन्दोलनरत् अभ्यर्थीलाई पठाएको नोटिश फिर्ता लिन माग

नयाँ दिल्ली, ५ अक्टोबर (हिस)ः लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले मध्य प्रदेशमा शिक्षक भर्तीको वर्ग–२ र वर्ग–३ अन्तर्गत पद सङ्ख्या बढ़ाउन माग गर्दै मुख्यमन्त्री मोहन यादवलाई पत्र लेखेका छन्।

उनले भर्तीमा पद सङ्ख्या बढ़ाउनुका साथै आन्दोलन गरिरहेका शिक्षक अभ्यर्थीलाई जारी गरिएका नोटिस तत्काल फिर्ता लिन, उनीहरूका प्रतिनिधिसँग संवाद गर्न र दोस्रो चरणको परामर्श प्रक्रिया चाँड़ै शुरु गर्न आग्रह गरेका छन्। मुख्यमन्त्रीलाई पठाएको पत्रमा राहुल गान्धीले सोमवार भनेका छन् कि इन्दौरमा आयोजित 'छात्रों की गूँज' कार्यक्रममा मध्य प्रदेशका शिक्षक अभ्यर्थीहरूले वर्ग–२ र वर्ग–३ को भर्तीमा पद सङ्ख्या बढ़ाउनुपर्ने विषय प्रमुखताका साथ आफू समक्ष उठाएका थिए। प्रदेशका सरकारी विद्यालयमा यसअघि नै एक लाखभन्दा बढ़ी शिक्षकका पद रिक्त छन्। शिक्षकको अभावले बालबालिकाको पढ़ाइ र शिक्षाको गुणस्तरमा प्रत्यक्ष असर परिरहेको छ। यसका बाबजुद शिक्षक भर्ती–२०२५ अन्तर्गत वर्ग–३ मा १३,०८९ र वर्ग–२ मा १०,८०० पदका लागि मात्र भर्ती प्रक्रिया अघि बढ़ाइएको छ।

राहुलले प्रदेशका युवा अभ्यर्थीहरूको माग शिक्षक भर्तीमा रिक्त पदअनुसार पद सङ्ख्या बढ़ाउनुपर्ने रहेको बताए। यसबाट सरकारी विद्यालयमा शिक्षकको अभाव हटाउन सहयोग पुग्ने र हजारौँ योग्य युवाले नियमित सरकारी रोजगारीको अवसर पाउने उनले बताए। ठूलो सङ्ख्यामा अभ्यर्थीले छनोट परीक्षामा राम्रो अङ्क हासिल गरेका छन्। तीमध्ये लामो समयदेखि अतिथि शिक्षकका रूपमा सरकारी विद्यालयमा सेवा दिँदै आएका र नियमित नियुक्तिको प्रतीक्षामा रहेका अभ्यर्थी पनि छन्। उनले भर्तीमा पद सङ्ख्या सीमित रहेकाले छनोट परीक्षामा राम्रो प्रदर्शन गरेका धैरै अभ्यर्थी पनि नियुक्तिबाट वञ्चित

भएको बताए। लामो समयदेखि भर्ती प्रक्रिया र नियुक्तिको प्रतीक्षा गरिरहेका केही अभ्यर्थी अब निर्धारित उमेर सीमाको नजिक पुगिरहेका छन्। यस्तो अवस्थामा पद सङ्ख्या बढ़ाउनु उनीहरूका लागि रोजगारीको अवसर कायम राख्न पनि महत्त्वपूर्ण रहेको राहुलले बताए। उनले मुख्यमन्त्रीलाई अभ्यर्थीका मागमाथि गम्भीरतापूर्वक विचार गर्न आग्रह गरेका छन्। राहुल गान्धीले पत्रमार्फत वर्ग–२ र वर्ग–३ शिक्षक भर्तीमा पद सङ्ख्या बढ़ाउनुका साथै दोस्रो चरणको परामर्श प्रक्रिया पनि शीघ्र शुरु गर्न माग गरेका छन्।

भर्ती प्रक्रिया अघि बढ़ाउँदा परीक्षामा सफल भएर नियुक्तिको प्रतीक्षामा रहेका अभ्यर्थीलाई राहत पुग्ने उनले बताए। साथै, यसबाट प्रदेशका सरकारी विद्यालयमा शिक्षकको अभाव हटाउन पनि सहयोग पुग्ने उनको भनाइ छ। उल्लेखनीय छ कि शिक्षक भर्ती वर्ग–२ र वर्ग–३ का अभ्यर्थीहरूले यसअघि प्रदेश संयोजक दीप्ति ठाकुरको नेतृत्वमा राहुल गान्धीलाई विस्तृत मागपत्र पठाएका थिए। त्यसमा अभ्यर्थीहरूले शिक्षा विभागमा स्वीकृत पद सङ्ख्या र हाल भइरहेको भर्तीबीचको अन्तरको विषय उठाएका थिए। अभ्यर्थीहरूको दाबीअनुसार शिक्षा विभागमा १ लाख १५ हजारभन्दा बढ़ी पद स्वीकृत भए पनि भर्ती प्रक्रियामा तुलनात्मक रूपमा कम पद समावेश गरिएको छ। अभ्यर्थीहरू आफ्ना मागलाई लिएर भोपालमा लामो समयदेखि क्रमिक आन्दोलन तथा अनिश्चितकालीन धर्नामा बसिरहेका छन्। उनीहरूका प्रमुख मागमा वर्ग–२ का प्रत्येक विषयमा ३,००० पद थप्नु तथा वर्ग–३ मा कूल पद सङ्ख्या बढ़ाएर २५,००० पुर्याउनु रहेका छन्।

राज्यसभा चुनाउअघि कोयल मल्लिक भाजपामा सामेल

कोलकाता, ५ अक्टोबर (हिस)ः राज्यसभा सदस्यका लागि मनोनयनपत्र दाखिला गर्नुअघि बङ्गाली अभिनेत्री कोयल मल्लिक सोमवार बिहान औपचारिक रूपमा भारतीय जनता पार्टी (भाजपा) मा सामेल भएकी छन्। उनले सोमवार नै आफ्नो मनोनयनपत्र दाखिला गर्नेछिन्।

भाजपाको सदस्यता ग्रहण गरेपछि कोयलले भनिन्, उच्च सदन (राज्यसभा) को सदस्य बन्ने अवसर पाएर आफूलाई धन्य महसुस गरिरहेकी छु। यो निकै ठूलो जिम्मेवारी हो। म सधैँ मानिसहरूको कल्याण र सेवाको धर्म पालना गर्दै आएकी छु। ठूलो राजनीतिक मञ्च प्राप्त भएपछि स्वाभाविक रूपमा जनसेवा गर्ने क्षमता पनि बढ्छ। मलाई उम्मेदवार बनाएकोमा प्रधानमन्त्री नरेन्द्र मोदी र शुभेन्दु अधिकारीलाई विशेष धन्यवाद दिन चाहन्छु। पश्चिम बङ्गालमा पछिल्ला केही महिनामा भएका विकास कार्यको प्रशंसा गर्दै कोयलले खुशी व्यक्त गरिन्। राज्यबाट प्रतिभा पलायन भइरहेकोप्रति चिन्ता व्यक्त गर्दै उनले भनिन्, हाम्रा युवाहरूले राम्रो शिक्षा हासिल गरेपछि रोजगारीका लागि राज्यबाहिर जान्छन् र त्यहीँ बसोबास गर्न थाल्छन्, यो देख्दा निकै दुःख लाग्छ। यदि मैले यस दिशामा केही गर्न सकेँ र उनीहरूलाई रोक्न सफल भएँ भने आफूलाई भाग्यमानी ठान्नेछु। मेरो यही कामना छ कि बङ्गाल प्रत्येक व्यक्ति सुखी र समृद्ध रहून् तथा यहाँ रोजगारीका प्रशस्त अवसर सिर्जना होऊन्। उल्लेखनीय छ, कोयल मल्लिकले यसै वर्ष अप्रेलमा तृणमूल कङ्ग्रेसकी सांसदका रूपमा शपथ लिएकी थिइन्। तर, ४ मईमा आएको विधानसभा चुनाउको परिणाममा तृणमूल कङ्ग्रेस पराजित भएपछि राज्यको राजनीतिक समीकरणमा परिवर्तन आउन थाल्यो। यसै क्रममा कोयलले १६ जुलाईमा राज्यसभामा तृणमूल कङ्ग्रेसकी सांसद पदबाट राजीनामा दिएकी थिइन्। राजीनामा दिएको केही समयपछि उनले दिल्लीका एक वरिष्ठ भाजपा नेतासँग भेट गरेको खबर समेत सार्वजनिक भएको थियो। त्यसपछि ४ अक्टोबरमा भाजपाले जारी गरेको राज्यसभा उम्मेदवारहरूको सूचीमा पश्चिम बङ्गालबाट कोयल मल्लिकलाई उम्मेदवार घोषणा गरियो।

आफ्नो पुरानो पार्टी तृणमूल कङ्ग्रेसबारे सोधिएको प्रश्नमा कोयलले कुनै नकारात्मक टिप्पणी गर्न अस्वीकार गरिन्। उनले भनिन्, दुवै दलका विचारधारा फरक छन् र प्रत्येक पार्टीले आफ्नो तरिकाले जनताको कल्याण गर्ने प्रयास गर्छ। मेरा लागि सबैभन्दा ठूलो धर्म मानवता हो। पछिल्ला केही महिनादेखि जमीनस्तरमा विकासका काम निकै राम्रो ढङ्गले भइरहेको एउटा पार्टीको हिस्सा बन्न पाएकोमा मलाई गर्व छ। भाजपामा सामेल हुनु तथा दल परिवर्तनलाई लिएर सामाजिक सञ्जालमा बनिरहेका मिम र तीखो टिप्पणीबारे कोयलले संयमित प्रतिक्रिया दिइन्। मनोविज्ञानकी विद्यार्थी समेत रहेकी कोयलले यस विषयमा भनिन्, मलाई कसैसँग कुनै गुनासो वा रिस छैन। मेरो व्यक्तिगत धारणा के हो भने अरूलाई होच्याएर वा अपमान गरेर मानसिक शान्ति पाउने मानिसहरूले आफ्नो कुनै आन्तरिक कुण्ठाका कारण यस्तो गर्छन्। यदि उनीहरू आफ्नो जीवनमा खुशी र सन्तुष्ट हुन्थे भने कहिल्यै अरूलाई अपमान गरेर आनन्द लिने थिएनन्। म उनीहरूको राम्रो मानसिक स्वास्थ्यको कामना गर्छु। म कसैका बारेमा नराम्रो बोल्ने छैन। देशको हित र सेवाका लागि काम गर्न सकूँ, त्यसका लागि तपाईहरू सबैको आशीर्वाद चाहन्छु।

भारतले निर्यात तथा लगानीका लागि धेरै महत्त्वपूर्ण निर्णय गरेको छः मोदी

नयाँ दिल्ली, ५ अक्टोबर (हिस)ः प्रधानमन्त्री नरेन्द्र मोदीले सोमवार भारतले स्विट्जरल्यान्डमा आफ्नो निर्यातका लागि बजार पहुँच विस्तार गर्न तथा दुई देशबीच लगानीलाई सहज बनाउन धेरै महत्त्वपूर्ण निर्णय गरेको बताएका छन्। यसबाट भारतका कृषि, औषधि, कपड़ा तथा इञ्जिनियरिङ उत्पादनको स्विट्जरल्यान्डमा निर्यात बढ्नेछ। साथै जैव प्रविधि, जीवन विज्ञान, ब्याङ्किङ, बिमा, खाद्य प्रशोधन तथा दिगो विकास जस्ता क्षेत्रमा स्विस लगानी आकर्षित गरिनेछ।

प्रधानमन्त्री मोदी र स्विट्जरल्यान्डका राष्ट्रपति गाइ पार्मेलिनबीच सोमवार नयाँ दिल्ली स्थित हैदराबाद हाउसमा द्विपक्षीय वार्ता भयो। वार्तापछि जारी संयुक्त वक्तव्यमा प्रधानमन्त्री मोदीले भारत र स्विट्जरल्यान्डबीचको मित्रता पुरानो रहेको र अहिले नवाचार, पूर्वाधार तथा उन्नत प्रविधि दुवै देशबीचको साझेदारीका बलिया स्तम्भका रूपमा स्थापित भएको बताए। दुवै देशले सैन्य आदान–प्रदान तथा रक्षा उत्पादन र सहयोगका नयाँ सम्भावनाहरू पहिचान गरेका छन्। साथै आणविक ऊर्जाको क्षेत्रमा सहयोगलाई थप गहिरो बनाउने सहमति पनि भएको छ।

प्रधानमन्त्रीले विज्ञान तथा प्रविधिको क्षेत्रमा पनि दुई देशबीचको सहयोग सुदृढ़ हुँदै गएको बताए। स्वास्थ्य, स्वच्छ ऊर्जा तथा अन्तरिक्ष जस्ता क्षेत्रमा नयाँ संयुक्त अनुसन्धान परियोजना शुरु गरिने उनले बताए।

भारतीय विज्ञान सम्बन्धी स्टार्टअपको क्षमता विस्तार गर्न ज्युरिख विश्वविद्यालयसँग भएको सम्झौताको स्वागत गर्दै उनले योग तथा आयुर्वेदको क्षेत्रमा सहयोग बढ़ाउने बताए।

मोदीले प्रवासन तथा गतिशीलता साझेदारी सम्झौता र युवा पेशेवर सम्झौताले भारतीय विद्यार्थी, अनुसन्धानकर्ता, पेशेवर तथा युवाहरूका लागि स्विट्जरल्यान्डमा नयाँ अवसर खोल्ने बताए। दुवै देश लोकतान्त्रिक मूल्य, कानुनी शासन, संवाद तथा कूटनीतिमा विश्वास राख्ने र विश्व शान्ति तथा स्थिरताका लागि मिलेर काम गरिरहने उनले बताए।

मोदीले गत वर्ष अक्टोबरमा आफ्नो समर्थनमा भारत र युरोपेली स्वतन्त्र व्यापार सङ्घ (ईएफटीए) का देशहरूबीच भएको ऐतिहासिक सम्झौता लागू भएको बताए। युरोपको कुनै आर्थिक समूहसँग भारतले गरेको यो पहिलो मुक्त व्यापार सम्झौता भएको उनले बताए।

उनले ७ अक्टोबरमा आफ्नो उपस्थितिमा 'भारतह्वईएफटीए व्यापार नेताहरूको समृद्धि शिखर सम्मेलन' आयोजना गरिने जानकारी दिए। यो सम्मेलन व्यापार तथा लगानी साझेदारीका सम्भावनालाई ठोस परिणाममा रूपान्तरण गर्न महत्त्वपूर्ण मञ्च बन्ने उनले बताए। मोदीले आगामी वर्ष जेनेभामा आयोजना हुने कृत्रिम बुद्धिमत्ता शिखर सम्मेलनको सफलताका लागि पनि स्विट्जरल्यान्डलाई शुभकामना दिए।

प्रधानमन्त्री मोदीले युरोपेली स्वतन्त्र व्यापार सङ्घ (ईएफटीए)ले भारतसँगको व्यापार तथा आर्थिक साझेदारी सम्झौता अन्तर्गत आगामी १५ वर्षमा १०० अरब अमेरिकी डलर लगानी गर्ने बताए। यसबाट १० लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ। यो सम्झौता लगानी, नवप्रवर्तन, रोजगारी तथा पारस्परिक समृद्धिको महत्वाकांक्षी खाका भएको उनले बताए।

मोदीले वाराणसीमा निर्माण भइरहेको रोपवे, नोएडाको जेवर विमानस्थल तथा पहाड़ी क्षेत्रमा निर्माण भइरहेका रेलमार्ग र सुरुङ परियोजनालाई भारतह्वस्विट्जरल्यान्ड पूर्वाधार सहयोगका उदाहरणका रूपमा प्रस्तुत गरे।

यातायात, आवागमन तथा पूर्वाधारका क्षेत्रमा सोमवार भएका सम्झौताले यो सहयोगलाई थप सुदृढ़ बनाउने उनले बताए। प्रधानमन्त्रीले स्विस पूर्वाधार कम्पनीहरूलाई भारतमा लगानी गर्न तथा क्षमता निर्माण, डिजाइन र उत्पादनका क्षेत्रमा सहभागी हुन आमन्त्रण गरे।

बीपीएफ नेतृत्वाधिन बीटीसी सरकारले एक वर्ष पूरा गर्‍यो, महिलारीले आगामी चार वर्षको विकासको रूपरेखा प्रस्तुत गरे

गुवाहाटी, ५ अक्टोबर (हिस)ः हग्राम महिलारीको नेतृत्वमा रहेको बोडोल्याण्ड पीपल्स फ्रन्ट (बीपीएफ) पार्टीको बोडोल्याण्ड टेरिटोरियल काउन्सिल (बीटीसी) सरकारले सोमवार आफ्नो एक वर्षको कार्यकाल पूरा गर्‍यो। यस अवसरमा बोडोफा नगरस्थित बीटीसी सचिवालयमा प्रथम वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी सदस्य हग्रामा महिलारीले भने, प्रशासनको पहिलो वर्षमा आगामी चार वर्षका विकास कार्य एवं विभिन्न पहलहरूलाई अगाडि बढ़ाउनको लागि रूपरेखा तयार गरियो। महिलारीले भने, सरकारले आफ्नो कार्यकालको रहल चार वर्षका लागि विकास सम्बन्धी प्राथमिकता तथा प्रस्तावित पहलहरूलाई लिएर रोडम्याप तयार गरेको छ। उनले बोडोल्यान्ड टेरिटोरियल क्षेत्रका जनतालाई प्रथम वार्षिकोत्सवको अवसरमा आयोजना भइरहेका विभिन्न कार्यक्रमहरूमा सहभागी हुने आह्वान गरे। उल्लेख्य, पछिल्लो वर्ष २०२५–मा बीटीसी चुनाउमा ४० मध्ये २८ वटा सीटमा जीत हासिल गरेर सरकार गठन गरिएको थियो।

ममता ब्यानर्जीको मेडिकल रिपोर्ट सार्वजनिक गरेकोमा अस्पताललाई कानुनी नोटिश

कोलकाता, ५ अक्टोबर (हिस)ः बिरामीहरूको स्वास्थ्य र उपचारसँग सम्बन्धित रिपोर्टको गोपनीयता भङ्ग गरेको मामिलाले पश्चिम बङ्गालको राजनीतिक गल्लीहरूमा नयाँ कानुनी विवाद उत्पन्न गरेको छ। पश्चिम बङ्गालकी पूर्वमुख्यमन्त्री ममता ब्यानर्जीको पाँच वर्ष पुरानो मेडिकल रिपोर्ट सार्वजनिक गरिएपछि कानुनी स्तरमा प्रश्न उठ्न थालेको छ।

कुनै बिरामीको सहमतिबिना बिरामीको गोप्य मेडिकल दस्तावेज सार्वजनिक गर्नुको औचित्यमाथि प्रश्न उठाउँदै ममता ब्यानर्जीका वकिल अर्क नागले एसएसकेएम अस्पतालका निर्देशक, मेडिकल सुप्रिटेन्डेण्ट र सम्बन्धित विभागका प्रमुखलाई कानुनी नोटिस पठाएका छन्। नोटिसमा सोधिएको छ, कुन नियम र अधिकार अन्तर्गत यो गोप्य मेडिकल रिपोर्टलाई बाहिर निकालियो अनि सार्वजनिक गरियो?

यो सम्पूर्ण मामिला वर्ष २०२१ को विधानसभा चुनाउ अवधि नन्दीग्राममा भएको घटनासँग सम्बन्धित छ। त्यसबेला नन्दीग्राम सीटबाट प्रत्याशी रहेकी तत्कालीन मुख्यमन्त्री ममता ब्यानर्जी बिरुलिया बजारको छेउमा प्रचार गर्ने क्रममा घाइते भएकी थिइन्। उनको खुट्टामा गम्भीर चोट लागेको थियो, त्यसपछि उनले चुनाउभरि व्हीलचेयरमा बसेर प्रचार गरेकी थिइन्। त्यसबेला विपक्षीले यस विषयमा तीखो राजनीतिक टिप्पणी गरेको गर्नको साथै यसमाथि पनि प्रश्न उठाएको थियो, उनको खुट्टा वास्तवमा भाँचिएको थियो कि थिएन? हालैमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले नवान्नामा पत्रकार सम्मेलन आयोजना गरी पूर्व मुख्यमन्त्रीमाथि झुटो दाबी गरेको आरोप लगाएका थिए। उनले पाँच वर्ष पुरानो मेडिकल रिपोर्ट देखाउँदै दाबी गरेका थिए, उनको खुट्टामा कुनै फ्र्याक्चर भएको छैन। यस घटनापछि बिरामीको निजताको अधिकार एवं मेडिकल काउन्सिलको नियमलाई उल्लङ्घन गरेकोमा विवाद गहिरिएको छ। ममताका वकिलले अस्पताल प्रशासनलाई पठाएका सूचनामा यस कुराको कड़ा जवाफ मागेका छन् कि अस्पतालको गोप्य रेकर्डबाट कसरी र कसको अनुमति लिएर यी कागज–पत्रहरूलाई बाहिर निकालियो।

तमिलनाडुका मदुरान्तकम र धारापुरम उपचुनाउका लागि आज मतदान

चेन्नई, ५ अक्टोबर (हिस)ः तमिलनाडुका मदुरान्तकम र धारापुरम विधानसभा क्षेत्रमा ६ अक्टोबरमा उपनिर्वाचनका लागि मतदान हुनेछ। दुवै क्षेत्रमा बिहान ७ बजीदेखि साँझ ६ बजीसम्म मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नेछन्। यसका लागि निर्वाचन आयोग र स्थानीय प्रशासनले आवश्यक तयारी पूरा गरिसकेका छन्। उपनिर्वाचनका लागि चुनावी प्रचार अभियान आइतबार साँझ ६ बजी समाप्त भएको छ।

तमिलगा वेत्रि कझगम (टीवीके) को समर्थन पाएका कम्युनिस्ट दलहरूले दुवै विधानसभा क्षेत्रमा अलग–अलग उम्मेदवार मैदानमा उतारेका छन्। यसका कारण दुवै क्षेत्रमा पाँचतर्फी प्रतिस्पर्धाको अवस्था बनेको छ।

मदुरान्तकम विधानसभा क्षेत्रमा स्वतन्त्र उम्मेदवार सहित कूल २८ जना उम्मेदवार चुनावी मैदानमा छन्। मतदानपछि मतगणना तथा परिणाम घोषणा प्रक्रिया निर्वाचन आयोगले

निर्धारण गरेको कार्यक्रमअनुसार हुनेछ। मदुरान्तकम चेङ्गलपट्टु जिल्लाको आरक्षित विधानसभा क्षेत्र हो भने धारापुरम तिरुप्पुर जिल्लाको आरक्षित विधानसभा क्षेत्र हो। दुवै क्षेत्रमा उपनिर्वाचनलाई लिएर राजनीतिक दल तथा उम्मेदवारहरूले प्रचार अभियानको अन्तिम चरणमा मतदातासम्म पुग्न पूर्ण शक्ति लगाए। प्रचार समाप्त भएपछि उम्मेदवार तथा उनीहरूका समर्थकहरू मतदान दिवसको तयारीमा जुटेका छन्।

उपनिर्वाचनलाई ध्यानमा राख्दै तमिलनाडु सरकारले ६ अक्टोबरमा मदुरान्तकम र धारापुरम विधानसभा क्षेत्रमा सार्वजनिक बिदा घोषणा गरेको छ। शासनादेश अनुसार यी विधानसभा क्षेत्र अन्तर्गत पर्ने सबै सरकारी कार्यालय, सरकारी औद्योगिक प्रतिष्ठान, सरकारको नियन्त्रणमा रहेका संस्थान तथा शैक्षिक संस्थाहरू बन्द रहनेछन्।

सरकारले यी दुवै विधानसभा क्षेत्रमा कार्यरत कर्मचारीलाई तलब सहित बिदा दिनसमेत निर्देश दिएको छ। यस बाहेक मदुरान्तकम र धारापुरम विधानसभा क्षेत्रका त्यस्ता मतदाता कर्मचारी, जो छिमेकी जिल्लामा कार्यरत छन्, उनीहरूलाई पनि ६ अक्टोबरमा तलब सहित बिदा दिने आदेश दिइएको छ। यसको उद्देश्य सम्बन्धित कर्मचारीलाई आफ्नो मतदान केन्द्रसम्म पुगेर मताधिकार प्रयोग गर्न सहज बनाउनु हो।

सरकारले जारी गरेको शासनादेशमा साल १८८१ को अधिनियमको धारा २५ को व्याख्या तथा केन्द्रिय गृह मन्त्रालयले ८ जून १९५७ मा जारी गरेको अधिसूचनाको उल्लेख गरिएको छ। यही आधारमा ६ अक्टोबरमा सार्वजनिक बिदा घोषणा गरिएको हो। यस सम्बन्धी शासनादेश १८ सेप्टेम्बरमा जारी गरिएको थियो र यसलाई तमिलनाडु सरकारको राजपत्रको विशेष प्रकाशनमा समेत प्रकाशित गरिएको छ।

उल्लेखनीय छ, दुवै विधानसभा क्षेत्रमा उपनिर्वाचनको आवश्यकता पछिल्लो विधानसभा चुनाउपछि उत्पन्न भएको हो। धारापुरम र मदुरान्तकमबाट निर्वाचित अखिल भारतीय अन्ना द्रविड मुनेत्र कझगम (अन्नाद्रमुक) का विधायकहरूले चुनाउ भएको केही समयपछि नै आफ्नो पदबाट राजीनामा दिएका थिए। त्यसपछि दुवै जना तमिलगा वेत्रि कझगम (टीवीके) मा प्रवेश गरेका थिए। विधायकहरूको राजीनामापछि दुवै विधानसभा क्षेत्र रिक्त भएका थिए र निर्वाचन आयोगले उपनिर्वाचनको मिति घोषणा गरेको थियो। अब ६ अक्टोबरमा हुने मतदानसँगै दुवै विधानसभा क्षेत्रका मतदाताले नयाँ प्रतिनिधि चयन गर्न आफ्नो मताधिकार प्रयोग गर्नेछन्। मतदानका क्रममा प्रशासनले निर्धारण गरेका नियम तथा सुरक्षा व्यवस्थाअनुसार मतदान प्रक्रिया सम्पन्न गरिनेछ।

बाँसुरी स्वराजले दीन दयाल उपाध्याय मार्गमा निःशुल्क स्वास्थ्य जाँच शिविरको उद्घाटन गरिन्

नयाँ दिल्ली, ५ अक्टोबर (हिस)ः भारतीय जनता पार्टी (भाजपा) की नयाँ दिल्ली सांसद बाँसुरी स्वराज र नेता दर्शना जरदोशले 'सेवा सङ्कल्प' अभियान अन्तर्गत सोमवार दीन दयाल उपाध्याय मार्गमा निःशुल्क स्वास्थ्य जाँच शिविरको उद्घाटन गरिन्। यस अवसरमा भाजपाकी सांसद बाँसुरी स्वराजले भनिन्, प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक जीवनमा २५ वर्ष पूरा गरेको उपलक्ष्यमा सञ्चालन भइरहेको 'सेवा सङ्कल्प' अभियान अन्तर्गत आज दिल्ली प्रदेश भाजपाले दीन दयाल उपाध्याय मार्गमा यो सेवा शिविर आयोजना गरेको थियो। बाँसुरी स्वराजले सबैलाई यहाँ आएर स्वास्थ्य जाँच शिविरको फाइदा लिन अपील गरिन्। उनले भनिन्, प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो विकास नीतिको माध्यमबाट एक विकसित भारतसँगसँगै एक स्वस्थ भारतको सपना पनि देखेका छन्, त्यसैले स्वास्थ्यलाई प्राथमिकता दिइएको हो।

उनले भनिन्, ''प्रधानमन्त्री मोदीले धेरै वटा नीतिहरू ल्याए, चाहे जन औषधि केन्द्रहरू खोल्नु होस् वा आयुष्मान भारत जस्ता स्वास्थ्य बीमा योजना होस् जुन विश्वकै सबैभन्दा ठूलो स्वास्थ्य बीमा योजना हो र जसान्तर्गत लाभार्थीहरूले पाँच लाख रुपियाँसम्म निःशुल्क उपचारको सुविधा पाउँछन्, गर्भवती आमा र बहिनीहरूको हेरचाह गर्ने मातृ वन्दना योजना होस् वा भारतमा प्रसुति बिदालाई १२ हप्तादेखि बढ़ाएर २६ हप्ता बनाउनु होस्। यी सबै नीतिहरू प्रधानमन्त्रीले ल्याएका हुन्।'' बाँसुरी स्वराजले अझ भनिन्, ''प्रधानमन्त्री मोदीले सबैभन्दा लामो समयसम्म जन प्रतिनिधिको रूपमा 'माँ भारती'को सेवा गरेका छन्।''

स्विस राष्ट्रपतिसँग भेटपछि प्रधानमन्त्री मोदीले भने,

विश्व शान्तिमा संस्थागत सुधार आवश्यक

नयाँ दिल्ली, ५ अक्टोबरः भारतको तीनदिने राजकीय भ्रमणमा आएका स्विट्जरल्यान्डका राष्ट्रपति गाइ पार्मेलिनलाई राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले सोमवार बिहान राष्ट्रपति भवनमा हार्दिक स्वागत गरेका छन्। यस अवसरमा उनलाई तीनै सेनाको संयुक्त 'गार्ड अफ अनर' दिइयो। विदेश मन्त्रालय अनुसार, प्रधानमन्त्री मोदीको निमन्त्रणामा उच्चस्तरीय प्रतिनिधिमण्डल सहित नयाँ दिल्ली आएका राष्ट्रपति गाइ पार्मेलिनलाई विमानस्थलमा केन्द्रिय राज्यमन्त्री अजय टम्टाले स्वागत गरे। विमानस्थलमा उनलाई औपचारिक 'स्टेटिक गार्ड' सम्मान समेत दिइयो। औपचारिक स्वागतपछि राष्ट्रपति पार्मेलिनले आफ्नो भ्रमण दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन र आगामी प्रगतिका लागि अत्यन्त महत्त्वपूर्ण कदम भएको बताएका छन्। भारत र युरोपेली स्वतन्त्र व्यापार सङ्घ (ईएफटीए) बीच भएको ऐतिहासिक व्यापार सम्झौताको पहिलो वार्षिकोत्सवको अवसरमा उनको भारत भ्रमण भइरहेको हो। वार्ताका क्रममा दुवै देशका शीर्ष नेताहरूले द्विपक्षीय व्यापार, लगानी, विज्ञान, नवप्रवर्तन तथा प्रमुख विश्वव्यापी मुद्दामा भएको प्रगतिको समीक्षा गर्नेछन्। भ्रमणको दोस्रो दिन मङ्गलवार स्विट्जरल्यान्डका राष्ट्रपति नोएडा अन्तरराष्ट्रिय विमानस्थल (जेवर) को भ्रमण गर्नेछन्। उक्त विमानस्थलको विकासमा स्विट्जरल्यान्डका कम्पनी तथा प्रविधिको महत्त्वपूर्ण सहभागिता रहेको छ। यस भ्रमण मार्फत दुवै

देशबीच पूर्वाधार तथा आधुनिक प्रविधिको क्षेत्रमा रहेको साझेदारीलाई थप सुदृढ बनाउनेमा जोड दिइनेछ। विदेश मन्त्रालय अनुसार, औपचारिक स्वागतले भारत र स्विट्जरल्यान्डबीचको आत्मीयता तथा लामो समयदेखि कायम रहेको मित्रतालाई प्रतिबिम्बित गर्दछ।

यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सोमवार भारत र स्विट्जरल्याण्ड लोकतान्त्रिक मूल्य, कानुनको शासन, संवाद र कूटनीतिप्रति प्रतिबद्ध रहेको बताएका छन्। उनले दुवै देशले विश्व शान्ति र स्थिरतालाई बढावा दिन आफ्नो सहयोग जारी राख्ने बताए। नयाँ दिल्लीस्थित हैदराबाद हाउसमा स्विट्जरल्याण्डका राष्ट्रपति गाइ पार्मेलिनसँग वार्तापछि संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले बढ्दो अन्तर्राष्ट्रिय चुनौतीको सामना गर्न विश्वव्यापी संस्थाहरूमा सुधार आवश्यक रहेकोमा दुवै देश सहमत रहेको बताए।

प्रधानमन्त्री मोदीले भने, भारत र स्विट्जरल्याण्ड दुवै लोकतान्त्रिक मूल्य, कानुनको शासन, संवाद र कूटनीतिमा विश्वास गर्छन्। हामी विश्व शान्ति र स्थिरताका लागि मिलेर काम जारी राख्नेछौँ। चाहे युक्रेन होस् वा पश्चिम एसिया, भारतले शान्तिको दिशामा भएका हरेक सार्थक प्रयासलाई निरन्तर समर्थन गरेको छ। बढ्दो विश्वव्यापी चुनौतीको सामना गर्न विश्वव्यापी संस्थाहरूमा सुधार आवश्यक छ भन्ने कुरामा पनि हामी सहमत छौँ।ङ्गङ्गस्विस राष्ट्रपतिको न्यानो स्वागत गर्दै प्रधानमन्त्रीले भने, स्विट्जरल्याण्डका राष्ट्रपतिको स्वागत गर्न पाउँदा मलाई निकै खुशी लागेको छ।

भारत–स्विट्जरल्याण्ड सम्बन्धप्रति उहाँको प्रतिबद्धताको म प्रशंसा गर्छु। गत वर्ष अक्टोबरमा उहाँको व्यक्तिगत सहयोगमा हामीले युरोपेली स्वतन्त्र व्यापार सङ्घका देशहरूसँग ऐतिहासिक व्यापार तथा आर्थिक साझेदारी सम्झौतामा हस्ताक्षर गरेका थियौँ। यो कुनै युरोपेली आर्थिक समूहसँग भारतले गरेको पहिलो स्वतन्त्र व्यापार सम्झौता हो। यो लगानी, नवप्रवर्तन, रोजगारी र पारस्परिक समृद्धिको महत्वाकाङ्क्षी खाका पनि हो। यसअन्तर्गत आगामी १५ वर्षमा भारतमा १०० अर्ब अमेरिकी डलरको लगानी भित्र्याउने र १० लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको छ।

द्विपक्षीय सम्बन्ध शताब्दीयौँ पुरानो रहेको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले १९औं शताब्दीमा स्वामी विवेकानन्दले स्विट्जरल्याण्डका आल्प्स पर्वत र हिमालयबीच समानता देखेको तथा महात्मा गान्धीले पनि स्विट्जरल्याण्डमा समय बिताएको बताए। यी ऐतिहासिक स्मृतिले वर्तमान सम्बन्धलाई अझ जीवन्त बनाएको उनको भनाइ थियो। प्रधानमन्त्रीले भने, आज नवप्रवर्तन, पूर्वाधार र उन्नत प्रविधि हाम्रो मित्रताका बलिया आधार बनेका छन्। आजको शिखर वार्तासँगै हामी आफ्नो साझेदारीलाई नयाँ गति र उचाइ दिन गइरहेका छौँ। प्रधानमन्त्री मोदीले आफू र राष्ट्रपति पार्मेलिनले सैन्य आदानप्रदान, रक्षा उत्पादन तथा सहयोगका नयाँ बाटो खोज्नुका साथै आणविक ऊर्जा क्षेत्रमा संयुक्त प्रयास विस्तार गर्ने विषयमा पनि सहमति जनाएको बताए।

उनले स्विट्जरल्याण्डमा भारतीय निर्यातका लागि बजारमा पहुँच बढाउन र दुवै देशबीच लगानीलाई थप सहज बनाउन महत्वपूर्ण निर्णयहरू गरिएको बताए। यसबाट स्विट्जरल्याण्डमा भारतका कृषि, औषधि, कपडा र इन्जिनियरिङ उत्पादनको निर्यात बढ्नेछ। साथै भारतका जैवप्रविधि, जीवन विज्ञान, ब्याङ्किङ, बीमा, खाद्य प्रशोधन र दिगोपनाजस्ता महत्वपूर्ण क्षेत्रमा नयाँ स्विस लगानी आकर्षित गरिने उनले बताए। पारस्परिक सम्बन्धलाई द्विपक्षीय सम्बन्धको मुख्य शक्ति बताउँदै प्रधानमन्त्री मोदीले आज हस्ताक्षर गरिएका आप्रवासन तथा आवागमन साझेदारी सम्झौता र युवा व्यावसायिक सम्झौताले स्विट्जरल्याण्डमा भारतीय विद्यार्थी, अनुसन्धानकर्ता, व्यावसायिक व्यक्ति तथा युवाका लागि धेरै नयाँ अवसर खोल्ने बताए।

सर्वोच्च न्यायालयको नोटिशपछि राहुल गान्धीद्वारा ज्ञनेश कुमारको आलोचना

नयाँ दिल्ली, ५ अक्टोबरः मतदाता सूचीको 'विशेष गहन पुनरीक्षण' (एसआईआर) लाई लिएर विवाद भइरहेका बेला सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई नोटिस जारी गरेपछि लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले सोमवार मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारविरुद्ध आफ्नो रुख थप कडा बनाएका छन्। उनले मुख्य निर्वाचन आयुक्त र आफूले लोकतन्त्रमाथिको आपराधिक आक्रमण भनेको घटनामा संलग्न अन्य सबैलाई त्यसका लागि जिम्मेवार ठहर गरिने बताएका छन्।

उत्तर प्रदेशको रायबरेलीबाट लोकसभा सांसद गान्धीले ज्ञानेश कुमार भारतीय जनता पार्टीको निर्देशनमा आफ्नो पदको दुरुपयोग गरिरहेको आरोप लगाए। उनले निर्वाचन आयोगका प्रमुखले जानाजानी र गैरकानुनी रूपमा 'फाराम–६' मा परिवर्तन गरेको आरोप लगाउँदै यसलाई स्थापित तथ्य भएको बताए। कङ्ग्रेसका पूर्वअध्यक्षले सामाजिक सञ्जाल 'एक्स' मा लेखेका छन्, अब कुनै शङ्का नरहने गरी प्रमाणित भइसकेको छ कि ज्ञानेश कुमारले गैरकानुनी र एकतर्फी रूपमा 'फाराम–६' मा परिवर्तन गरेका छन्। यो भारतीय जनता पार्टीलाई सहयोग गर्न उनले आफ्नो पदको दुरुपयोग गरेको अर्को प्रमाण हो। उनलाई र हाम्रो लोकतन्त्रमाथि भएको यस आपराधिक आक्रमणमा संलग्न सबैलाई जवाफदेही बनाइनेछ।

गान्धीको यो टिप्पणी सर्वोच्च न्यायालयले निर्वाचन आयोग र केन्द्र सरकारलाई एउटा याचिकामा नोटिस जारी गरेपछि आएको हो। उक्त याचिकामा ज्ञानेश कुमारका निर्णयलाई चुनौती दिइएको थियो। उनले अन्य दुई निर्वाचन आयुक्त–सुखबीर सिंह सन्धु र विवेक जोशी–को स्वीकृतिबिना यी निर्णयहरू लिएको आरोप लगाइएको छ। निर्वाचन आयोग र केन्द्र सरकारलाई जवाफ दिन एक साताको समय दिइएको थियो। यो नोटिस तीन सदस्यीय इजलासले जारी गरेको थियो, जसमा भारतका प्रधानन्यायाधीश सूर्यकान्त तथा न्यायाधीश जोयमाल्य बागची र वी. मोहना रहेका छन्।

भारत र आर्मेनिया आफ्नो रक्षा साझेदारीलाई सुदृढ बनाउँदै

नयाँ दिल्ली, ५ अक्टोबरः भारत र आर्मेनियाले आफ्नो रक्षा साझेदारीलाई सुदृढ बनाउँदै छन्। गत १६ र १७ अगस्तमा भारतका रक्षा सचिव राजेश कुमार सिंहको येरेभान भ्रमणका क्रममा, दुवै पक्षले रक्षा उद्योगमा अनुसन्धान, विकास, नवीनता र संयुक्त उत्पादनसम्बन्धी सहयोगका लागि समझदारी पत्रमा हस्ताक्षर गरे।

रक्षा सहयोगको सुरुवात मार्च २०२० मा करिब ३५ मिलियन युरो मूल्यको चा वटा 'स्वाथी' आर्टिलरी रेकनाइसेन्स राडार (तोपखानाको स्थिति पत्ता लगाउने राडार) खरिद सम्झौतासँगै भएको थियो। यसरी आर्मेनिया यो भारतीय प्रणालीको पहिलो विदेशी ग्राहक बन्यो, जसमा भारतले रुसी र पोलिश आपूर्तिकर्ताहरूलाई पछि पारेको थियो। यद्यपि, यस क्षेत्रमा थप विकासका लागि वास्तविक उत्प्रेरक भने सन् २०२० को ४४ दिने नागोर्नो–काराबाख युद्ध र त्यसपछि रुससँग आर्मेनियाको बढ्दो दूरी थियो (नागोर्नो–काराबाख विश्लेषण: ड्रोनको प्रकोप)।

रुसको संयमित भूमिका

युद्धको समयमा, आर्मेनियाले सामूहिक सुरक्षा सन्धि सङ्गठन को धारा ४ लाई औपचारिक रूपमा प्रयोग गरेन; किनभने शत्रुतापूर्ण गतिविधिहरू नागोर्नो–काराबाख र त्यसको वरपरका क्षेत्रमा भएका थिए, जुन अन्तर्राष्ट्रिय रूपमा अजरबैजानको भूभागका रूपमा मान्यता प्राप्त छ। रुसी राष्ट्रपति पुटिनले ७ अक्टोबर २०२० मा बताएका थिए कि लडाइँ आर्मेनियाको भूभागमा भइरहेको थिएन। क्रेमलिनका प्रवक्ता पेस्कोभले स्पष्ट पारेका थिए कि सीएसटीओको दायित्व नागोर्नो–काराबाखसम्म लागू हुँदैन। युद्धको अन्त्य ९–१० नोभेम्बरको त्रिपक्षीय घोषणा र रुसी शान्ति सेनाको तैनाथीसँगै भयो।

त्यसपछिका वर्षहरूमा, यो स्पष्ट भयो कि उही घटनाक्रम दोहोरिँदै थियो। सन् २०२१ को मे महिनामा अजरबैजानी सेनाले स्युनिक क्षेत्रमा गरेको प्रवेशको विरोधमा सीएसटीओको परामर्श संयन्त्र प्रयोग गर्दा पनि कुनै प्रतिक्रिया नआउनु; सन् २०२२ को सेप्टेम्बरमा आर्मेनियाको मान्यताप्राप्त भूभागमा अजरबैजानले आक्रमण गर्दा धारा ४ सक्रिय पारिए पनि कुनै सहयोग नपाउनु; सन् २०२२ को नोभेम्बरमा येरेभान शिखर सम्मेलनको घोषणापत्रमा हस्ताक्षर गर्न आर्मेनियाले अस्वीकार गर्नु; सन् २०२४ को फेब्रुअरीमा सीएसटीओ सदस्यता निलम्बन हुनु र जुन २०२४ मा सङ्गठनबाट बाहिरिने घोषणा गरिनु– यी सबै घटनाक्रमहरू यसमा समावेश छन्। यसका साथै, सन् २०२३ को नोभेम्बरमा आर्मेनियाली प्रधानमन्त्री निकोल पाशिन्यानले अग्रिम भुक्तानी गरिएका रुसी हतियारहरू प्राप्त नभएको कुरा पुष्टि गर्नुले पनि यसमा भूमिका खेलेको छ। यी घटनाक्रमहरू नै आर्मेनियाले आफ्नो हतियार खरिदको स्रोत भारततर्फ मोड्नुपछाडिका मुख्य कारणहरू हुन्।

आर्मेनियाले 'पिनाका' मल्टिपल रकेट लन्चर, 'कोन्कुर्स' एन्टी–ट्याङ्क मिसाइल, गोलाबारुद र ड्रोन प्रतिरक्षा प्रणालीका साथै सन् २०२३ मा पहिलो पटक 'एटाग्स' होविट्जरहरू खरिद गर्ने निर्णय गर्यो। आर्मेनिया करिब ६२ करोड (६२० मिलियन) युरो मूल्यका १५ वटा भारतीय 'आकाश' हवाई प्रतिरक्षा प्रणाली अर्डर गर्ने पहिलो विदेशी ग्राहक पनि बन्यो। समग्रमा, यी सम्झौताहरूको कुल मूल्य करिब १.७ अर्ब युरो बराबर थियो। यसरी आर्मेनिया भारतको सबैभन्दा ठूलो रक्षा सामग्री खरिदकर्ता बन्न पुग्यो।

हालै हस्ताक्षर गरिएको यस सम्झौतामा संयुक्त अनुसन्धान, विकास र नवीनता कार्यक्रमहरू; रक्षा प्रविधि क्षेत्रका स्टार्टअप र इन्क्युबेटरहरूलाई सहयोग; तथा विज्ञहरूको आदान–प्रदानजस्ता प्रावधानहरू समावेश छन्। राजेश कुमार सिंहले आर्मेनियाका रक्षामन्त्री सुरेन पापिक्यान र जनरल स्टाफका प्रमुख एडवर्ड असरजानसँग भेटघाट गर्नुका साथै सैन्य एकेडेमी र भारतको सहयोगमा स्थापना गरिएको आइटी प्रयोगशालाको पनि अवलोकन गरे। उनले बताएअनुसार, नयाँ दिल्लीले यस सम्बन्धलाई केवल खरिदकर्ता र बिक्रेताबीचको सम्बन्धका रूपमा मात्र नभई संयुक्त उत्पादन र अनुसन्धानमा केन्द्रित दीर्घकालीन साझेदारीका रूपमा हेर्छ। हाल मर्मत सम्भार सम्झौता र थप उपकरणहरूबारे वार्ता भइरहेको छ।

विभिन्न रिपोर्टहरूका अनुसार,'प्रलय' रणनीतिक सतह–देखि–सतह मिसाइलको मूल्यसम्बन्धी वार्ताका साथै 'अस्त्र' हावा–देखि–हावा मिसाइल र सु–३०एसएमको स्तरोन्नतिबारे पनि छलफल भइरहेको छ। यद्यपि, यीमध्ये कुनै पनि कुराको आधिकारिक पुष्टि भने भइसकेको छैन। हतियार निर्यातकर्ताका रूपमा अघि बढिरहेको भारतका लागि आर्मेनिया एक प्रमुख ग्राहक हो भने, रुसमाथिको निर्भरता घटाउने र आफ्ना स्रोतहरूमा विविधता ल्याउने प्रयासमा भारत आर्मेनियाका लागि एक महत्त्वपूर्ण साझेदार हो।

भारतीय हतियार निर्यातमा उच्च वृद्धि

आर्थिक वर्ष २०२५/२६ मा भारतको हतियार निर्यात ३.५६ अर्ब युरोको कीर्तिमानी स्तरमा पुग्यो। आर्थिक वर्ष २०२४/२५ मा कुल निर्यात २.३९ अर्ब युरो रहेको तुलनामा यो करिब ६३ प्रतिशतको वृद्धि हो। यसका प्रमुख ग्राहकहरूमा अमेरिका, फ्रान्स, मालदिभ्स, मौरिसस, सेसेल्स र आर्मेनिया पर्दछन्। भारतीय सरकारका अनुसार, भारतीय रक्षा सामग्री निर्यात गर्ने १४५ कम्पनीहरूले हाल ८० भन्दा बढी देशहरूमा आपूर्ति गरिरहेका छन्। प्रमुख परम्परागत हतियारसम्बन्धी सिप्रीको तथ्याङ्कले भारतबाट कम्तीमा २३ देशहरूमा हतियार आपूर्ति भएको देखाउँछ।

सबैभन्दा बढी बिक्री भएको र भारतको निर्यात अभियानको मुख्य आकर्षण बनेको प्रणाली 'ब्रह्मोस' सुपरसोनिक क्रुज मिसाइल हो। सन् २०२५ मा पाकिस्तानभित्रका लक्ष्यहरू विरुद्ध गरिएको 'अपरेसन सिन्दुर' का क्रममा यसको सफल प्रयोग र यसले हासिल गरेको अभूतपूर्व सफलताले अन्तर्राष्ट्रिय चासो अझ बढाएको छ (अपरेसन सिन्दुर २ पाकिस्तानी आधारहरूमाथि ठूलो स्तरको आक्रमण)। फिलिपिन्स, भियतनाम र इन्डोनेसियामा यसका धेरै 'ब्याट्री' (लन्चर समूह) हरू आपूर्ति गरिएका थिए। यी तीन वटा अर्डरको मूल्य मात्रै एक अर्ब युरोभन्दा बढी हुने अनुमान गरिएको छ।

यसमा विभिन्न प्रणाली तथा मोर्टारहरू, राडार, तीव्र गतिको गस्ती डुङ्गा र सुरक्षा जहाजहरू, 'ध्रुव' हल्का बहुउद्देश्यीय हेलिकप्टर, साथै मोरक्कोका लागि 'ह्वाप ८ह्न८' जस्ता सुरक्षित पाङ्ग्रा तथा ट्र्याक भएका सवारी साधन, बख्तरबन्द गाडी, इलेक्ट्रोनिक युद्ध प्रणाली र बडी आर्मर (शरीरको सुरक्षा गर्ने कवच) समावेश छन्। हाल एसिया–प्रशान्त क्षेत्रमा विशेष ध्यान केन्द्रित गरिएको छ।

उच्च न्यायालयले २०२० को हिंसाको एसआईटीबाट अनुसन्धान गर्न माग गरिएको याचिका खारेज गर्‍यो

नयाँ दिल्ली, ५ अक्टोबर (हिस): दिल्ली उच्च न्यायालयले साल २०२० मा उत्तरपूर्वी दिल्लीमा भएको हिंसाको विशेष अनुसन्धान टोली (एसआईटी) मार्फत अनुसन्धान गर्न माग गरिएको याचिका खारेज गरेको छ। न्यायमूर्ति विवेक चौधरीको अध्यक्षतामा रहेको बेञ्चले याचिका खारेज गर्ने आदेश दिएको हो।

उच्च न्यायालयमा यस विषयमा दुई वटा याचिका दायर गरिएका थिए। एउटा याचिका शेख मुज्तबाले र अर्को 'लयर्स भ्वाइस'ले दायर गरेका थिए। शेख मुज्तबाले भाजपा नेता कपिल मिश्रा, अनुराग ठाकुर, प्रवेश वर्मा र अभय वर्माविरुद्ध प्राथमिकी दर्ता गरी अनुसन्धान गर्न माग गरेका थिए। उनले दिल्ली पुलिसले समेत दङ्गा भड्काउन सहयोग गरेको आरोप लगाउँदै दिल्ली पुलिसविरुद्ध भने एउटा पनि प्राथमिकी दर्ता नगरिएको दाबी गरेका थिए। 'लयर्स भ्वाइस'का तर्फबाट राहुल गान्धी, सोनिया गान्धी, मनीष सिसोदिया र असदुद्दीन ओवैसीविरुद्ध प्राथमिकी दर्ता गर्न माग गरिएको थियो। दिल्ली पुलिसले एसआईटी गठन गर्ने मागको विरोध गर्दै आफ्नो अनुसन्धान निष्पक्ष, इमानदार तथा सबै दृष्टिकोणबाट पूर्ण रहेको अदालतलाई बताएको थियो। दिल्ली पुलिसले याचिकाकर्ताहरूले लगाएका आरोप पूर्ण रूपमा आधारहीन तथा प्रेरित रहेको जनाएको थियो।

सबै प्राथमिकीमाथि अपराध प्रक्रिया संहिताका प्रावधानअनुसार अनुसन्धान भइरहेको भन्दै पुलिसले यी मुद्दाहरू एसआईटीलाई सुम्पिनुको कुनै औचित्य नरहेको तर्क गरेको थियो।

उल्लेखनीय छ, १२ मार्च २०२० मा उच्च न्यायालयले दिल्ली सरकार, दिल्ली पुलिस सहित ती नेताहरूलाई नोटिस जारी गरेको थियो, जसविरुद्ध घृणास्पद भाषणसम्बन्धी मुद्दामा प्राथमिकी दर्ता गर्न माग गरियो। याचिकाहरूमा ती नेताहरू विरुद्ध शीघ्र प्राथमिकी दर्ता गर्न माग गरिएको थियो।

सीईसी विवादबीच प्रधानन्यायाधीश सूर्यकान्तको महत्त्पूर्ण टिप्पणी

'नयाँ फाराम ६ हामीले स्वीकृत गरेका होइनौँ'

नयाँ दिल्ली, ५ अक्टोबरः सर्वोच्च न्यायालयले सोमवार नयाँ मतदातालाई दर्ता गर्न निर्वाचन आयोगले प्रयोग गर्ने कुनै पनि परिमार्जित फाराम–६ लाई आफूहरूले स्वीकृति नदिएको स्पष्ट पारेको छ। न्यायालयको यो टिप्पणी सन् २०२५ मा उक्त फाराममा थपिएको एउटा अनुसूची (अतिरिक्त दस्तावेज) लाई लिएर उत्पन्न विवादका सन्दर्भमा आएको हो। रोचक कुरा के छ भने, यस विवादबारे २८ सेप्टेम्बरमा जारी गरेको एक विज्ञप्तिमा निर्वाचन आयोगले 'फाराम–६' सँग संलग्न घोषणापत्रलाई सर्वोच्च न्यायालयले सही ठहर गरेको दाबी गरेको थियो।

तर भारतका प्रधानन्यायाधीश सूर्यकान्तले न्यायालयको अभिलेख जाँच गरेर उक्त परिवर्तन कसले गरेको हो भन्ने पत्ता लगाउन चाहेको बताए। उनले भने, संशोधित फाराम–६ लाई हामीले स्वीकृति दिएका होइनौँ, यो कुरा बिल्कुल स्पष्ट हुनुपर्छ। उनले अभिलेख पेस भएपछि फाराम–६ मा परिवर्तन कसले गरेको हो भन्ने हेर्न चाहेको बताए। यद्यपि सर्वोच्च न्यायालयले ज्ञानेश कुमारलाई निलम्बन गर्न कुनै अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ। उनीमाथि अन्य दुई निर्वाचन आयुक्तको सहमतिबिना एकतर्फी निर्णय गरेको आरोप लागेको थियो।

इजलासले जवाफ प्राप्त नभएसम्म निर्वाचन आयोगका निर्णयहरू कानुनअनुसार नै भएका हुन् भन्ने आधारमा अघि बढ्ने बतायो। प्रधानन्यायाधीश सूर्यकान्तले भने, प्रतिवेदन सही हुन सक्छ वा गलत पनि हुन सक्छ, तर त्यसकै आधारमा हामी कुनै आदेश जारी गर्न सक्दैनौँ। हामीले उहाँहरूको जवाफ पर्खनुपर्नेछ। यस विवादको मुख्य कारण अनलाइन दर्ता प्रक्रियामा थपिएको एउटा घोषणा हो। यसअन्तर्गत नयाँ मतदाताले विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाका क्रममा आफू, आफ्ना आमाबुबा वा हजुरबा–हजुरआमालाई अघिल्लो मतदाता सूचीसँग जोड्ने जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ।

इण्डियन एक्सप्रेसको एउटा प्रतिवेदनमा निर्वाचन आयुक्त सुखबीर सिंह सन्धु र विवेक जोशीले यस अतिरिक्त आवश्यकताप्रति आपत्ति जनाएको उल्लेख भएपछि विवाद थप चर्किएको थियो। प्रतिवेदनअनुसार उनीहरूको चिन्ता फाराम–६ 'निर्वाचक दर्ता नियमावली, १९६०' अन्तर्गत तोकिएको कानुनी फाराम भएकाले नियममा औपचारिक परिवर्तन नगरी यसमा प्रभावकारी परिवर्तन गर्न नसकिने भन्ने थियो।

यस विवादको सुरुआत निर्वाचन आयोगको जुन २०२५ को एसआईआर आदेशबाट भएको थियो। उक्त आदेशमा पुनरीक्षण प्रक्रियाका क्रममा नयाँ दर्ताका लागि फाराम–६ सँगै एउटा अतिरिक्त घोषणा, जसलाई 'अनुसूची डी' भनिएको थियो, आवश्यक हुने उल्लेख गरिएको थियो। यद्यपि अहिले जाँच भइरहेको आवश्यकता पछि अनलाइन 'फाराम–६' प्रक्रियामा समावेश गरिएको थियो। जुलाई २०२६ मा शुरु गरिएको उक्त प्रक्रियामा आवेदकहरूलाई आफू, आफ्ना आमाबुबा वा हजुरबा–हजुरआमालाई अघिल्लो एसआईआर मतदाता सूचीसँग जोड्ने जानकारी दिन भनिएको थियो। यो समय त्यसकारण महत्वपूर्ण बनेको हो कि उक्त अनलाइन व्यवस्था बिहारको एसआईआरबारे सर्वोच्च न्यायालयले २७ मेमा फैसला दिएको केही सातापछि लागू गरिएको थियो। निर्वाचन आयोगले भने 'फाराम–६' मा कुनै परिवर्तन नगरिएको र एसआईआरसँग सम्बन्धित घोषणापत्र एउटा अतिरिक्त आवश्यकता मात्र भएको दाबी गरेको छ।

सेप्टेम्बरमा जारी गरेको आफ्नो विज्ञप्तिमा निर्वाचन आयोगले सर्वोच्च न्यायालयले उक्त घोषणालाई सही ठहर गरेको र 'निर्वाचक दर्ता नियमावली, १९६०' अन्तर्गत तोकिएको फाराम गैर–एसआईआर अवधिमा पनि लागू हुने बताएको थियो।

यस अधि न्यायालयले के भनेको थियो?

२७ मईको आफ्नो फैसलामा सर्वोच्च न्यायालयले बिहारमा एसआईआर (विशेष पुनरीक्षण अभ्यास) सञ्चालन गर्ने निर्वाचन आयोगको अधिकारलाई सही ठहर गर्दै यस प्रक्रियाका लागि तोकिएको कागजातसम्बन्धी व्यवस्थाको समीक्षा गरेको थियो।

न्यायालयले एसआईआरका लागि 'फाराम–६' लाई अनिवार्य रूपमा शब्दशः अर्थात् जसरी लेखिएको छ, त्यसरी नै लागू गर्न नसकिने बताउँदै निर्वाचन आयोगसँग यस्तो प्रक्रियाका लागि उपयुक्त कागजातसम्बन्धी व्यवस्था तयार गर्ने केही अधिकार बाँकी रहेको जनाएको थियो।

यद्यपि न्यायालयले उक्त अधिकार असीमित नभएको स्पष्ट गर्दै कानुनी व्यवस्थामा गरिने कुनै पनि परिवर्तनको एसआईआरको उद्देश्यसँग तार्किक सम्बन्ध हुनुपर्ने बताएको थियो।

नेतान्याहुद्वारा क्याप्टेन मच्छरको प्रशंसा

नयाँ दिल्ली, ५ अक्टोबरः इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले शनिवार (स्थानीय समय अनुसार) भारतीय पाइलट क्याप्टेन स्मित मच्छरसँग कुराकानी गरेका छन्। मच्छरले सेप्टेम्बर ३० मा दुबईबाट तेल अभिभका लागि उडेको फ्लाईदुबईको उडान १०७३ मा ओमानका सह–पाइलटबाट आक्रमण हुँदा असाधारण साहस प्रदर्शन गर्दै धेरैको ज्यान बचाउन मद्दत गरेका थिए। नेतान्याहुले ककपिटभित्र भएको उक्त सङ्घर्षका क्रममा उनले देखाएको साहस र संयमताको प्रशंसा गरे।कुराकानीका क्रममा नेतान्याहुले क्याप्टेन मच्छर र आफ्ना प्रिय मित्र प्रधानमन्त्री नरेन्द्र मोदीलाई इजरायलको आगामी स्वतन्त्रता दिवसमा उत्सवको ज्योति प्रज्वलन गर्न निम्तो दिएका छन्। उनले भारतीय पाइलटलाई भारत र इजरायलका वीर जनताका सच्चा नायक तथा सम्पूर्ण विश्वकै नायक को संज्ञा दिए।

म तपाईंलाई र मेरा प्रिय मित्र प्रधानमन्त्री नरेन्द्र मोदीलाई हाम्रो आगामी स्वतन्त्रता दिवसमा उत्सवको ज्योति प्रज्वलन गर्न निम्तो दिन चाहन्छु। तपाईं भारत र इजरायलका वीर जनताका सच्चा नायक हुनुहुन्छ र तपाईं सम्पूर्ण विश्वकै नायक हुनुहुन्छ। म तपाईंको शीघ्र र पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु, प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले टेलिफोन वार्ताका क्रममा भने।

वर्ष-२०; अङ्क-२७१; वि.सं. २०८३, असोज २० गते; गान्तोक, मङ्गलवार, ६ अक्टोबर, २०२६

भविष्य तिनीहरूको पक्षमा हुन्छ, जसले आफ्नो सपनाको सुन्दरतामा विश्वास गर्दछन्।

❑ इलेनोर रूजवेल्ट

सम्पादकीय

विद्यार्थीहरूका लागि वित्तीय प्रबन्धन शिक्षा जरुरी

भारतीय विद्यार्थीहरूलाई वित्तीय साक्षरतामा शिक्षित गर्नु आजको एक जरुरी आवश्यकता बनेको छ। जब विद्यार्थीहरूले साने उमेरमा पैसा प्रबन्धनको बारेमा सिक्छन्, तब तिनीहरू भविष्यमा राम्रो वित्तीय निर्णय लिनाका लागि राम्रोसँग सुसज्जित हुन सक्छन्। वित्तीय साक्षरता र वित्तीय प्रबन्धन सिक्नाले कलेजका विद्यार्थीहरूलाई मात्र नभई वरिष्ठ विद्यालयका विद्यार्थीहरूलाई पनि बजेट बनाउने, बचत गर्ने र व्यर्थ खर्चबाट बच्न सिक्न मद्दत गर्छ। यसले ऋण (जस्तै शिक्षा ऋण), क्रेडिट कार्ड र ऋणको पासोबाट कसरी बच्ने भन्ने बुझाइ विकास गर्न मद्दत गर्छ। यसले लगानीको बारेमा उनीहरूको बुझाइलाई पनि विकसित गरेर ल्याँउछ। विद्यार्थीहरूलाई वित्तीय प्रबन्धन सिकाउनु अहिले अझ महत्त्वपूर्ण बनेको छ। बचत, बजेट, लगानी र जिम्मेवार खर्चको परिचय गराएर उनीहरूलाई महत्त्वपूर्ण जीवन कौशल प्रदान गर्न सकिन्छ। किनभने वर्तमान समय मानव जीवनका लागि अहिलेसम्मकै सबैभन्दा चुनौतीपूर्ण समय बनेको छ।

देशभरका उच्च शिक्षा संस्थानहरूमा वित्तीय साक्षरता शिक्षालाई अधिक ध्यान दिन आवश्यक छ। कलेजबाट कर्पोरेट जीवनमा रूपान्तरण वा आफ्नै स्टार्ट-अप शुरु गर्नु युवा व्यक्तिको जीवनका सबैभन्दा महत्त्वपूर्ण कोसेढुङ्गाहरूमध्ये एक हो। आफ्नो पहिलो आम्दानी कमाउनु वा प्राप्त गर्नुले उत्साह, स्वतन्त्रता र नयाँ जिम्मेवारी लिएर आउँछ। यद्यपि, यसले केही व्यावहारिक प्रश्नहरू पनि उठाउँछ। कति पैसा बचत गर्नुपर्छ? खर्च कसरी योजना गर्नुपर्छ? के बीमा आवश्यक छ? खर्च, बचत र लगानीमा के भिन्नता छ? के विश्वविद्यालयहरूले यो शिक्षालाई प्रवर्द्धन गर्न प्रयास गरिरहेका छन्?

वित्तीय साक्षरता केवल वित्तीय पेशेवरहरूको लागि आरक्षित विशेष कौशल होइन। यो सबैका लागि आवश्यक छ। यो एक व्यावहारिक जीवन कौशल हो जसले मानिसहरूलाई कमाउने, खर्च गर्ने, बचत गर्ने, ऋण लिने, सुरक्षा गर्ने र लगानी गर्ने बारे सूचित निर्णय लिन मद्दत गर्दछ। यी प्रत्येक विद्यार्थीलाई उनीहरूको शैक्षिक प्रमुख वा करियर मार्ग जस्तोसुकै भए पनि जीवनलाई अघि बढाउने जीवनोपयोगी कौशल हो।

आधुनिक अर्थतन्त्र बढ्दो रूपमा डिजिटल हुँदै गइरहेको छ। आजका विद्यार्थीहरूले सक्रिय रूपमा यूपीआई, अनलाइन ब्याङ्किङ, डिजिटल वालेट र ई-वाणिज्य प्लेटफर्महरू प्रयोग गर्छन्। प्रविधिले वित्तीय लेनदेनलाई सुविधाजनक बनाएको छ तर साइबर ठगी, अविवेकी खर्च र वित्तीय गलत जानकारीको जोखिम पनि बढाएको छ। त्यसकारण, वित्तीय जागरूकता पैसा कमाउन मात्र नभई वित्तीय सुरक्षाको लागि पनि आवश्यक भएको छ।

डिग्रीले विद्यार्थीहरूलाई रोजगारी खोज्न मद्दत गर्न सक्छ, तर वित्तीय साक्षरताले उनीहरूको कार्यस्थलभन्दा बाहिरको जीवनमा अगाडि बढ्न मद्दत गर्दछ। परिवर्तनशील संसारका मागहरू पूरा गर्न उच्च शिक्षा विकसित हुँदै जाँदा वित्तीय साक्षरतालाई वित्तीय ज्ञानको रूपमा मात्र होइन, तर प्रत्येक विद्यार्थीको लागि आधारभूत जीवन कौशलको रूपमा मान्यता दिनुपर्छ। उच्च शिक्षा हासिल गरिरहेका सबै विद्यार्थीलाई वित्तीय साक्षरता र वित्तीय प्रबन्धन कौशल सिकाउनु उनीहरूको भविष्यको कल्याणमा लगानी हो। उनीहरूलाई पैसा, बचत, बजेट र जिम्मेवार खर्चको बारेमा प्रारम्भिक बुझाइ सिकाएर उनीहरूलाई वित्तीय संसारको जटिलतालाई आत्मविश्वासका साथ पत्तो लगाउन सशक्त बनाउन सकिन्छ। यसबाहेक, भारतीय विद्यार्थीहरूलाई पैसा कसरी कमाउने भनेर मात्र होइन, पैसा कसरी प्रबन्धन गर्ने भनेर सिकाउनु देशको आर्थिक मेरुदण्डलाई बलियो बनाउन महत्त्वपूर्ण छ।

भारत आर्थिक रूपमा सबल राष्ट्र बन्न दिशामा अघि बढ़िरहेको छ, तर अहिले नै अमेरिका वा विश्वका विकसित मुलुक झैं आर्थिक रूपमा शक्तिशाली राष्ट्र बनिहालेको छैन। यसको ज्वलन्त उदाहरणका रूपमा देशका ८० करोड़ आबादीलाई अहिले पनि सरकारी राशिन वितरण गर्नु परिरहेको छ। यस दृष्टिले आय आर्जनसित जीवनको गतिको तालमेल मिलाउन वित्तीय प्रबन्धनको ज्ञान हुन अति आवश्यक छ। यसले मानिसहरूलाई आर्थिक रूपमा शक्ति प्रदान मात्र गर्दैन, तर धनको शक्तिको पनि पत्तो लगाउन मद्दत गर्नेछ। यसैले देशका हरेक सरकारी र निजी विद्यालयहरूमा साने कक्षादेखि वित्तीय प्रबन्धनको ज्ञान दिन जरुरी देखिन्छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं-हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

-सम्पादक

विश्वका आधुनिक शहर पनि बाढ़ीको जोखिममा

राम्रोसँग डिजाइन गरिएका व्यवस्थित शहर पनि वर्षा र जलवायुसम्बन्धी अन्य विपत्सामु निस्तेज हुन सक्छन्

● प्रभेजउद्दिन चौधरी

गत आइतलार बाङ्ग्लादेशको राजधानी ढाकामा नौ घण्टाको वर्षाका कारण सहरका अधिकांश भूभाग जलमग्न बने। सहरमा व्यापक पानी जम्मा हुँदा यसले जनजीवनमा ठुलो असर त गर्‍यो नै, सामान्य आवतजावत गर्नेहरूलाई पनि केही समय अलपत्र पार्‍यो। जब बाढ़ी वा पानी जम्ने समस्या आउँछ, तब प्रायः हामी जनस्तरमा निराशा र आलोचना देख्छौं। यसले भ्रष्टाचार, अपर्याप्त ढल निकास प्रणाली, सिमसार तथा प्राकृतिक जलमार्गको अतिक्रमण, फोहोर व्यवस्थापनमा कमजोरी र अव्यवस्थित सहरी विस्तारजस्ता कारणलाई औंल्याउँछ। यीमध्ये धेरैजसो चिन्ता जायज छन् र तिनको उचित सम्बोधन गरिनुपर्छ। साथै, हामीले यो पनि स्विकार्नुपर्छ कि विगतको तुलनामा पूर्वाधार विकासमा सुधार आएको छ र यो क्रम जारी छ। तैपनि, हामी किन उस्तै समस्या सामना गरिरहेका छौं, जुन कहिलेकाहीं पहिलेभन्दा थप गम्भीर हुने गर्छन्? यसैले जलवायु परिवर्तन र यसका पछिल्ला आयामबारे जानकारी राख्नु पनि महत्त्वपूर्ण छ। आर्थिक विकास र उन्नत पूर्वाधारले यी समस्यालाई पूर्ण रूपमा हटाउन सक्छन् भन्ने आमधारणा पाइन्छ। ढल निकास प्रणाली, शहरी योजना र जलवायु-अनुकूल पूर्वाधारमा लगानी निःसन्देह आवश्यक छ। तर, विकासले मात्र सहरहरूलाई तीव्र रूपमा परिवर्तन भइरहेको जलवायुको प्रभावबाट पूर्ण रूपमा जोगाउन सक्ने सोच्नु गलत हुनेछ। विकसित विश्वका सहरमा पनि प्रकोप : विश्वका केही विकसित सहरमा हालै आएको बाढ़ीले सङ्केत गर्छ कि उत्कृष्ट शहर पनि बाढ़ीमा पर्न सक्छन् र यसले कसरी द्रुत गतिमा जलवायु ढाँचा परिवर्तन हुँदै छ र परम्परागत योजनासम्बन्धी धारणालाई चुनौती दिइरहेको छ भन्ने चित्रण गर्छ। २ सेप्टेम्बरमा टोरन्टोमा तीव्र वर्षापछि ठुलो बाढ़ी आयो, जसले ढल निकाससम्बन्धी प्रणालीलाई डुबायो, यातायात सञ्जाल अवरुद्ध गर्‍यो र दैनिक जीवन कष्टकर बन्यो।

सोही दिन चीनको दक्षिणपूर्वी फुजियान प्रान्तका धेरै सहर मुसलधारे वर्षाले डुबानमा परे। सडकमा बगेको पानी सवारीसाधन बगाउन पर्याप्त शक्तिशाली थियो।यस वर्ष न्यूयोर्क शहर, फिलाडेल्फिया, वासिंटन डिसी र टोकियोमा पनि यस्तै बाढ़ीका घटना रिपोर्ट गरिएका छन्। यसले देखाउँछ कि कुनै पनि शहर चरम मौसमको बढ्दो जोखिमबाट मुक्त छैन। अत्यधिक उन्नत र राम्रो स्रोतसाधन भएका शहरले विनाशकारी बाढ़ीको सामना गरिरहनुको अर्थ तिनको योजना प्रणाली असफल भएको भन्ने होइन। बरु, यसले एउटा नयाँ वास्तविकतालाई प्रकाश पार्छ- ऐतिहासिक जलवायु डेटा प्रयोग गरेर डिजाइन गरिएका धेरै पूर्वाधार प्रणाली अप्रचलित भएका छन्। मौसम प्रक्षेपणले बाढ़ी मैदानको नक्साङ्कन र लचिलो पूर्वाधार डिजाइनमा महत्वपूर्ण भूमिका खेल्छन्। तैपनि, इतिहासको यस समयमा जलवायु प्रक्षेपण बढ्दो रूपमा कठिन हुँदै गइरहेका छन्। तसर्थ, आवास, सड़क र पुलजस्ता भविष्यको विकास योजनाका लागि जलवायु परिवर्तन र यसको गतिशीलताको व्यापक बुझाइ आवश्यक पर्छ।

हाले नेपालमा आएको विपत्ले यो स्पष्ट पारेको छ कि जलवायुसम्बन्धी विपत् हामीले कहिल्यै कल्पना नगरेका रूपमा देखा पर्न सक्छन्। संयुक्त राष्ट्र सङ्घले चेतावनी दिएको छ कि 'एल निनो'जस्ता जलवायुसम्बन्धी प्राकृतिक घटनाले खड़ेरी, बाढ़ी, अत्यधिक गर्मी, डढेलोजस्ता चरम मौसमी अवस्था निम्त्याउन सक्छन्। हामी अति कम विकसित राष्ट्र हुनुका साथै जलवायु परिवर्तनको उच्च जोखिममा रहेका विश्वका मुलुकमध्ये एक हौं। हरेक वर्ष, विशेषगरी चारदेखि पाँच महिना लामो मनसुनको समयमा, जलवायुजन्य घटनाबाट लाखौं मानिस प्रभावित हुन्छन्। यस वर्ष दक्षिणी चटगाउँ, विशेषगरी बाँसखालीमा आएको बाढ़ीले स्थानीय बासिन्दालाई ठुलो झट्का दियो। उनीहरूले कहिल्यै कल्पना गरेका थिएनन् कि वर्षाको पानीले तटीय क्षेत्रमा यस्तो विनाशकारी बाढ़ीको अवस्था निम्त्याउन सक्छ।

हामीले केवल सुशासन र पूर्वाधारका कमजोरीमा मात्र ध्यान दियौं भने त्यो पर्याप्त हुनेछैन। राम्रोसँग डिजाइन गरिएका शहरी प्रणाली पनि अभूतपूर्व मात्रामा हुने वर्षा र जलवायुसम्बन्धी अन्य विपत्को अगाडि निस्तेज हुन सक्छन् र भएका पनि छन्। तसर्थ, हामीले बाढ़ीलाई केवल इन्जीनियरिङको माध्यमबाट समाधान गर्न सकिने पूर्वाधारसम्बन्धी चुनौतीका रूपमा मात्र नभई तीव्र रूपमा परिवर्तन भइरहेको जलवायुसम्बन्धी चुनौतीका रूपमा पनि हेर्नुपर्छ। मानवीय इन्जीनियरिङ वा योजनामार्फत हरेक चुनौतीको स्थायी समाधान गर्न सकिन्छ भन्ने धारणाले हामीमा एउटा भ्रमपूर्ण आभास सिर्जना गरेको छ। वातावरणीय, सामाजिक र प्राविधिक अवस्था निरन्तर परिवर्तन भइरहने संसारमा, नीति तथा दीर्घकालीन योजना अपेक्षा गरिएभन्दा छिटो समयमै पुराना वा अप्रचलित हुन सक्छन्। यसैले, जलवायुसम्बन्धी शिक्षा र सचेतना हाम्रो सामूहिक भविष्यका लागि एक अपरिहार्य लगानी हो। जलवायु शिक्षा भनेको केवल ज्ञान आर्जन गर्नु मात्र होइन, यो त व्यक्ति, समुदाय र संस्थालाई यस्तो संसारमा अनुकूलन गर्न तयार पार्नु हो, जहाँ वातावरणीय परिवर्तन निरन्तर भए पनि अनिश्चित हुन्छ।■

(चौधरी वातावरण तथा जलवायुविज्ञ हुन्)

अमेरिकामा सङ्घर्ष गरिरहेका आप्रवासी बालकबालिकाको अदालत यात्रा

अमेरिकाको टेक्सासस्थित एउटा आप्रवासन अदालतमा सोमवार २५ जना आप्रवासी बालबालिका न्यायाधीशसमक्ष उपस्थित भए। कोही ६ वर्षका थिए, कोही ३ वर्षका। कतिपय बालबालिका अदालतको कार्यवाहीको अर्थ बुझ्ने उमेरमा समेत पुगेका थिएनन्। तर उनीहरू सबैको भविष्य एउटै प्रश्नमा अडिएको थियो: उनीहरूलाई अमेरिकामा बस्न दिइन्छ कि आफ्नै देश फर्काइन्छ? हार्लिन-जेनस्थित अदालतमा ६ वर्षको एक बालक विमान उड़ाएजस्तो अभिनय गरिरहेका थिए भने ३ वर्षका अर्का बालक माइक्रोफोनसँग खेलिरहेका थिए। किशोरी उमेरकी एक बालिका आफ्नी साथीलाई आँखाको इशाराले सम्पर्क गर्ने प्रयास गरिरहेकी थिइन्। अदालतको वातावरण बालबालिकाको उमेर र व्यवहारसँग मेल खाने सामान्य देखिए पनि उनीहरूका मुद्दा भने अत्यन्त गम्भीर थिए। न्यायाधीशले एक किशोरीलाई ध्यान दिन आग्रह गर्दै भने, 'तिमी मुस्कुराइरहेकी छौ र यी कार्यवाहीहरू रमाइलो लागिरहेको जस्तो देखिन्छ। तर तिमीले ध्यान दिनुपर्छ। यी कार्यवाहीले तिमी अमेरिकामै बस्न पाउनेछौ कि देशबाट निकालिनेछौ भन्ने निर्णय गर्न सक्छ।' अमेरिकाभरका आप्रवासन अदालतमा अहिले दुई वर्षसम्मका बालबालिका समेत उपस्थित हुन थालेका छन्। उनीहरूमध्ये धेरैसँग कानुनी प्रतिनिधित्व छैन। आफ्नो देश फर्किन नसक्ने कारण प्रमाणित गर्दै अमेरिकामा बस्न पाउने अधिकार खोज्न उनीहरूले आफैं अदालतको प्रक्रिया सामना गर्नुपरिरहेको छ।

१३ वर्षीय एन्जेलको पीड़ा

अदालतमा उपस्थित हुने बालबालिकामध्ये १३ वर्षीय होन्डुरसका एन्जेल पनि थिए। उनीसँग कुनै वकिल थिएन। न्यायाधीशले उनलाई होन्डुरस फर्किन नसक्ने कारण सोधे। एन्जेलले जवाफ दिए, 'मेरी आमा र मेरो लगभग पूरै परिवार यहाँ छन्। त्यहाँ फर्किन निकै खतरनाक छ।' तर न्यायाधीशले उनको जवाफलाई शरणका लागि पर्याप्त आधार मानेनन्। उनले एन्जेललाई अमेरिकी कानुनअनुसार शरणको योग्य नभएको बताए। त्यसपछि न्यायाधीशले सोधे, 'तिमी स्वेच्छिक रूपमा देश छाड्न चाहन्छौ कि म निर्वासनको आदेश जारी गरूँ?' एन्जेल केही क्षण अन्योलमा परे। उनले भने, 'मलाई थाहा छैन।' त्यसपछि उनी रुन थाले। केही बेर चुपचाप अगाडि हेर्दै रोइरहेका एन्जेलले अन्ततः भने, 'मेरो कोही छैन। मेरो केही पनि छैन।' न्यायाधीशले उनको अवस्था बुझेको बताए पनि अमेरिकी आप्रवासन कानुन कडा रहेको भन्दै निर्वासनको आदेशविरुद्ध अपिल गर्न महिनाको अन्त्यसम्मको समय दिए। एन्जेलको घटना अमेरिकी आप्रवासन अदालतमा बालबालिकाले सामना गरिरहेको कठिनाइको एउटा उदाहरण मात्र हो।

परिवारबाट अलग, अदालतको प्रक्रियामा

अमेरिकाको दक्षिणी सीमाबाट प्रवेश गर्न खोज्दा पक्राउ परेका वा परिवारसहित अमेरिकी आप्रवासन तथा भन्सार प्रवर्तन निकायको कारबाहीमा परेका सयौं साथविहीन आप्रवासी बालबालिका अहिले स्वास्थ्य तथा मानव सेवा विभागअन्तर्गतको शरणार्थी पुनर्स्थापना कार्यालय (ओआरआर) द्वारा सञ्चालित आश्रयस्थलमा छन्। यी बालबालिकाको हेरचाह गर्नु ओआरआर को जिम्मेवारी हो। तर उनीहरूको आश्रय र आधारभूत हेरचाह मात्र पर्याप्त हुँदैन। उनीहरूले आप्रवासन अदालतमा आफ्नो मुद्दा प्रस्तुत गर्नुपर्ने हुन्छ। राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनमा यो प्रक्रिया अझ तीव्र र जटिल बनेको अधिकारकर्मी तथा वकिलहरूको भनाइ छ। प्रशासनले यसै गर्मीमा लामो समयदेखि सञ्चालनमा रहेको कानुनी सेवा सम्झौता अन्त्य गरेपछि बालबालिकाले पाउने कानुनी सहयोग घटेको उनीहरूको दाबी छ। त्यसो त अमेरिकामा आप्रवासन प्रणाली निरन्तर परिवर्तन भइरहेको देखिएको जनाएको छ। यी परिवर्तनबारे बालबालिका र उनीहरूका प्रतिनिधिलाई पर्याप्त सूचना नदिइँदा अन्योल बढ्नेको र निर्वासनको सामना गरिरहेका बालबालिकामाथि थप मानसिक दबाब परेको अधिकारकर्मीहरूको भनाइ छ।

कानुनी संरक्षणमाथि प्रश्न

संरक्षणविहीन आप्रवासी बालबालिकालाई विशेष संरक्षण दिने उद्देश्यले अमेरिकामा करिब दुई दशकअघि सङ्घीय कानुन लागू गरिएको थियो। ट्रफिकेटिङ भिक्टिम्स प्रोटेक्सन रिअथोराइजेसन एक्ट २००८ले यस्ता बालबालिका मानव बेचबिखनका पीड़ित हुन् कि होइनन् तथा आफ्नै देशमा उत्पीडनको विश्वसनीय डर छ कि छैन भन्ने जाँचलगायतका प्रक्रिया सुनिश्चित गर्छ। तर आप्रवासी अधिकारकर्मी र वकिलहरूले ट्रम्प प्रशासनमा यी संरक्षण कमजोर बन्दै गएको बताएका छन्। उनीहरूका अनुसार बालबालिकाका शरणसम्बन्धी अन्तर्वार्ता अचानक पुनःतोक्ने, कहिलेकाहीं २४ घण्टाअघि मात्र सूचना दिने तथा कानुनी सहायता सीमित गर्ने अवस्था देखिएको छ। पहिले महिनौंसम्म फैलिने आप्रवासनसम्बन्धी सुनुवाइ अहिले केही दिन वा साताभित्रै हुन थालेका छन्। अदालतका आन्तरिक प्रक्रिया पनि बारम्बार परिवर्तन भइरहेका छन्। अर्कोतर्फ, आफन्त वा अभिभावकले बालबालिकालाई आफ्नो जिम्मामा लिन खोज्दा पनि थप जाँचको सामना गर्नुपरेको छ। प्रशासनले यस्तो जाँच बालबालिकाको सुरक्षा तथा विस्तृत प्रमाणिकरणका लागि आवश्यक रहेको बताएको छ। अमिका सेन्टर फर इमिग्रेन्ट राइट्सको बाल कार्यक्रमका उपनिर्देशक ड्यानियल गेस्टलका अनुसार पछिल्ला महिनामा बालबालिकाका शरणसम्बन्धी अन्तर्वार्ता र अदालतका सुनुवाइ तीव्र बनाइएका छन्। बालबालिकाले आफ्नो शरण दाबी पुष्टि गर्न प्रमाणसमेत प्रस्तुत गर्नुपर्ने हुन्छ। तर उनीहरूसँग सम्पूर्ण प्रक्रियामा वकिल हुनैपर्ने कानुनी बाध्यता छैन। एक अधिकारकर्मीले भने, 'चार वर्षका बालबालिकालाई आफू कहाँ छन् र के भइरहेको छ भन्ने थाहा हुँदैन। उनीहरू आफू न्यायाधीशसँग कुरा गरिरहेका छन् भन्ने बुझ्न सक्छन्, तर त्यसको अर्थ कति गम्भीर छ भन्ने बुझ्दैनन्।'

२० करोड़ डलरको कानुनी सेवा सम्झौता अन्त्य

अमेरिकी आप्रवासी बालबालिकालाई कानुनी सहयोग उपलब्ध गराउने प्रणालीमा जुलाईमा ठूलो परिवर्तन आयो। ट्रम्प प्रशासनले वर्षौंदेखि चल्दै आएको अकासिया सेन्टर फर जस्टिस सँगको सम्झौता समाप्त हुन दियो। वार्षिक करिब २० करोड़ डलरको उक्त सम्झौतामार्फत अकासियाले अमेरिकाभरका करिब १०० कानुनी सेवा प्रदायकसँग सहकार्य गर्दै २० हजारभन्दा बढ़ी साथविहीन आप्रवासी बालबालिकालाई सहयोग गर्दै आएको थियो। सम्झौताअन्तर्गत बालबालिकालाई आफ्ना अधिकारबारे जानकारी, कानुनी जाँच, परामर्श र आवश्यक परे कानुनी प्रतिनिधित्व उपलब्ध हुन्थ्यो। अकासियाकी कार्यकारी निर्देशक साइना एबरका अनुसार सम्झौता लागू हुँदा हिरासतमा रहेका र मुद्दा अघि बढ़ाउने चरणमा पुगेका बालबालिकालाई प्रतिनिधित्व दिन अनिवार्य थियो। उनका अनुसार त्यतिबेला कानुनी प्रतिनिधित्वबिना कुनै हिरासतमा रहेका बालबालिकालाई निर्वासनको आदेश दिइने अवस्था थिएन। अगस्टको सुरुवातमा ओआरआरले दिसम्बर ३१ सम्म कानुनी सेवा उपलब्ध गराउन यूएस कमिटि फर रिफ्युजी एण्ड इमिग्रेन्ट्स (यूएससिआरआई)लाई २ करोड़ डलरसम्मको रकम प्रदान गर्‍यो। तर त्यसपछि अदालतमा पेश गरिएका केही बयानमा यूएससीआरआईका वकिलहरू बालबालिकाको सुनुवाइमा उपस्थित नभएको वा उपस्थित भए पनि पर्याप्त रूपमा नबोलेको दाबी गरिएको छ। त्यसो त स्वास्थ्य तथा मानव सेवा विभागले भने बालबालिकालाई कानुनी प्रतिनिधित्व सुनिश्चित गर्न प्रशासन प्रतिबद्ध रहेको बताएको छ।

बालबालिकामाथि बढ्दो दबाब

कानुनी सहायता नपाउँदा बालबालिकाको शरण दाबीमा प्रत्यक्ष असर पर्न सक्ने वकिलहरूको भनाइ छ। शरणका लागि अमेरिकी शरण अधिकारीसँग अन्तर्वार्ता लिनुपर्छ। यस्तो अन्तर्वार्ता घण्टौंसम्म चल्न सक्छ र बालबालिकाले भोगेका सम्भावित आघातपूर्ण घटनाबारे प्रश्न गरिन्छ। वकिल नभएको अवस्थामा बालबालिकाले यस्ता प्रश्नको सामना एक्लै गर्नुपर्छ। प्रोबार की कानुनी निर्देशक लरेन फिसर फ्लोरेसले गत महिना ३ वर्षको एक बालकको अन्तर्वार्ताको उदाहरण दिइन्। ती बालक कुर्सीमा बस्नसमेत नसक्ने अवस्थामा थिए। उनी भुईंमा बसेर फर्निचरमा ब्यान्डेज टाँस्दै र खेलौना डायनासोरसँग खेल्दै थिए, जबकि शरण अधिकारीले उनलाई प्रश्न गरिरहेका थिए। सेप्टेम्बरमा ओआरआरले आश्रयस्थलहरूलाई पठाएको ज्ञापनपत्रअनुसार युएससिआईएसले शरण दाबी गर्ने बालबालिकासँग भर्चुअल अन्तर्वार्ता लिन सक्ने बताइएको थियो। सम्बन्धित वकिल वा कानुनी सेवा प्रदायकलाई जानकारी दिनुपर्ने पनि उल्लेख थियो।

थुनिने बालबालिका

अगस्टमा अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभागको हिरासतमा औसत १ हजार ८८३ जना आप्रवासी बालबालिका थिए। यो सङ्ख्या अघिल्ला वर्षहरूको तुलनामा कम रहेको संघीय तथ्यांकले देखाउँछ। तर अदालतमा पुगेपछि उनीहरूले सामना गर्ने प्रक्रिया सहज छैन। आप्रवासी अनाथहरूलाई कानुनी सहायता दिने संस्था प्रोबारले दिएको उदाहरणअनुसार अगस्टमा ७ वर्षका एक बालक वकिलबिना आप्रवासन न्यायाधीशसमक्ष उपस्थित भएका थिए। उनलाई स्वेच्छिक रूपमा अमेरिका छाड्न आदेश दिइयो र ३० दिनको समय दिइयो। बालबालिकालाई सहयोग गर्न प्रोबारले पहिलोपटक 'डोरी' नामको हटलाइनसमेत सञ्चालन गरेको छ। अगस्टको सुरुदेखि उक्त हटलाइनमा २०० भन्दा बढ़ी फोन आइसकेका छन्। प्रोबारकी वकिल क्याथरिन बेक्का अनुसार केही बालबालिका आफ्नो भावना व्यक्त गर्छन् भने केही पूर्ण रूपमा चुप लागेर बस्छन्। अर्कोतर्फ, धेरै बालबालिकाले स्वेच्छिक रूपमा अमेरिका छाडेर आफ्नै देश फर्किने विकल्प रोजिरहेका छन्। अमेरिकी गृह सुरक्षा विभागले यस्तो अवस्थामा फर्किने बालबालिकालाई ३ हजार डलरको आर्थिक सहायता दिने प्रस्ताव गरेको छ। टेक्सासको अदालतमा देखिएको दृश्यले अमेरिकाको आप्रवासन नीतिको एउटा संवेदनशील पक्ष उजागर गरेको छ। आफ्नो भविष्यबारे निर्णयका लागि अदालत पुगेका धेरै बालबालिका अझै यति साना छन् कि उनीहरूलाई अदालतको प्रक्रिया र त्यसको परिणामको अर्थसमेत पूर्ण रूपमा थाहा हुँदैन। उनीहरूका लागि कानुनी बहस, शरणको दाबी र निर्वासनका आदेश केवल कानुनी शब्द होइनन्; ती उनीहरू कहाँ बस्ने, कसको साथमा रहने र आफ्नो भविष्य कहाँ बनाउने भन्ने प्रश्नसँग जोडिएका छन्।■

काममा एकाग्र रहने केही उपाय

आफ्नो समयको व्यवसथापन कसरी गर्दा ठीक हुन्छ भन्ने कुरा प्रबन्धकहरूलाई थाहा हुन्छ। उनीहरू समयलाई व्यर्थमा खर्चिंदैनन्। समयको सही सदुपयोग र व्यवस्थापन कसरी गर्ने भन्नेबारे उनीहरूबाट धेरै कुरा सिक्न सकिन्छ। कहिलेकाहीं थिचिएको महसुस भएर त कहिले रुचि हराएर हामी आफूले गर्नुपर्ने काममा एकाग्र हुन सक्दैनौं। तर, यसलाई चिरेर अगाड़ि कसरी बढ्ने अनि आफ्नो भूमिकालाई राम्ररी निर्वाह गर्ने भन्ने कुरा प्रबन्धकहरूले राम्ररी बुझेका हुन्छन्। उनीहरूको कार्यशैली पछ्याएर आफ्नो नेतृत्व क्षमता प्रदर्शन गर्न चाहनुहुन्छ? प्रबन्धकहरूले समय व्यवस्थापनका लागि अपनाउने छः तरिका यहाँ दिइएको छः



आफूले गर्ने कामको सूची बनाउने

कामको सूची बनाउँदा आफूले के गर्नुपर्ने रहेछ, अनि केमा बढ़ी केन्द्रित हुनुपर्छ भन्ने कल्पना गर्न सहयोग मिल्छ। एउटा काम सम्पन्न भएपछि त्यसमा चिन्ह लगाएर राख्नुहोस्। अनि अर्को काम थाल्न सकिन्छ। सूची बनाएर राख्दा कुनै काम छुट्ला वा दोहोरिएला भन्ने चिन्ता हुँदैन।

एक पटकमा एउटै काममा ध्यान लगाउने

कसैको बानी नै हुन्छ, एउटा काम गरिरहेको बेलामा अर्कोको बारेमा सोच्ने। यसो गर्दा गरिरहेको काममा ध्यान लगाउन सकिँदैन। काम नै बिग्रने डर हुन्छ। त्यसैले जुनसुकै काम गर्दा पनि एकपटकमा एउटैमा मात्रै ध्यान केन्द्रित गर्नुपर्छ। अनि मात्रै अरू काममा लाग्नुपर्छ। कुनै बेला हाम्रो दिमागमा फ्याट्ट केही विचार आयो भने यसले भुलाउँछ। तर, यस्ता विचारलाई चाहिँ खेर फाल्नु हुँदैन।

सर्वाधिक उत्पादनशील समय पहिचान गर्ने र त्यसलाई कामका लागि छुट्ट्याउने

कोही मानिस बिहान धेरै उत्पादनशील हुन्छन् अनि कोही साँझमा। तपाईंलाई पनि कार्यालय आउने बित्तिकै उत्पादनशील भएको जस्तो लाग्छ कि साँझमा सहकर्मीहरू घर गइसकेपछि एकान्तमा? आफू कति बेला सर्वाधिक उत्पादनशील हुन्छु भन्ने थाहा भयो भने महत्त्वपूर्ण काममा एकाग्र भएर काम फत्ते गर्न सकिन्छ। सानातिना अनि पट्यार लाग्दा काम भने अरू समयमा गर्न सकिन्छ।

आफूले गर्ने सबै काममा रुचि छैन भन्ने कुरा स्वीकार गर्ने

हामी आफूलाई रुचि भएको काम मात्रै गर्दैनौं। कहिलेकाहीं इच्छै नभएको काम पनि गर्नुपर्ने हुन्छ। रुचि नभएका काम गर्न अलि गाह्रो हुन्छ। काम सधैं रुचिपूर्ण, रमाइलो वा चुनौतीपूर्ण हुँदैन। काम रमाइलो मानेर गरिरहेको भनेर वेतन पाइने होइन। वास्तविकता के हो भने आफूले जिम्मा लिएको काम मन लगाएर राम्ररी सम्पन्न गर्नैपर्छ भन्ने कुरा स्वीकार गर्नुहोस्। यो जुनसुकै पेशाको हिस्सा हो। प्रबन्धकले पनि यस्तै गर्छन्।

आफूलाई रुचि नलाग्ने काम अरूलाई सुम्पने

आफूसँग कामको चाप धेरै भएको बेलामा एक/दुईवटा काम अरूलाई सुम्पन सकिन्छ। कुनै परियोजनामा सोझै रिपोर्ट दिन भन्ने वा कामको कुनै पक्षमा अरूको सहयोग माग्नेबारे सोच्न सकिन्छ। सबै काम आफैले गर्नुपर्दैन। के काममा अरूको सहयोग लिन सकिन्छ, कुन चाहिँ अरूलाई गर्न दिन सकिन्छ सूची बनाउनुहोस्। जस्तै–'प्रूफ रिडिङ' गर्न अल्छी लाग्छ भने केही पेज आफ्ना सहकर्मीलाई हेर भन्न सकिन्छ। बाँकी पेज आफूले हेर्दा पनि हुन्छ।

अहिले गर्ने कि पछि भनेर आफैलाई प्रश्न गर्ने

कतिपय मानिसमा जुन काम पनि समय घर्किसकेपछि गर्ने बानी हुन्छ। काम बेलामै सम्पन्न गरिएन भने असहज समय अनि हतारमा गर्नुपर्ने हुन्छ। कहिलेकाहीं यस्तो बानीले व्यक्तिगत समय बर्वाद गरिदिन्छ अनि मानसिक स्वास्थ्यमा पनि प्रभाव पुऱ्याउन सक्छ। काम यस्तो अवस्थामा पूरा गर्नुभन्दा अहिले नै एकाग्र भएर गर्नु नै ठीक हो।

पढ़ाइसँगै गर्न सकिने 'पार्ट टाइम जब'

कलेज पढ्न शुरु गरेपछि पढ़ाइसँगै विभिन्न शीर्षकमा खर्च बढ्न थाल्छ। यस्तो अवस्थामा हरेक कामका लागि अभिभावकसँग खर्च मागिरहन पनि अप्ठ्यारो लाग्छ। तपाईंको स्थिति पनि यस्तै छ भने खर्च जुटाउन पढ़ाइसँगै पार्ट टाइम जब गर्न सक्नुहुन्छ। यस्तो किसिमको पार्ट टाइम जब छनोट गर्नुहोस्, जसले आफ्नो करिअर अगाड़ि बढ़ाउन पनि सहयोग पुऱ्याओस्।

कन्टेन्ट एडिटर

यो यस्तो नोकरी हो, जुन सजिलै पाउन सकिन्छ। अहिले धेरै वेबसाइट खुलेका छन्, जहाँ तपाईं दिनमा २–४ घण्टा कपी एडिटिङ वा कन्टेन्ट राइटिङको काम गरेर राम्रो पैसा कमाउन सक्नुहुन्छ। यस्तो नोकरी गर्न सम्बन्धित भाषाको राम्रो ज्ञान भने राम्रो हुनुपर्छ।

अनलाइन रिसर्चर

यो नोकरी गर्न तपाईंको रुचि रिसर्चमा हुनु एकदमै आवश्यक छ किनभने धेरैजसो मानिस यस्तो काम गर्न झण्झट मान्छन्। रिसर्च गर्ने तपाईंको शौख छ भने कर्पोरेट हाउस, मिडिया हाउसहरूमा असिस्टेन्टका रूपमा काम पाउन सकिन्छ। यो क्षेत्रको विशेषता के हो भने यसले तपाईंको नेटवर्किङ बढ्नुका साथै आय पनि राम्रो हुन्छ।

गेस्ट सर्भिस को–अर्डिनेटर

यो कामका माग धेरैजसो पर्यटन क्षेत्र तथा ठूला समारोहमा आएका पाहुनाको व्यवस्थापन गर्ने कम्पनीहरूमा हुन्छ। यहाँ पाहुना तथा क्लाइन्टहरूसँग छलफल गर्ने तथा उनीहरूको समस्या सुल्झाउने जस्ता काम गर्नुपर्छ। यस्तो कामबाट तपाईंको आत्मविश्वास बढ्नुका साथै व्यक्तित्व विकास पनि हुन्छ।

सोसल मिडिया असिस्टेन्ट

नयाँ मिडिया हाउसहरूमा यो पनि नयाँ नोकरी हो। यहाँ तपाईंले कम्पनीको सोशल मिडिया अकाउन्ट सम्हाल्नुका साथै उनीहरूको कन्टेन्टको व्यवस्थापन गर्नुपर्ने हुन्छ।

अनलाइन कम्युनिकेशन एसोसिएट

अहिले अनलाइन कम्युनिटी म्यानेजमेन्टको क्षेत्र बढ्दै गएको छ। यसमा तपाईंले वेब कन्टेन्ट अपडेट गर्नुका साथै सोसल मिडियासम्म हेर्नुपर्छ। यसैगरी, कन्टेन्ट मिलाएर राम्रो समाचार बनाउनुपर्ने पनि हुनसक्छ। यस्तो नोकरीबाट तपाईं राम्रो आम्दानी गर्न सक्नुहुन्छ।

होम ट्युशन

विद्यार्थीका लागि होम ट्युशन पढ़ाउनु आयको राम्रो स्रोत हो। आफ्नो अनुभव र दक्षताको विषय तपाईं विद्यार्थीको घरमै गएर पढ़ाउन सक्नुहुन्छ। अहिले विशेष गरी शहरी क्षेत्रमा यो काम लोकप्रिय बनेको छ।

के हो फेस रोलर?

फेस रोलर एउटा त्यस्तो ब्यूटी टूल हो, जसले तपाईंको छालालाई जवान बनाउनुका साथै अनुहारको निखारतालाई अझ बढ़ाउँछ। फेस रोलरको प्रयोग विभिन्न प्रकारका छालासँग सम्बन्धित समस्याहरूलाई हटाउनका लागि पनि गर्न थालिएको छ। यसलाई अनुहार, गर्दन तथा टाउकोमा मसाज गर्नका लागि उपयोग गरिन्छ। वास्तवमा रोलरको सहयोगले छालामा रगतको प्रवाह अझ उत्कृष्ट तरिकाले हुने बताइन्छ। उत्कृष्ट रक्त सञ्चारलका कारण अनुहारमा आउने डण्डिफोर तथा दानाजस्ता समस्याहरू पनि कम हुनसक्छन्।

यसबाहेक फेस रोलरको प्रयोगले तपाईंले आफ्नै अनुहारमा तागजी समेत महसुस गर्न सक्नुहुनेछ। त्यहीं नियमित फेस मसाज गर्नाले अनुहारमा भएका दागहरू समेत हराएर जान्छन् र उमेरको प्रभाव देखाउने चाउरीपना समेत बिस्तारकै कम हुन थाल्छ। आज हामी तपाईंहरूलाई फेस रोलरको प्रयोगका बारेमा जानकारी दिँदैछौं।

अनुहारमा फेस रोलर प्रयोग गर्नुको फाइदा

फेस रोलरले तपाईंले आफ्नो अनुहारमा मसाज गर्नु भयो भने छालासँग सम्बन्धि विभिन्न लाभहरू पाउने सक्नु हुनेछ। यसको प्रयोगले तनावलाई कम गर्न सकिन्छ र यसले अनुहार मालिस गरेपछि तपाईंले निकै आराम भएको अनुभव गर्नु हुनेछ। अन्य केही लाभहरू यसप्रकार छन् :

– अनुहारमा रक्त परिसंचरणमा सुधार ल्याउँछ। फेस रोलरको उपयोग गर्नाले अनुहारमा रगतको प्रवाह उत्तेजित हुन्छ, जसले तपाईंको छाला चम्किलो बन्न सक्छ।

– रोलिङले अनुहारको पफनेसलाई कम गराउनसक्छ।

– यसले अनुहारको मालिश गर्नाले तपाईंको मूड अझ राम्रो बन्नेछ।

– यदि तपाईंले आफ्नो रोलरलाई फ्रिजमा स्टोर गरेर राख्नु हुन्छ र त्यसपछि फेस मसाज गर्नु हुन्छ भने त्यसले तपाईंको छालामा अझ बढ़ी आराम पुऱ्याउनेछ। तपाईंको छालालाई यसले डी–पफ गर्न सक्छ र छिद्रहरूलाई कस्नसक्छ।

– रोलरहरूलाई खासगरी एउटा तेल अथवा मोइस्चराइजरसँग उपयोग गरिन्छ, ताकि तपाईंको छालामा उपकरण गुड्न सहज हुन्छ। त्यसप्रकारले एउटा मोइश्चराइजको साथले तपाईंको अनुहार अझ बढ़ी चम्किलो तथा निखारिन्छ।

– रोलरको उपयोग अनुहारबाट तरल पदार्थ निकाल्नका लागि गरिन्छ, जुन तपाईंको अनुहारमा अस्थायी रूपले कतै जमेर बसेको हुन्छ। त्यसका लागि रोलरको प्रयोग कानको ठीक मुन्तिर पनि गर्नुपर्छ। यो प्रक्रियाले तपाईंको च्यापूले समेत स्वस्थ हुने मौका पाउँछ। एउटा रोलरको प्रयोगले शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न सकिन्छ। यो गतिविधिले अनुहारको विषाक्त पदार्थको निकासीलाई उत्तेजित बनाउँछ। यसप्रकारले तपाईंको अनुहार सफा गर्न समेत यो सहयोगी हुनसक्छ।

परिकार

जैविक आलु तथा मटर साँधेको

आलु उसिनेको २ सय ग्राम, मटर १ सय ग्राम, प्याज १ वटा, टमाटर २ वटा, खुर्सानी २–३ वटा, कागती १ वटा, नुन स्वादअनुसार, भुटेको तोरीको तेल, चाट मसला ५ ग्राम तथा हट सस।

विधि

आलु काटेर मटर, प्याज, गोलभेंडा तथा खुर्सानीसँग सबै मरमसला हालेर साँध्ने। त्यसमा तातो तोरीको तेल तथा मेथी झान्ने।

मार्सी थाली सेट

मार्सी चामल लामो इतिहास बोकेको फाइदाजनक अन्न हो। जुम्लालगायत हिमाली क्षेत्रमा खेती हुँदै आएको यो चामलको इतिहास झन्डै सात सय वर्ष पुरानो छ। संसारमा रातो रङको चामलका दसभन्दा बढी प्रजाति छन्। जुम्लाको मार्सी चामल तिनैमध्ये एक हो।

यसका लागि वातावरण माइनस चार डिग्री सेल्सियससम्म चिसो हुनुपर्छ। नेपालबाहेक भूटान, भारत तथा पाकिस्तानका हिमाली क्षेत्रमा यो धान पाइन्छ। धान पाक्न बढी समय लाग्ने भएकाले यसमा स्टार्च बढ़ी हुन्छ। त्यही स्टार्चले मार्सी चामलको भात खाएपछि धेरै बेरसम्म पेट भरिएजस्तो हुन्छ, छिटो भोक लाग्दैन। मार्सी चामलको भात तुलनात्मक रूपमा लस्सेदार र स्वादिलो हुन्छ। मार्सी चामलको भातसँग अर्गानिक कालो दाल, मिक्स करी, अचार, साग, सलाद, दही तथा मासुको परिकार उपयुक्त मानिन्छ।

किन गर्नै हैयर स्ट्रेट?

विभिन्न प्रोटेक्शन अपनाएर हिजोआज हामी कपाल स्ट्रेट गर्छौं, जसलाई केराटिन हेयर स्ट्रेट भनिन्छ। शुरुमा स्ट्रेट गर्दा तेल लगाएजस्तो चिप्लो हुन्छ, जुन सबैले मन पराउँदैनन्। तर, एक महिनापछि चाहिँ स्ट्रेट ठिक्कको हुन्छ। अनि सबैले मन पराउँछन्। तेल भएको कपालमा स्ट्रेट गर्न सकिँदैन। धोएर मात्रै कपाल स्ट्रेट गर्नेगरिन्छ। कपाल झरिरहेको छ भने स्ट्रेट गर्नुहुँदैन। किनभने , आइरन गर्दा कपाललाई राम्ररी तान्नुपर्ने हुन्छ, जसले गर्दा कपाल झनै धेरै झर्छ। त्यसैले कपाल झर्न बन्द भइसकेपछि अर्थात् बलियो भएपछि मात्रै कपाल स्ट्रेट गर्नु राम्रो हो।

हेयर स्ट्रेट दुई प्रकारका हुन्छन्, नर्मल स्ट्रेट र केराटिन स्ट्रेट। भर्जिन र कलर गरिएको कपाललाई भिन्न तरिकाले स्ट्रेट गरिन्छ। हलुका कपाल भएकाले स्ट्रेट गर्नुहुँदैन। किनभने , यस्तो कपाल जल्न सक्छ। मसिनो रेसा र तौल धेरै नभएको कपाल स्ट्रेट गर्नुहुँदैन। पातलो कपाललाई पनि स्ट्रेट गर्नुहुँदैन। कपाल कस्तो छ भनेर ध्यानमा राखेर मात्र स्ट्रेट गर्नुपर्छ। बाक्लो कपाल भएकाले स्ट्रेट गर्दा सबैभन्दा राम्रो स्ट्रेट हुन्छ। प्राकृतिक रूपमै कर्ली तर बाक्लो कपाल छ भने त्यस्तो कपाल पनि राम्रै हुन्छ। स्ट्रेट भनेको केमिकल हो। कपाल स्ट्रेट गरिसकेपछि हामीले समय–समयमा ट्रिटमेन्ट क्रिम प्रयोग गर्नुपर्छ। यसो नगरे स्ट्रेट छिटै बिग्रिने गर्छ।

यसरी सुरक्षित राख्ने

– कपाल धुने समयमा तेलले आधा घण्टा मसाज गर्नुपर्छ। त्यसपछि स्याम्पुले सफासँग पखालेर राम्रो ब्राण्डको टिटमेन्ट क्रिम प्रयोग गर्नुपर्छ। फेरि कपाल पखालेर हेयर सिरम लगाउनुपर्छ। धुलोधुवाँबाट पनि स्ट्रेट कपाल बिग्रिन सक्छ। त्यसैले बाहिर जाँदा पातलो खालको स्कार्फले कपाल छोप्नुपर्छ। साथै, कपालमा भिटामिन र तेल लगाइराख्यो भने स्ट्रेट लामो समयसम्म टिक्छ।

– बढ़ी फिँज आउने ट्रिटमेन्ट क्रिम प्रयोग गर्नुहुँदैन। किनभने त्यसले कपाललाई ड्राई बनाउँछ। त्यसैले, फिँज कम आउने खालको ट्रिटमेन्ट लगाउँदा त्यसले कपाल मुलायम बनाउँछ। कपाल धोइसकेपछि दुई–तीन थोपा सिरम लगाउँदा सूर्यको किरणबाट कपाललाई सुरक्षित राख्न सकिन्छ।

– कतिपयको कपाल तल–तल ड्राई हुन्छ। जसमा हामीले तेल लगाउन जरुरी हुन्छ। तेल भन्नेबित्तिकै हामी तोरीको मात्र सोच्छौं। तर, कपाललाई त्यतिले मात्र पुग्दैन। नरिवलको तेल मिसाएर लगाउँदा राम्रो हुन्छ।

– प्रायः सबैको तालु निकै कमजोर हुन्छ, त्यसैले कपाल स्ट्रेट गर्दा तालु जोगाएर लोसन र क्रिम लगाउनुपर्छ।स्ट्रेट गर्दा तालुको कपाल गयो भन्ने धेरैको गुनासो सुनिन्छ।त्यसैले तालुमा क्रिम लगाउँदा निकै ध्यान दिनुपर्छ।

– स्ट्रेट र कलर दुवै केमिकल हुन्, जसले गर्दा कपाल ड्यामेज हुने सम्भावना निकै हुन्छ। कलर लगाइहाले पनि राम्रो खालका क्रिम लगाउनुपर्छ।

– पछिल्लो समयमा बजारमा केराटिन हेयर ट्रिटमेन्ट लोकप्रिय बन्दै गएको छ। कपाल सुक्खा हुने, झर्ने, टुक्रिने समस्याबाट मुक्ति पाउन अधिकांशले यस्तो हेयर ट्रिटमेन्ट गर्छन्। केराटिन हेयर ट्रिटमेन्ट एउटा केमिकल ट्रिटमेन्ट हो, जसमा फार्मल्डिहाइड, कन्डिसनर तथा केराटिनको प्रयोग गरी कपाल स्ट्रेट, बाक्लो र बलियो बनाइन्छ।

– सामान्यतया शरीरमा नङ, छाला र रौं निर्माणका लागि केराटिन नामक प्रोटिन आवश्यक हुन्छ। कपालमा विभिन्न रसायनको प्रयोग गर्दा यो नष्ट हुँदै जान्छ र कपालमा समस्या देखिन्छ। केराटिन हेयर ट्रिटमेन्ट एउटा केमिकल ट्रिटमेन्ट हो, जसमा फार्मल्डिहाइड, कन्डिसनर तथा केराटिनको प्रयोग गरी कपाल स्ट्रेट, बाक्लो र बलियो बनाइन्छ। फार्मल्डिहाइडको उपयोगले कपाल लामो समयसम्म सीधा र नरम हुन्छ। केराटिनले कपाललाई बलियो बनाउनुका साथै अन्य समस्याबाट पनि छुटकारा दिन्छ।

– बाहिरी प्रदूषण, धुवाँ, धुलो आदिका कारण कपालमा समस्या देखिने गरेको छ। कपाल टुक्रिने, झर्ने, रुखो हुने समस्या समाधानमा केराटिन ट्रिटमेन्ट निकै उपयोगी हुन्छ।

– केराटिन ट्रिटमेन्ट गर्दा ब्रान्डेड कम्पनीका सामान प्रयोग गरिन्छ, जसकारण कपालमा अन्य असर पर्दैन। यो ट्रिटमेन्ट गरेको करिब पाँच महिनासम्म रहन्छ। तीन वा चारपटक ट्रिटमेन्ट गरेपछि बिस्तारै कपाल प्राकृतिक हुँदै जान्छ। केराटिन ट्रिटमेन्टको मूल्य पाँच हजारदेखि शुरु हुन्छ। कपालको अवस्था हेरेर थप हुनसक्छ। कपाल कलर गरेको १५ दिनमै केराटिन ट्रिटमेन्ट गर्न सकिन्छ।

रिस उठ्नु स्वभाविक हो, तर...

निराशा, अधैर्य र दुःख लाग्ने समस्या भएपछि हामीमा रिस पैदा हुन्छ। रिस हरेक व्यक्तिभित्र रहने एक किसिमको प्राकृतिक गुण हो। त्यसकारण रिस उठ्नु मानिसको स्वाभाविक गुण पनि हो। अन्य विशेष कारणले पनि हामीलाई रिस उठ्छ।

धेरैजसो अवस्थामा हामीलाई बाहिरी कारणले पनि हामीभित्रको रिसलाई जगाइदिन्छ। अरूको बोली–व्यवहार, अनपेक्षित परिस्थितिहरूको कारण पनि हामीलाई रिस उठ्छ।

हामी सबैलाई थाहा छ, रिसले राम्रो गर्दैन। न हाम्रो शरीरलाई गर्छ, न बाहिरी माहोललाई। रिसको झोकमा गरिने कतिपय बोली व्यवहार त अरू भयानक हुन्छ। अत्यधिक रिसले हाम्रो मनोवैज्ञानिक स्थिति र जीवनको गुणवत्तालाई नै प्रभावित बनाउन सक्छ।

त्यसो त रिस वा क्रोधलाई हामी सबैको जीवनकै एउटा हिस्सा मान्छौं। हामीले सोचेभन्दा प्रतिकूल अवस्था आएमा हामीभित्रको रिस जाग्ने गर्छ। मनमा क्रोध पैदा हुन्छ।

मनोविज्ञहरूका अनुसार बेलामौकामा सानोतिनो रिस उठ्नु स्वाभाविक हो। तर स–साना कुरामा पनि अत्यधिक रिस उठ्नु असामान्य हो। यसले हाम्रो खराब मनस्थितिको सङ्केत गर्छ। सानोतिनो कुरामा रिसाइरहनु एक मानसिक समस्याको कारण हुन सक्छ। शरीरमा अन्य किसिमको विकार भएमा पनि सामान्य कुरामा रिस उठ्छ।

रिस एक हिसाबले हाम्रो भावना व्यक्त गर्ने तरिका हो। तर रिस कुनै समस्याको समाधान होइन। जुन कारणले हामीलाई रिस उठ्छ, जसरी रिस उठ्छ त्यसबाट उन्मुक्ति मिल्ने पनि होइन। रिसाउनु आफैमा समस्या हो र यसले अरू समस्या पनि पैदा गरिदिन्छ।

हामी रिसाएको स्थितिमा हुँदा हाम्रो मुटुको चाल झन बढ्छ। यसले भित्री अङ्गहरूको कार्यसम्पादनमा समेत प्रभाव पुऱ्याउँछ। मन र मस्तिष्कलाई उत्तेजित बनाउँछ। यस्तो अवस्थामा हामीले गर्ने आवेगपूर्ण व्यवहार र लिने क्षणिक निर्णयहरू निकै भयानक हुनसक्छ। जब हाम्रो रिस शान्त हुन्छ, त्यसबेला हामीलाई आफैप्रति पछुतो लाग्न थाल्छ। आफ्नै बोली र व्यवहारप्रति लाज वा दुःख लाग्न थाल्छ। अर्थात् यसले हामीलाई फेरि चिन्ताको अवस्थामा पुऱ्याउँछ।

त्यसैले त मान्छेहरू रिस नियन्त्रणका अनेक उपाय खोज्ने गर्छन्। कसरी रिसलाई नियन्त्रणमा राख्ने? कसरी यसबाट मुक्त हुने? यसको अनेक उपाय खोजिरहेका हुन्छन्। रिस सबै मान्छेभित्र दबिएर रहेको हुन्छ। तर सबैले रिस उस्तै हिसाबले व्यक्त गर्दैनन् वा सबैको रिस उसैगरी प्रकट हुँदैन।

कतिपय व्यक्तिसँग रिस व्यवस्थापन गर्ने उत्कृष्ट कौशल हुन्छ, जसले आफूभित्रको रिस प्रकट हुन दिँदैन। विशेषगरी आध्यात्मिक चिन्तन गर्ने, योग वा ध्यान गर्ने व्यक्तिहरूले यस किसिमको पद्धतिबारे अभ्यास गरेका हुन्छन्।

तर कतिपय व्यक्ति भने सानोतिनो कुरामा पनि रिस देखाउने गर्छन्। अत्यन्त सामान्य कुरामा पनि धेरै रिसाउने गर्छन्। त्यसो त रिस उठ्नुमा दुईवटा कारणले भूमिका खेल्छ। एक त उक्त व्यक्तिको परिस्थिति र परिवेश। अर्को उक्त व्यक्तिको मनस्थिति र अवस्था।

जस्तो कसैको घर परिवार राम्रो हुन्छ। सबै एकार्काका परिपूरक हुन्छन्। सहयोग र सौहार्द्धको वातावरण बन्छ। यस्तो वातावरणमा बस्नेहरूलाई खासै रिस उठ्ने स्थिति आउँदैन। उनीहरूमा सानोतिनो कुरामा रिसाउने प्रवृत्ति विकास हुँदैन।

अर्कोथरी हुन्छन् जसको परिवारमा कलह छ। आफन्त, छिमेकीहरू अबुझ र मूर्ख छन्। एकार्काप्रति डाहा गर्ने, कुरा काट्ने, असहयोग गर्ने खालको स्थिति छ। यस्तो वातावरणमा प्रायः मानिसमा रिस पैदा हुन्छ। आफू संयमित हुँदाहुँदै पनि अरूको कारणले रिस उठ्छ। यी परिस्थिति बाहिरी माहोल वा अरूको व्यवहारबाट प्रकट हुने गर्छ।

त्यसबाहेक कतिपय व्यक्तिको प्रवृत्ति नै रिसाउने खालको हुन्छ। मनोविकारले ग्रस्त वा अन्य कुनै किसिमको मानसिक कारणले यस्ता व्यक्तिमा रिस पैदा हुन्छ। सानोतिनो कुरामै उनीहरूलाई रिस उठ्छ। रिसलाई नियन्त्रण गर्न सक्दैनन्। बहिरी कारण वा भित्री कारण, दुबै हिसाबले हामीलाई रिस उठ्छ। दुवैको एउटै समाधान भनेको आफैले रिस व्यवस्थापन गर्नु हो। हामीले आफूभित्रबाट रिसलाई पूर्णतः हटाउन सक्दैनौं। तर यसलाई व्यवस्थापन गर्न सकिन्छ। जस्तै आफूलाई कुन कुरामा रिस उठ्छ, के कारणले उठ्छ, कस्तो बोली व्यवहार र माहौलले रिस उठ्छ? यसको समीक्षा गर्ने र सोहीअनुसार सकेसम्म त्यस्ता माहोल उत्पन्न हुन नदिने।

योग, ध्यान वा सकारात्मक चिन्तन एउटा राम्रो विधि हो, रिस व्यवस्थापनको। रिस उठेको बखत आफूले आफैलाई कसरी सम्हाल्ने? मनलाई कस्ता कुरामा मोड्ने? कसरी भुलाउने ? कसरी खुशीका कुरा र सकारात्मक कुराहरू सोच्ने भन्ने पद्धति योग र ध्यानबाट अभ्यास गर्न सकिन्छ।

इमरान खानको रिहाइको माग गर्दै पाँच हजारभन्दा बढी समर्थकको इस्लामावाद प्रस्थान

इस्लामाबाद, ५ अक्टोबर: पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै उनका पाँच हजारभन्दा बढी समर्थकले आइतवार खैबर पख्तुनख्वाबाट राजधानी इस्लामाबादतर्फ मार्च शुरु गरेका छन्। सरकार र खानको पाकिस्तान तहरिक-ए-इन्साफ (पीटीआई) पार्टीबीच मार्च स्थगित गर्ने विषयमा भएको वार्ता निष्कर्षविहीन भएपछि समर्थकहरू राजधानीतर्फ अघि बढेका हुन्। खान भ्रष्टाचारलगायतका अभियोगमा सन् २०२३ देखि जेलमा छन्। उनी र उनको पार्टीले ती अभियोग राजनीतिक रूपमा प्रेरित भएको बताउँदै आएका छन्। कारावासमा रहे पनि खानले ठूलो जनसमर्थन कायम राखेका छन्। पीटीआई समर्थकहरू ट्रक, बस र कार लिएर लक्की मारवत जिल्लाबाट राजधानीतर्फ अघि बढेका छन्। मार्चको नेतृत्व खैबर पख्तुनख्वाका मुख्यमन्त्री तथा खानका समर्थक सोहेल अफ्रिदीले गरेका छन्। अधिकारीहरूले इस्लामाबाद प्रवेश गर्ने मुख्य मार्ग र शहरभित्र कन्टेनर राखेर सडक अवरोध गरेका छन्। पीटीआई अध्यक्ष गौहर खानले दुई चरणको वार्तापछि छलफल ठप्प भएको बताएका छन्।

गृहमन्त्री मोहसिन नकवीले वार्ता असफल हुनुमा अफ्रिदीलाई जिम्मेवार ठहराउँदै मार्चका क्रममा मानवीय क्षति भए उनी नै जिम्मेवार हुने चेतावनी दिएका छन्। सरकारले उत्तरपश्चिमी क्षेत्रमा पाकिस्तानी तालिबानका आतङ्कवादी आक्रमण बढिरहेकाले मार्च स्थगित गर्न आग्रह गरेको छ। प्रदर्शनकारीहरूले खानको रिहाइसँगै उनलाई अस्पतालमा स्थानान्तरण गर्न र परिवारसँग भेट्न दिन माग गरेका छन्।

अधिकारीहरूले भने उनको स्वास्थ्य राम्रो रहेको र नियमित पारिवारिक भेटघाट भइरहेको बताएका छन्। खानलाई अप्रिल २०२२ मा संसदीय अविश्वास प्रस्तावमार्फत प्रधानमन्त्री पदबाट हटाइएको थियो। फरवरी २०२४ को निर्वाचनपछि शाहबाज सरिफ पुनः प्रधानमन्त्री बनेका हुन्। उक्त निर्वाचनमा धाँधली भएको खानको पार्टीको आरोप सरकारले अस्वीकार गर्दै आएको छ।

चीनबाट प्रविधि आयातमा अङ्कुश लगाउँदै अमेरिका, तर पर्दैछ चर्को मूल्य

न्यूयोर्क, ५ अक्टोबर: अमेरिकाले चीनमाथिको प्रविधि र आपूर्ति शृङ्खलाको निर्भरता घटाउने अभियान तीव्र पारेको छ। राष्ट्रिय सुरक्षा, संवेदनशील डेटा संरक्षण र स्वदेशी उत्पादन बढाउने उद्देश्यले राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले चिनियाँ प्रविधिमाथि क्रमशः नयाँ प्रतिबन्ध थपिरहेको छ। तर चीनबाट अलग हुने यो प्रयास अमेरिकी उद्योगका लागि महँगो र कठिन बन्दै गएको छ। सान फ्रान्सिस्कोस्थित रोबोटिक्स कम्पनी 'चेफ रोबोटिक्स' यसको एउटा उदाहरण हो। कम्पनीका संस्थापक रजत भगेरीया अमेरिकामै रोबोट बनाउँछन्, तर रोबोटका केही महत्त्वपूर्ण पार्टपुर्जा चीनबाट ल्याउनुपर्छ। चीनले ठुलो परिमाणमा सस्तो र प्रतिस्पर्धी औद्योगिक सामग्री उत्पादन गर्ने भएकाले अमेरिकी कम्पनीहरू लामो समयदेखि चिनियाँ आपूर्ति शृङ्खलामा निर्भर छन्।

भगेरीयाका लागि अहिले समस्या केवल लागतको होइन, विकल्पको पनि हो। उनले चीनमा बनिरहेका प्लास्टिकका रोबोटिक ग्रावर अमेरिकामै उत्पादन गर्ने प्रयास गरे। तर अमेरिकी कम्पनीहरूले आवश्यक परिमाणमा उत्पादन गर्न नसक्ने बताए। केही कम्पनीले उत्पादन गर्न सक्ने भए पनि लागत अत्यधिक हुने देखियो। उनका अनुसार केही समयअघिसम्म कम्पनीहरूले 'सबैभन्दा राम्रो र सस्तो पार्टपुर्जा' खोज्थे। अहिले लगानीकर्ता र ग्राहकले उल्टै 'अझै विदेशी पार्टपुर्जा किन प्रयोग गरिरहेको?' भनेर प्रश्न गर्न थालेका छन्। चीनसँगको प्रविधि प्रतिस्पर्धा बढ्दैसँगै अमेरिकी सरकारले ड्रोन, रोबोट, विद्युतीय सवारीसाधन, सञ्चार उपकरण र अन्य संवेदनशील प्रविधिमा नियन्त्रण कडा बनाएको छ। अमेरिकी अधिकारीहरूको तर्क छ कि चिनियाँ प्रविधिमा अत्यधिक निर्भर रहँदा राष्ट्रिय सुरक्षा र संवेदनशील सरकारी तथा उपभोक्ता डेटा जोखिममा पर्न सक्छ। साथै, यस्ता प्रतिबन्धले अमेरिकी उत्पादनलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ।

तर यसको तत्कालीन असर भने उल्टो देखिन थालेको विज्ञहरू बताउँछन्। दशकौँसम्म उत्पादन विदेश सारिएका कारण अमेरिकासँग सबै प्रकारका इलेक्ट्रोनिक तथा औद्योगिक सामान ठूलो परिमाणमा उत्पादन गर्ने पर्याप्त क्षमता छैन। परिणामतः स्वदेशी उत्पादन शुरु गर्दा लागत बढ्ने, आपूर्ति ढिलो हुने र नयाँ प्रविधिमा पहुँच कठिन हुने अवस्था सिर्जना हुन सक्छ। एमआईटीको इन्डस्ट्रियल पर्फर्मेन्स सेन्टरका बेन आर्मस्ट्रङका अनुसार अमेरिकी डिजिटल जीवन नै विदेशी पार्टपुर्जा र विदेशमा जोडिएका सामानमा आधारित छ। त्यसलाई तत्काल बदल्न सम्भव छैन। अमेरिकाले आफ्नै उत्पादन क्षमता निर्माण गर्न समय र ठूलो लगानी आवश्यक पर्ने उनको भनाइ छ।

रोबोटिक्स क्षेत्रमा यसको असर अझ स्पष्ट छ। 'कोपिन कोर्पोरेसन'ले चीनबाट अमेरिकामा केही माइक्रो डिस्प्ले उत्पादन सार्न दुई वर्षभन्दा बढी समय लगाएको छ। कम्पनीका प्रमुख माइकल मरेका अनुसार अमेरिकामा उत्पादन गर्दा लागत २५ प्रतिशतसम्म बढी पर्न सक्छ। अमेरिकी उत्पादनको परिमाण चीनको तुलनामा निकै सानो भएकाले लागत घटाउन पनि कठिन छ। उनका अनुसार चीनले एक सातामा उत्पादन गर्ने माइक्रो डिस्प्लेको परिमाण अमेरिकाले एक वर्षमा पनि उत्पादन गर्न सक्दैन। दुर्लभ खनिजमा पनि समस्या उस्तै छ। 'गोस्ट रोबोटिक्स'ले मोटर उत्पादन चीनबाट दक्षिण कोरिया सारेको छ। तर रोबोटका लागि आवश्यक नियोडिमियम चुम्बकको कच्चा पदार्थ अझै चीनबाट आउँछ। चीनको दुर्लभ खनिजमा बलियो नियन्त्रण भएकाले आपूर्ति शृङ्खला पूर्ण रूपमा चीनमुक्त बनाउनु छोटो अवधिमा अत्यन्त कठिन देखिन्छ।

अमेरिकी रोबोटिक्स उद्योगका विज्ञ सामन फारिदका अनुसार अमेरिकी कम्पनीले पहिलो प्रोटोटाइप तयार पार्दै गर्दा चिनियाँ कम्पनी त्यही उत्पादनको तेस्रो संस्करणसम्म पुगिसकेको हुन सक्छ। त्यसैले प्रतिस्पर्धी चिनियाँ प्रविधिमा पहुँच अचानक रोकिए अमेरिकी उद्योगको विकास गति पनि सुस्त हुन सक्ने जोखिम छ। यसको असर विश्वविद्यालय र अनुसन्धान क्षेत्रमा पनि पर्न सक्छ। इलिनोइस विश्वविद्यालयका प्राध्यापक सायन मित्रका अनुसार केही पाठ्यक्रममा चिनियाँ रोबोटिक आर्म, ड्रोन, ह्युमानोइड रोबोट र अन्य उपकरण प्रयोग भइरहेका छन्। चिनियाँ ह्युमानोइडको विकल्प अमेरिकी उत्पादनबाट खोज्दा लागत १० गुणासम्म बढ्न सक्ने उनको अनुमान छ। उपभोक्ता क्षेत्रमा समेत असर पुग्ने सम्भावना छ। रोबोट भ्याकुम, स्वचालित पूल क्लिनर र लन मावरजस्ता उपकरणको ठूलो हिस्सा चीनमा उत्पादन हुन्छ। उत्पादन अमेरिकामा सार्न दीर्घकालीन रूपमा सम्भव भए पनि त्यसको मूल्य अमेरिकी उपभोक्ताले महँगो सामानका रूपमा तिर्नुपर्ने विज्ञहरूको भनाइ छ। यसरी हेर्दा चीनबाट प्रविधिमा दूरी बनाउने अमेरिकी रणनीति राष्ट्रिय सुरक्षाका दृष्टिले दीर्घकालीन लगानी हुन सक्छ। तर छोटो अवधिमा यसले अमेरिकी उद्योगलाई महँगो उत्पादन, आपूर्ति अभाव र प्रतिस्पर्धात्मक क्षमतामा दबाब दिने देखिन्छ। खास प्रश्न यही हो कि अमेरिकाले अहिले चुकाउने आर्थिक पीडाले भविष्यमा पर्याप्त स्वदेशी प्रविधि र आपूर्ति शृङ्खला निर्माण गर्न सक्छ कि सक्दैन?

जर्मनीद्वारा युक्रेनलाई १ अरब युरोको नयाँ सैन्य सहायता घोषणा

कीव, ५ अक्टोबर: जर्मनीले युक्रेनलाई करिब १ अरब युरो बराबरको नयाँ सैन्य सहायता उपलब्ध गराउने घोषणा गरेको छ। जर्मन चान्सलर फ्रेडरिक मर्जले आइतवार युक्रेनको राजधानी कीवको भ्रमणका क्रममा नयाँ सहायता प्याकेजको घोषणा गरेका हुन्। जर्मन सरकारका अनुसार उक्त सैन्य सहायता प्याकेजको मुख्य प्राथमिकता युक्रेनको हवाई सुरक्षा क्षमता सुदृढ गर्नु रहेको छ। पछिल्लो समय ड्रोन तथा अन्य हवाई आक्रमणको सामना गरिरहेको युक्रेनलाई थप प्रभावकारी रूपमा आफ्नो हवाई क्षेत्र सुरक्षित गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो सहायता केन्द्रित गरिएको जनाइएको छ। नयाँ प्याकेजअन्तर्गत जर्मनीले जेट इन्जीनयुक्त ड्रोनविरुद्ध प्रयोग गर्न सकिने इन्टरसेप्टरको संयुक्त उत्पादनमा समेत सहयोग गर्नेछ। चान्सलर मर्जका अनुसार यस क्षेत्रमा पछिल्लो समय भएका प्राविधिक प्रगतिले युक्रेनको हवाई सुरक्षा प्रणालीलाई तुलनात्मक रूपमा छिटो सुदृढ गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसैगरी, जर्मनीले युक्रेनलाई लामो दूरीका हतियार, भू-उपग्रह प्रविधि तथा लडाकु ड्रोन उपलब्ध गराउने जनाएको छ। यी उपकरण तथा प्रविधिले युक्रेनको रक्षा क्षमता थप मजबुत बनाउन सहयोग पुग्ने जर्मन सरकारको भनाइ छ। सैन्य सहयोगसँगै जर्मनीले युक्रेनको ऊर्जा पूर्वाधार पुनःस्थापनाका लागि पनि थप आर्थिक सहयोग गर्ने भएको छ। आगामी जाडोयामलाई ध्यानमा राख्दै ऊर्जा संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि जर्मनीले करिब ३५० मिलियन युरो उपलब्ध गराउने घोषणा गरेको हो। युक्रेनको ऊर्जा पूर्वाधारमा भएको क्षतिका कारण आगामी जाडोयाममा ऊर्जा आपूर्तिमा चुनौती आउन सक्ने अवस्थामा जर्मनीको उक्त सहयोग महत्वपूर्ण हुने अपेक्षा गरिएको छ। सहायता रकम ऊर्जा संरचनाको मर्मत, पुनःस्थापना तथा आवश्यक पूर्वाधारलाई सञ्चालनमा ल्याउन प्रयोग गरिने जनाइएको छ। चान्सलर मर्जले पदभार ग्रहण गरेपछि युक्रेनको यो दोस्रो भ्रमण हो। भ्रमणका क्रममा जर्मनी र युक्रेनबिच सैन्य सुरक्षा, हवाई रक्षा तथा ऊर्जा पूर्वाधारसम्बन्धी सहयोगलाई थप मजबुत बनाउने विषयमा जोड दिइएको छ।

अफ्रिकी नेताहरूबीच संवादका लागि इजिप्टका राष्ट्रपतिको आग्रह

टिग्रे, ५ अक्टोबर: इथियोपियामा बढ्दो हिंसा छिमेकी देशहरूमा फैलन सक्ने चिन्ता बढेको भन्दै इजिप्टका राष्ट्रपति अब्देल फत्ताह अल-सिसीले आइतवार अफ्रिकी नेताहरूको बैठकअघि संवादका लागि आग्रह गरेका छन्। अल-सिसीले आज पछि एल-अलामिन शहरमा इरिट्रिया, सोमालिया र सुडानका नेताहरूसँग भेट गर्ने कार्यक्रम छ। इथियोपियाको द्वन्द्व बैठकको मुख्य विषय हुने अपेक्षा छ। यी तीन देशहरूको अदिस अबाबासँग तनावपूर्ण सम्बन्ध छ। इथियोपियाले इरिट्रियालाई टिग्रे विद्रोहीहरूलाई सहयोग गरेको आरोप लगाएको छ। यसमा सुडान र इजिप्टको पनि समर्थन छ भन्ने आरोप छ। तर तीनै देशले यसलाई अस्वीकार गरेका छन्।

अफ्रिकी सङ्घको मध्य-वर्ष समन्वय शिखर सम्मेलनलाई सम्बोधन गर्दै नेता अल-सिसीले भने, इजिप्ट अफ्रिकी देशहरूमा विदेशी हस्तक्षेपको विरोध गर्छ। सम्बन्ध 'आपसी सम्मान, असल छिमेकीपन, संवाद र सल्लाह' मा आधारित हुनुपर्छ। एकपक्षीय नीति वा सङ्कीर्ण स्वार्थबाट टाढा रहनुपर्छ। उनले भने, सीमापारका चुनौतीहरू 'प्रतिस्पर्धा होइन, सहयोग र झगडा होइन, संवाद' बाट समाधान गर्नुपर्छ। यसमा प्राकृतिक स्रोत र अन्तरराष्ट्रिय नदीहरूको व्यवस्थापन पनि पर्छ, जुन अन्तरराष्ट्रिय कानूनअनुसार हुनुपर्छ। यो टिप्पणी इजिप्ट र इथियोपियाबीचको लामो विवादको पृष्ठभूमिमा आएको हो। विवाद ब्लू नाइल नदीमा बनेको 'ग्रान्ड इथियोपियन रेनेसाँ ड्याम (जीईआरडी)' लाई लिएर छ।

कायरो र खार्टुमले वर्षौंदेखि बाँध सञ्चालनको कानूनी रूपमा बाध्यकारी सम्झौता मागिरहेका छन्। उनीहरू पानी सुरक्षाको चिन्ता गर्छन्। तर इथियोपिया भन्छ कि यो परियोजना उसको आर्थिक विकास र ऊर्जा आवश्यकताका लागि आवश्यक छ। यसैबीच इथियोपियाको उत्तरी टिग्रे क्षेत्रमा फेरि लडाइँ शुरु भएको छ। यसले सन् २०२० देखि सन् २०२२ को भयानक गृहयुद्ध फर्किन सक्ने डर बढाएको छ। 'टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (टीपीएलएफ)' ले गत महिना सङ्घीय सेनामाथि आक्रमण गरेको थियो। आइतवार इथियोपियाली सेनाले क्षेत्रीय राजधानी मेकेले पूर्ण रूपमा कब्जा गरेको रिपोर्ट आएको छ।

युक्रेनमा रूसको ड्रोन आक्रमण: दैनिक ५ लाख सवारी गुड्ने दुई प्रमुख पुल निशानामा

कीव, ५ अक्टोबर: युक्रेनको राजधानी कीवमा रूसले लगातार चौथो दिन पनि ड्रोन आक्रमण गरेको छ। यस क्रममा रूसी सेनाले लाखौँ सवारीसाधनका लागि महत्त्वपूर्ण मानिने सहरका दुई मुख्य पुलहरूलाई निशाना बनाएको छ। आइतवार बिहान पिवनिच्नी (उत्तरी) पुलमा लगातार दोस्रो दिन भएको आक्रमणमा परी दुई जना घाइते भएका छन्। यसअघि गत साता पिवदेनी (दक्षिणी) पुलमा पनि पटक-पटक आक्रमण गरिएको थियो। शुक्रबार भएको आक्रमणमा रूसी ड्रोनले उक्त पुलको केबल (तार) हल्लाई निशाना बनाएको थियो भने आक्रमणपछि पुलको एउटा लेनमा ठूलो खाल्डो बनेर यातायात प्रभावित भएको छ। यी दुई पुल भएर दैनिक करिब पाँच लाख सवारीसाधन आवतजावत गर्ने गर्छन्। आक्रमणका बाबजुद दुवै पुल अझै ठडिएकै अवस्थामा रहे पनि क्षति र ट्राफिक प्रतिबन्धका कारण राजधानीका विभिन्न सडकहरूमा भीषण जामको स्थिति सिर्जना भएको छ। युक्रेनप्रति ऐक्यबद्धता जनाउन जर्मनीका चान्सलर फ्रेडरिक मेर्ज अप्रत्याशित रूपमा किएभ पुगेके समयमा यो पछिल्लो आक्रमण भएको हो। रूसी सेनाले युक्रेनी सैनिकहरूको आवागमनका लागि प्रयोग भइरहेका कारण ती दुई पुललाई निशाना बनाइएको दाबी गरेको छ। साथै रुसले कीवसहित युक्रेनका अन्य क्षेत्रहरूमा पनि आक्रमण अझ तीव्र बनाउने बताएको छ। युक्रेनी वायुसेनाका अनुसार रूसले रातभरिमा ५२ वटा जेट इन्जिनयुक्त ड्रोनसहित कुल १३५ वटा ड्रोन प्रहार गरेको थियो। युक्रेनले तीमध्ये १२५ वटा ड्रोन तथा अन्य हवाई आक्रमणहरूलाई विफल पारिदिएको दाबी गरेको छ।

सीमावर्ती रक्सौलमा अरिङ्गालको टोकाइबाट दुई बालकको ज्यान गयो, दुई जनाको उपचार हुँदै

पर्सा, ५ अक्टोबर: वीरगञ्जसँग जोडिएको भारतीय बजार रक्सौलमा अरिङ्गालको टोकाइबाट दुई बालकको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन्। रक्सौल हरैया थाना क्षेत्रअन्तर्गत पर्ने नेपाली स्टेशन क्षेत्रमा गत अक्टोबर २ को बिहान अरिङ्गालको समूहले बालबालिकामाथि टोकेको थियो। स्थानीयका अनुसार पुरानो फुसको घरमा खेलिरहेका बालबालिकामाथि अचानक अरिङ्गालको झुण्डले आक्रमण गरेको हो। अरिङ्गालले टोकेर सख्त घाइते भएका चारै जना बालबालिकालाई तत्काल रक्सौलस्थित डंकन अस्पताल पुऱ्याइएको थियो। उपचारका क्रममा ७ वर्षका लखन कुमार मल्लिकको आइतवार साँझ मृत्यु भयो। लखनका बुबा स्वर्गीय इन्दल मल्लिक हुन्। यसअघि सोही अस्पतालमा उपचारकै क्रममा विजय मल्लिकका २ वर्ष ६ महिनाका छोरा करण कुमार मल्लिकको गत शुक्रबार मृत्यु भएको थियो। घटनामा ४ वर्षका अरुण कुमार मल्लिक र ३ वर्ष ६ महिनाका रक्की कुमार मल्लिक गम्भीर घाइते भएका छन्। उनीहरू दुवैको डङ्कन अस्पतालमै उपचार भइरहेको छ। घटनाका सम्बन्धमा 'स्वच्छ रक्सौल'का अध्यक्ष रणजीत सिंहले कार्यपालक पदाधिकारी मनीष कुमारलाई जानकारी गराएका थिए। त्यसपछि नगरपालिकाका तर्फबाट मृतक बालकको अन्त्येष्टिका लागि तत्काल ५ हजार रुपियाँ आर्थिक सहयोग उपलब्ध गराइयो।

अति विपन्न तथा महादलित डुम समुदायका बालबालिका यो दुर्घटनाको शिकार बनेपछि पीडित परिवार र सिङ्गो बस्ती शोकमा डुबेको छ। स्थानीयवासीले मृतकका परिवारलाई सरकारी नियमअनुसार क्षतिपूर्ति उपलब्ध गराउनु साथै घाइते बालकबालिकाको उपचारमा आवश्यक सहयोग गर्न प्रशासनसँग माग गरेका छन्।

ब्राजिलमा लुला र बोल्सोनारोबिच प्रतिस्पर्धा हुने राष्ट्रपतीय चुनाउका लागि मतदान

ब्राजीलिया, ५ अक्टोबर: ब्राजिलका जनता आइतवार राष्ट्रपति चयनका लागि भएको चुनाउमा मतदान गरेका छन्। यसमा हालका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भा र विपक्षी दलका नेता तथा सिनेटर फ्लाभियो बोल्सोनारो प्रतिस्पर्धाका लागि मुख्य उम्मेदवार रहेका छन्। चुनाउअघिको सर्वेक्षणअनुसार दुईमध्ये एकले सिधै जित्ने सम्भावना छ तर पहिलो चरणको मतदानबाट कसैले पनि बहुमत नपाए अक्टोबर २५ मा दोस्रो चरणको मतदान हुनेछ। ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो अर्थतन्त्र ब्राजिलमा करिब १५ करोड ९० लाख मानिस मतदान गर्न योग्य रहेको निर्वाचन आयोगले बताएको छ। बोल्सोनारो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका सहयोगी तथा पूर्व राष्ट्रपति जायर बोल्सोनारोका छोरा हुन्। लुलाले चार वर्षअघि जायरलाई हराएका थिए।

लुलाद्वारा ७० वर्षमाथिका समूहलाई मतदान गर्न आग्रह

उमेरले आठ दशक पुगेका लुलाले साओ पाउलो नजिकैको एक विद्यालयमा स्थानीय समय अनुसार आइतवार बिहान ९ बजेपछि मतदान गरेका थिए। उनी यस पटक राष्ट्रपतिको निर्वाचनमा आफ्नो खासै प्रतिस्पर्धा नहुनेमा विश्वस्त छन्। उनले ७० वर्षमाथिका ब्राजिलियालीहरूलाई मतदान गर्न आग्रह गरेका छन्। ब्राजिलमा यो समूहलाई मतदान गर्न अनिवार्य छैन। उनले निर्वाचनमा मतदानका लागि आह्वान गर्दै भने, पुनः निर्वाचित भए हामीले पहिलेभन्दा दोब्बर काम गर्नुपर्छ र गर्नेछौँ।

अपराधको मुद्दा

मतदानका लागि मतदान केन्द्रमा पुगेका ६७ वर्षीया रोसाने विङ्कले गत महिना डकैतीमा उनलाई बन्दुक देखाएर औँठी चोरिएको बताउँदै फ्लाभियो बोल्सोनारोलाई समर्थन दिने बताए। उनले भने, यहाँ अपराधले हामीलाई आतङ्कित बनाइरहेको छ। फ्लाभियो बोल्सोनारोको एक भिडियोमा उनले 'ब्राजिल प्रभु येशू ख्रिष्टको हो' भनेका छन्। यसले समाजवादी धारका लुलालाई कट्टर क्याथोलिकहरूको धार्मिक समूहबाट मत नआउने चिन्ता सिर्जना गरेको छ। उनी ब्राजिलकी संरक्षक सन्त अपारेसिडाकी मरियमलाई हटाउन चाहन्छन् भने बोल्सोनारोले यसलाई अस्वीकार गर्दै आउनुभएको छ। सन्त तोक्ने वा हटाउने अधिकार भ्याटिकनसँग मात्र छ।

परिवर्तनको मुद्दा

फ्लाभियो बोल्सोनारोले रियो दि जेनेरियोमा बिहान करिब ८:१० बजे मतदान गर्दै भने, ब्राजिललाई परिवर्तन चाहिन्छ। ब्राजिलले यति धेरै दुःख सहन सक्दैन। लुला सरकारले ट्याफिक र ब्राजिलका लागु पदार्थ कारोबार समूहलाई आतङ्कवादी घोषणा गर्ने अमेरिकाका केही कदमहरूले बोल्सोनारोलाई फाइदा पुऱ्याउने प्रयास भएको आरोप लगाएको छ। ट्रम्प प्रशासनले यसलाई अस्वीकार गरेको छ।

विद्युतीय मतदान

ब्राजिलमा सन् १९९० को दशकदेखि मेसिन प्रयोग गरी विद्युतीय मतदानको अभ्यास हुँदै आएको छ। यसले पुरानो धोखाधडी रोकेको छ। परिणाम मतदान सकिएको केही घण्टामै आउँछ। लुला अमेरिकी महाद्वीपका सबैभन्दा वृद्ध नेताहरूमध्ये एक मानिन्छन्। यदि उनले जिते उनी ब्राजिलका सबैभन्दा वृद्ध निर्वाचित राष्ट्रपति बन्छन्। उनले आफू ब्राजिलको विकासका लागि १२० वर्षसम्म बाँच्न चाहेको बताउने गरेका छन्। ब्राजिलमा विभिन्न राज्यका गभर्नर, सांसद र सिनेटरहरू पनि यसै मतदानबाट चयन हुनेछन्। मतदानका लागि लगभग १५ करोड ९० लाख मानिस योग्य मानिएका छन्।

ब्रिटेनस्थित फेयरफोर्ड सैन्य बेसबाट अमेरिकाले फिर्ता बोलायो सबै बमवर्षक विमान

लण्डन, ५ अक्टोबर: ब्रिटेनस्थित 'आरएएफ फेयरफोर्ड' सैन्य आधार शिविरनजिकै भएको सन्दिग्ध सुरक्षा घटनापछि संयुक्त राज्य अमेरिकाले त्यहाँ तैनाथ आफ्ना सबै बमवर्षक विमानहरू फिर्ता बोलाएको छ। अमेरिकी रक्षा अधिकारीले आइतवार दिएको जानकारी अनुसार फेयरफोर्ड बेसमा रहेका सबै बमवर्षक विमानहरूलाई अमेरिकास्थित आफ्नै नियमित स्टेसनहरूमा फिर्ता लगिएको छ। आइतवार रकवेल बी-१ लान्सर हेभी बम्बर विमानहरू अमेरिकाका लागि उडेका थिए। अमेरिकाले विमानहरू फिर्ता गर्नुको आधिकारिक कारण स्पष्ट पारेको छैन। तर, गत २७ सेप्टेम्बरमा ग्लोस्टरशायरस्थित उक्त एयरबेस नजिकै तीनवटा 'शङ्कास्पद सवारीसाधन' फेला परेपछि सुरक्षा अनुसन्धान चलिरहेकै बेला यो कदम चालिएको हो। ब्रिटेनी प्रशासनिक स्रोतहरूले पनि वाशिङ्टनको यो निर्णय फेयरफोर्ड घटनाकै प्रतिक्रियास्वरूप आएको कुरालाई अस्वीकार गरेका छैनन्। यो राजनीतिक नभई कार्यसञ्चालन (अपरेसनल) तहमा अमेरिकी सेनाले लिएको सैन्य निर्णय भएको र यसबारे ब्रिटेनी सेनालाई जानकारी गराइएको बीबीसीले जनाएको छ। ब्रिटेनी रक्षा मन्त्रालयले भने यसबारे कुनै टिप्पणी गर्न अस्वीकार गरेको छ। गत २७ सेप्टेम्बरको बिहान अमेरिकी वायुसेनाद्वारा सञ्चालित उक्त आधार शिविरतर्फ शङ्कास्पद रूपमा अघि बढिरहेका सवारीसाधनबाट २३ देखि २५ वर्ष उमेरका पाँच जना ब्रिटेनी नागरिकलाई पक्राउ गरिएको थियो। लण्डनका ती युवाहरूलाई सुरुमा विस्फोटक पदार्थ र पछि आतङ्कवादी गतिविधि तयारीको आशङ्कामा पक्राउ गरिए पनि पुलिसले रणनीति र अनुसन्धानको हिस्सा भन्दै उनीहरूलाई धरौटी (बेल) मा रिहा गरेको थियो। त्यसपछि बिहीवार लन्डनबाट पक्राउ परेका २५ वर्षीय छैटौँ व्यक्ति (ब्रिटेनी-इरानी नागरिक) लाई पनि शनिवार धरौटीमा रिहा गरिएको काउन्टर टेरर पुलिसले पुष्टि गरेको छ। उक्त घटनाको केही दिनपछि ब्रिटेनी प्रधानमन्त्री एन्डी बर्नहमले यस घटनामा इरानको हात रहेको 'बलियो सङ्केत' मिलेको बताएका थिए। यद्यपि, उनले यससम्बन्धी थप विवरण खुलाएनन्। तेहरानले भने यसमा आफ्नो कुनै पनि संलग्नता नरहेको भन्दै आरोपको कडा खण्डन गरेको छ। यसैबिच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले फक्स न्यूजसँग कुरा गर्दै यस घटनामा स्पष्ट रूपमा 'विदेशी पक्षको हात' संलग्न रहेको दाबी गरेका थिए। अर्कोतर्फ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पक्राउ परेका पाँचै जनालाई धरौटीमा रिहा गरिएकोमा आश्चर्य व्यक्त गरेका छन्। ट्रम्पले भने, 'हामीलाई उनीहरूबारे सबै कुरा थाहा छ, हामी भए उनीहरूलाई रिहा गर्ने थिएनौँ।' यद्यपि, यस विषयमा ब्रिटेनले अमेरिकासँग निकै निकट भएर काम गरेको उनले बताएका छन्।

सिकोनद्वारा सहकारी व्यवस्थापनमा व्यावसायिक तालिमका अवसरहरूको विस्तार

गान्तोक, ५ अक्टोबर: सिक्किम राज्य सहकारी सङ्घ (सिकोन)–ले आनन्द, गुजरातस्थित त्रिभुवन सहकारी विश्वविद्यालय (टीएसयू) सँगको शैक्षिक सहकार्यलाई अन्तिम रूप दिएको छ र नोभेम्बर, २०२६ को तेस्रो सातादेखि सहकारी व्यवस्थापनमा तीनमहिने सर्टिफिकेट कोर्स सञ्चालन गर्ने तयारी गरिरहेको छ।

यो पाठ्यक्रम सिकोनको जुनियर सहकारी तालिम केन्द्र (जेसीटीसी)–मा सञ्चालन गरिनेछ। यस पहलले सिक्किमको सहकारी क्षेत्रमा व्यावसायिक तालिम, क्षमता अभिवृद्धि र दक्ष जनशक्ति विकासका लागि महत्त्वपूर्ण आधार खड़ा गर्ने अपेक्षा गरिएको छ। त्रिभुवन सहकारी विश्वविद्यालय भारत सरकारको सहकारिता मन्त्रालयअन्तर्गत सञ्चालित छ।

पाठ्यक्रमको सम्बन्धन र शैक्षिक कार्यान्वयनसम्बन्धी अन्तिम बैठक आनन्दस्थित कार्यकक्षमा उपकुलपति प्रा. (डा.) एसपी सिंहसँग सम्पन्न भयो। पाठ्यक्रमको विवरण पुस्तिका सार्वजनिक गर्ने लगायतका आवश्यक प्रक्रियाहरू पूरा भइसकेका छन् र सिकोन पहिलो ब्याच सञ्चालनको तयारीमा जुटेको छ।

यो पाठ्यक्रम टीएसयूद्वारा निर्धारित शैक्षिक मापदण्ड र निर्देशिकाअनुसार सञ्चालन गरिनेछ। यसले सहभागीहरूलाई सहकारी व्यवस्थापनसम्बन्धी व्यवस्थित शैक्षिक ज्ञानका साथै व्यावहारिक अनुभव र आवश्यक व्यावसायिक कौशलहरू प्रदान गर्नेछ।

बैठकको क्रममा उपकुलपति प्रा. (डा.) एसपी सिंहले टीएसयू सँगको सम्बन्धनपछि आफ्नो पहिलो प्रमाणपत्र तहको पाठ्यक्रम शुरु गर्ने सिकोनको पहलको प्रशंसा गरे। उनले यस पहललाई सहकारी व्यवस्थापनमा व्यवस्थित शिक्षा र व्यावसायिक विकासतर्फको महत्त्वपूर्ण कदमको रूपमा स्वागत गरे।

सिकोनका अध्यक्ष डा. मङ्गलजीत राईले विश्वविद्यालयको नेतृत्वबाट प्राप्त मार्गदर्शन र सहयोगप्रति आभार व्यक्त गरे र सिकोन यो पाठ्यक्रम सफलतापूर्वक सञ्चालन गर्न प्रतिबद्ध रहेको बताए। उनले सहकारी क्षेत्रमा व्यावसायिक विकासका थप अवसरहरू सिर्जना गर्ने आफ्नो प्रतिबद्धता पनि दोहोर्‍याए।

डा. राईले नोभेम्बर, २०२६ मा पाठ्यक्रमको शुभारम्भको अवसरमा सिक्किम र सिकोनको भ्रमण गर्न उपकुलपतिलाई हार्दिक निमन्त्रणा दिए। उनले यस्तो भ्रमणले टीएसयू र सिकोनबीचको शैक्षिक सहकार्यलाई अझ सुदृढ़ बनाउने तथा सिक्किमका सहकारी संस्थाहरू र सरोकारवालाहरूलाई थप प्रोत्साहन प्रदान गर्ने बताए। यस सहकार्यले सिक्किमको सहकारी क्षेत्रमा विशेष तालिमको पहुँच विस्तार गर्ने तथा दक्ष, सक्षम र व्यावसायिक रूपमा सुसज्जित जनशक्ति विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

मङ्पूमा जङ्गली भालुको आतङ्क

मङ्पू, ५ अक्टोबर (हिस): मङ्पू–रङ्बी बीचकमान क्षेत्रमा जङ्गली भालुको आतङ्क बढ़ेपछि स्थानीयवासी त्रसित बनेका छन्। स्थानीयवासीका अनुसार भालुले हालसम्म २५ वटाभन्दा बढ़ी बाख्रा खाइसकेको छ।

भालुको आतङ्कका कारण गाउँवासी एक सातादेखि रातभरि जागेर बस्न बाध्य भएका छन्। स्थानीयवासीले वन विभागलाई जङ्गली भालुलाई चाँड़ो नियन्त्रणमा लिएर सुरक्षित स्थानमा लैजान अपील गरेका छन्। वन विभागले गाउँवासीलाई सतर्क रहन आग्रह गर्दै राति तथा दिउँसो माइकिङ गर्ने क्रम जारी राखेको छ। सिञ्चेल वन्यजन्तु पूर्व क्षेत्रका रेञ्जर प्रिया ब्लोनको नेतृत्वमा जङ्गली भालुको खोजी अभियान सञ्चालन भइरहेको छ।

गाउँका विभिन्न क्षेत्रमा कतिवटा भालु छन् भन्ने पहिचान गर्न वन विभागले ३५ वटा सीसीटीभी क्यामेरा जड़ान गरेको छ। आइतवारदेखि भालुलाई नियन्त्रणमा लिन खोर राखिएको वन विभागले जनाएको छ। सिन्कोना बगानका चौकीदार तथा वन विभागका कर्मचारीहरूले २४ घण्टा नै भालुको खोजी अभियान जारी राख्ने बताइएको छ।

नाथाङमा लाभार्थीहरूलाई आमा सशक्तिकरण योजना वितरण

पाकिम, ५ अक्टोबर (आईपीआर): नाथाङ–माछोङ निर्वाचन क्षेत्रकी विधायक पामिन लेप्चाले आइतवार नाथाङ जीपीयूका लागि नाथाङ जीपीकेमा आमा सशक्तिकरण योजनाको चेक वितरण गरिन्। यस क्रममा योग्य लाभग्राहीहरूलाई कुल ७५ वटा चेक वितरण गरियो। यी लाभग्राहीहरू नाथाङ–माछोङ निर्वाचन क्षेत्रमा आमा सशक्तिकरण योजनाअन्तर्गत समेटिएका १,००० लाभग्राहीहरूमध्येका हुन्।

कार्यक्रमलाई सम्बोधन गर्दै विधायक लेप्चाले राज्यभरिका महिला तथा परिवारलाई आर्थिक सहायता र सहयोग उपलब्ध गराउने उद्देश्यले कल्याणकारी पहल कार्यान्वयन गरेकोमा मुख्यमन्त्री पीएस गोलेप्रति आभार व्यक्त गरिन्।

उनले आमा सशक्तिकरण योजनाको उद्देश्य योग्य आमाहरूलाई प्रत्यक्ष आर्थिक सहायता प्रदान गर्नु र उनीहरूको आर्थिक सुरक्षालाई सुदृढ़ पार्नु रहेको बताइन्। लेप्चाले भनिन्, ''यस पहलले परिवार र समुदायमा महिलाहरूको महत्त्वपूर्ण भूमिकालाई मान्यता दिन्छ तथा उनीहरूको कल्याण र आर्थिक स्वतन्त्रतालाई टेवा पुर्‍याउने लक्ष्य राख्छ।''

कार्यक्रममा जिल्ला पञ्चायत सदस्य, बीडीओ, वरिष्ठ भीएए तथा कर्मचारीगण, समाज कल्याण निरीक्षकका साथै अन्य अधिकारी र स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो।

डोनर राज्यमन्त्रीद्वारा राज्यपाल...

भेटघाटको क्रममा मुख्यमन्त्रीले केन्द्रिय राज्यमन्त्रीको सिक्किम भ्रमण तथा आधिकारिक कार्यहरूको सफलताको कामना गर्दै राज्यमा उनको बसाइ फलदायी र सफल रहोस् भन्ने शुभकामना व्यक्त गरे।

मुख्यमन्त्रीले पूर्वोत्तर क्षेत्रको प्रगति र विकासका लागि निरन्तर सहयोग तथा अर्थपूर्ण सहकार्यप्रति आफ्नो प्रतिबद्धता पनि व्यक्त गरे।

केन्द्रिय राज्यमन्त्रीद्वारा हेलेन...

उनलाई क्याम्पसका सुविधा र विभिन्न विषयबारे जानकारी गराए। त्यसपछि उनले मेडिकल कलेजको पहिलो ब्याचका विद्यार्थीहरूसँग अन्तरक्रिया गरे।

राज्यको पहिलो सरकारी मेडिकल कलेजका रूपमा रहेको हेलेन लेप्चा सिक्किम सरकारी मेडिकल कलेजको उद्घाटन प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा २८ अप्रेल, २०२६ मा भर्चुअल माध्यमबाट गरिएको थियो, जसले सिक्किममा चिकित्सा शिक्षा र स्वास्थ्य सेवा पूर्वाधारको विकासमा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा स्थापित गरेको छ।

यस क्याम्पसमा मुख्य सुविधाको रूपमा एक विस्तृत शैक्षिक भवन रहेको छ, जसलाई समर्पित आवास तथा आवासीय पूर्वाधारहरूले सहयोग पुर्‍याएका छन्।

यस संस्थामा बास्केटबल कोर्ट, भलिबल कोर्ट, जिम्नेजियम र इण्डोर ब्याडमिन्टन कोर्टलगायत खेलकुद तथा मनोरञ्जनका सुविधाहरू पनि उपलब्ध छन्।

डा. सुकान्त मजुमदारको उक्त संस्थाको भ्रमण सिक्किममा रहेको उनको आधिकारिक कार्यक्रमको एक हिस्सा थियो। यस क्रममा उनले पूर्वोत्तर क्षेत्रका लागि प्रधानमन्त्रीको विकास पहल' (पीएम–डिभाइन) अन्तर्गत परियोजनाहरूका साथै डोनर र राज्य सरकारद्वारा समर्थित परियोजनाहरूको पनि अवलोकन गरे।

तादोङ दुर्गा मन्दिरमा ११ अक्टोबरदेखि शारदीय नौरथा आयोजन गरिने

गान्तोक, ५ अक्टोबर: तादोङ दुर्गा मन्दिर कमिटिका अध्यक्ष प्रभाकर बस्नेतको अध्यक्षतामा आइतवार मन्दिर धर्मशालामा बैठक आयोजन गरिएको छ। आगामी ११ अक्टोबरदेखि शुरु गरेर २० अक्टोबरको दिन सम्पन्न गरिने शारदीय नौरथा नौ दिन जगतजननी माता दुर्गाको पूजा–अर्चना भक्तिभावका साथ सम्पन्न गराइने प्रस्ताव पारित गरियो। भक्ति, शक्ति, शान्तिकी प्रतिरुप माता दुर्गाको नौरुपको आ–आफ्नै सांस्कृतिक धार्मिक र आध्यात्मिक महत्त्व रहेको हुन्छ। घटस्थापनाको दिनदेखि नवमीको दिनसम्म तादोङ मन्दिर र यस वरिपरिका भक्तजनलाई समावेश गर्ने हेतुले हरेक दिन भिन्दा–भिन्दै जनमानसले भक्तिभावपूर्ण वातावरणमा पूजा–पाठ गर्न पाउने छन्।

सदाझैँ यसपाली पनि सप्तमी फूलपातीको दिन विराट् शोभायात्रा निकालिने निर्णय गरिएको छ। हरेक साल आयोजना गरिने ओमा कान्त शर्मा स्मृति फूलपाती शोभायात्राका निम्ति तादोङ समष्टि वरिपरिका जम्मा १७ वटा सङ्घ–संस्थालाई प्रतियोगितामा भाग लिन निम्तो गरिएको छ। यो शोभायात्रा मन्दिर परिसरबाट शुरु भएर एमपी गोलाइबाट फर्किएर आम्दो गोलाईसम्म पुगेर फेरि मन्दिरमा समापन गराइन्छ। सप्तमीकै दिन अप्रेल महिनामा आयोजित एकादश दिवसिय पद्म महापुराणको स्मारिका पुस्तक साथै सहज गीताको तेस्रो संस्करण पनि विमोचन गर्ने प्रस्ताव पारित गरिएको छ। सो दुईवटै पुस्तक आभा प्रकाशनले प्रकाशित गरेको छ।

सप्तमी फूलपातीको दिन अनि नवमीको दिन समस्त भक्तजनका निम्ति भण्डाराको आयोजना गर्ने निर्णय कमिटिका महासचिव लक्ष्मण गुरुङले बताएका छन्।

कला साहित्य संस्थानद्वारा वरिष्ठ साहित्यकार उदय थुलुङ सम्मानित

नाम्ची, ५ अक्टोबर: कला साहित्य संस्थान सिक्किम, नाम्चीले वयोवृद्ध वरिष्ठ साहित्यकार प्रेम थुलुङको निवास बुम्टारमा आइतवार वरिष्ठ साहित्यकार प्रेम थुलुङलाई अभिनन्दन ग्रन्थ भेटसँगै सम्मान जनाएको छ। साहित्यकार प्रेम थुलुङको अध्यक्षतामा आयोजित कार्यक्रममा गोकुल राई अध्यक्ष र केबी राई 'निर्मल' संरक्षकका बाहुलीबाट थुलुङलाई सम्मान जनाइयो।

सम्बोधनको क्रममा अध्यक्ष गोकुल राईले कला साहित्य संस्थान सिक्किमले गर्दै आएको साहित्यिक गतिविधिबारे स्पष्ट पार्दै समाजमा जनसाहित्यको अवधारणा र आवश्यकबारे रेखाङ्कित गरे। यसै क्रममा प्रेम थुलुङले पनि साहित्य सृजनामा विविध पक्ष बुझ्नु अत्यावश्यक रहेको बताए। भेटघाटको क्रममा उदय थुलुङ, सञ्जय वान्तवा, समीर राई, सुमन छेत्री, गोकुल राई, केबी राईसहित अन्यको उपस्थिति रहेको कला साहित्य संस्थान सिक्किम, नाम्ची संयुक्त सचिव पेम नर्बु शेर्पा 'ज्योति' द्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

गोर्खाल्याण्ड सङ्ग्राम पार्टीले ९ अक्टोबरमा जीटीए खारेजको माग गर्दै लालकोठी घेराउ गर्ने

कालेबुङ, ५ अक्टोबर (हिस): गोर्खाल्याण्ड सङ्ग्राम पार्टीले आगामी ९ अक्टोबरमा जीटीए खारेजको माग गर्दै लालकोठी घेराउ गर्ने कार्यक्रमको घोषणा गरेको छ। कालेबुङका शनिवार सम्पन्न केन्द्रिय समितिको बैठकपछि संस्थापक सदस्य प्रियवर्द्धन राईले दलको यस कार्यक्रमबारे पत्रकारहरूलाई जानकारी गराए। शनिवार बसेको बैठकले केन्द्रिय समितिको प्रवक्ताका रूपमा प्रदीप लोहागुणलाई जिम्मेवारी दिइएको पनि राईले जनाए। पार्टीले हेमचन्द्र सुब्बा अनि समीर देवानलाई केन्द्रिय कार्यकारी समितिका सदस्य अनि शैलेस राईलाई कालेबुङ क्षेत्रको युवा एकाइको संयोजक नियुक्त गरेको उनले बताए।

गोर्खाहरूको स्थायी राजनीतिक समाधानको माग गर्दै खरसाङमा गोरामुमोको ज्याली तथा पथसभा

खरसाङ, ५ अक्टोबर (हिस): गोर्खाहरूको स्थायी राजनीतिक समाधानका लागि २२ अगस्त, २०२६ मा सम्पन्न त्रिपक्षीय वार्ताप्रति भारत सरकार तथा केन्द्रिय गृहमन्त्री अमित शाहप्रति आभार र धन्यवाद व्यक्त गर्दै गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो)–ले आज खरसाङमा ज्यालीसहित पथसभा आयोजना गरेको छ।

गोरामुमो खरसाङ शाखा समितिको आयोजनामा सम्पन्न कार्यक्रम खरसाङ बस टर्मिनलबाट ज्याली शुरु भएर मोटर स्ट्याण्डमा पुगेर पथसभामा परिणत भएको थियो। कार्यक्रममा गोरामुमो केन्द्रिय समिति उपाध्यक्ष एनबी छेत्री, एनबी प्रधान, पारस गुरुङ, अरुण राई, नितिन छेत्री, वरिष्ठ गोरामुमो नेता महेन्द्र छेत्री, महेन्द्र खड्कालगायत भातृ सङ्गठनका प्रतिनिधि तथा गोरामुमो कार्यकर्ताहरूको व्यापक उपस्थिति रहेको थियो।

गोरामुमो खरसाङ शाखा समिति अध्यक्ष निमा लामाको अध्यक्षतामा सम्पन्न सभाको सञ्चालन प्रचार–प्रसार सचिव भुपेन गुरुङले गरेका थिए भने सचिव युद्ध छेत्रीले स्वागत भाषण दिएका थिए। पथसभालाई सम्बोधन गर्दै गोरामुमो तराई–सुकना संयोजक नितिन छेत्री, अञ्जय छेत्री, वरिष्ठ नेता महेन्द्र छेत्री तथा केन्द्रिय समिति उपाध्यक्ष एनबी छेत्रीले आफ्ना विचार राखेका थिए।

वरिष्ठ गोरामुमो नेता महेन्द्र छेत्रीले लामो समयपछि भारत सरकारले गोर्खाहरूलाई संवैधानिक प्रावधानअनुसार न्याय दिने प्रतिबद्धता व्यक्त गरेको भन्दै त्यसप्रति धन्यवाद ज्ञापन गर्न सभा आयोजना गरिएको बताए। उनले भने, ''हाम्रो माग भनेको चाँड़ोभन्दा चाँड़ो जीटीए खारेज हुनुपर्छ। अब कुनै पनि प्रकारको जालझेल हुनु हुँदैन। यदि भारत सरकारले अझै पनि हाम्रो माग सुन्दैन भने गोरामुमो फेरि उच्चतम अदालत जानेछ।''

कार्यक्रमका प्रमुख वक्ता गोरामुमो केन्द्रिय समिति उपाध्यक्ष एनबी छेत्रीले २२ अगस्तमा सम्पन्न त्रिपक्षीय वार्ताका लागि पार्टी अध्यक्ष मन घिसिङले निरन्तर प्रयास गरेको दाबी गर्दै वार्ताको उपलब्धिलाई लिएर अरूले ठूलो–ठूलो कुरा गर्न आवश्यक नरहेको बताए।

उनले भने, ''जुन वार्ता यसपालि भएको छ, त्यसका लागि पार्टी अध्यक्ष मन घिसिङले धेरै कसरत गर्नुभएको छ। अरूले आज ठूलो–ठूलो कुरा नगर्दा हुन्छ। फेरि पुरानै गन्ध आउन थालेको छ, अब सबै होशियार हुनुपर्छ।'' छेत्रीले गत २७ जुलाई मुख्यमन्त्री शुभेन्दु अधिकारीको निमन्त्रणामा पार्टी अध्यक्ष मन घिसिङ, पूर्व विधायक नीरज जिम्बा र आफूले वार्तामा सहभागिता जनाएको स्मरण गर्दै त्यतिबेला पनि गोरामुमोले जीटीए खारेज गरी संवैधानिक व्यवस्था लागू गर्नुपर्ने स्पष्ट माग राखेको बताए।

उनका अनुसार, मुख्यमन्त्रीले २०२७ मा जीटीएको निर्वाचन नहुने तथा गोर्खाहरूका लागि संवैधानिक व्यवस्थाअन्तर्गत निर्वाचन हुने बताएको दाबी गरे। तर, अहिलेको परिस्थितिमा आफूहरूलाई पुनः षड्यन्त्रको गन्ध आएको भन्दै उनले भारत सरकारले अब कुनै ढिलाइ गर्न नहुनेमा जोड़ दिए। युवा पुस्तालाई अपील गर्दै छेत्रीले भने, ''युवा जेनजी भाइहरूले आवेशमा आएर राजनीति गर्नु हुँदैन। सबै कुरा बुझेर मात्र अगाड़ि बढ्नुपर्छ।''

उनले गोरामुमोको हरियो झण्डाले गोर्खा जातिलाई न्याय दिलाएरै छाड्ने दाबी गर्दै पार्टी अध्यक्ष मन घिसिङलाई साथ दिन सबैलाई आह्वान गरे। उनले भने, ''मन घिसिङ एउटा दर्शन भएको युवा नेता हुनुहुन्छ। उहाँको नेतृत्वमा गोर्खा जातिले न्याय पाउनेछ।''

कार्यक्रममा सहभागी वक्ताहरूले २२ अगस्तमा सम्पन्न त्रिपक्षीय वार्तालाई गोर्खाहरूको दीर्घकालीन राजनीतिक मागसँग जोड़ेर हेर्दै भारत सरकारले अब वार्ताको प्रक्रियालाई निष्कर्षमा पुर्‍याउँदै गोर्खाहरूको स्थायी राजनीतिक समाधानका लागि ठोस संवैधानिक व्यवस्था अघि बढ़ाउनुपर्नेमा जोड़ दिएका थिए।

कुनोमा पाँच शावक जन्मिनु चित्ता परियोजनाका लागि ऐतिहासिक क्षणः भूपेन्द्र यादव

नयाँ दिल्ली, ५ अक्टोबर (हिस): मध्य प्रदेशको श्योपुर स्थित कुनो राष्ट्रिय निकुञ्जमा भारतीय भूमिमै जन्मेकी मादा चित्ता केजेपी२१ ले पाँच वटा स्वस्थ शावक जन्माएपछि केन्द्रिय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले खुशी व्यक्त गरेका छन्। उनले यसलाई चित्ता परियोजनाका लागि अर्को ऐतिहासिक तथा खुशीको क्षण भएको बताएका छन्। केजेपी२१ को उमेर ३२ महिना रहेको छ र यो भारतमा जन्मिएर देशमै शावक जन्माउने तेस्री पोथी चित्ता हुन्। यसअघि मुखी र केजीपी१२ भारतमा जन्मेपछि आमा बनिसकेका छन्। पाँच नयाँ शावक जन्मिएसँगै भारतमा चित्ताको कुल सङ्ख्या बढ़ेर ६० पुगेको छ, जसमा ४१ वटा चित्ता भारतमै जन्मेका हुन्। भूपेन्द्र यादवले सोमवार सामाजिक सञ्जाल 'एक्स' मा पोस्ट गर्दै यस उपलब्धिका लागि चित्ता परियोजनासँग सम्बन्धित पशु चिकित्सक, वनकर्मीहरू, मैदानी कर्मचारी, व्यवस्थापन टोली तथा सबै सहयोगीलाई बधाई दिएका छन्। उनले उनीहरूको समर्पण, प्रतिबद्धता र निरन्तर प्रयासको प्रशंसा गरेका छन्। केन्द्रिय मन्त्रीले भारतीय भूमिमा चित्ताको अर्को पुस्ता जन्मिनु भारतमा चित्ता पुनर्स्थापनाको यात्राको नयाँ अध्याय भएको बताए।

विलयका पक्षपोषकले सिक्किम र...

विष्टले खारेज गरे। दार्जीलिङको स्थायी राजनीतिक समाधानका उपायमा सिक्किम दार्जीलिङ विलयको प्रसङ्ग अहिलेसम्म नभएको उनले स्पष्ट पारे। उनले भने, ''दार्जीलिङमा स्थायी राजनीतिक समाधान भारतको संविधानले नै दिनेछ। सिक्किमले पाएको जस्तै सुरक्षा कवच दार्जीलिङले पाउनेछ। यसमा धेरै कुरा बोल्न मिल्दैन, तर आन्तरिक कुरा मलाई पनि थाहा छ। म राम्रो कुरा भन्न डराउँदिनँ र नडराइ भन्न चाहन्छु, स्थायी राजनीतिक समाधानका लागि आजसम्म कहिल्यै सिक्किम–दार्जीलिङ विलयको कुरा आजसम्म भएको छैन, विलयको प्रस्ताव छँदै छैन। दार्जीलिङ र सिक्किमको भूगोल र विरासत एउटै प्रकारको हुनसक्छ, तर वर्तमान र भविष्य दुवैको अलग–अलग हो, जसले पनि सिक्किम र दार्जीलिङको विलयको कुरा गर्दैछ, उनले दार्जीलिङका जनतालाई पनि ठग्दैछन् र सिक्किमका जनतालाई पनि धोका दिँदैछन्।''

सिक्किममा एसकेएम भाजपा गठबन्धनमा रहेका कारण चुनाउ कसरी लड्ने भन्ने कुरा स्थानीय नभएर केन्द्रिय नेतृत्वको निर्णयमा रहने विष्टले स्पष्ट पारे। उनले राज्यका नेतृत्व र कार्यकर्तालाई चुनावी रणनीतिलाई लिएर टाउको नदुखाउने अपील गरे।

अर्कोतर्फ, सरकारलाई आवश्यक परे सहयोगका लागि भाजपा तयार रहेको बताउँदै भने, ''म स्पष्ट भन्न चाहन्छु, भारतीय जनता पार्टीले पनि आफ्नो सङ्गठन विस्तार गर्नेछ।''

सिक्किम भाजपा प्रभारीको रूपमा आफ्नो नियुक्तिलाई सांसद विष्टले आफ्नो सौभाग्य र पार्टीले दिएको ठूलो जिम्मेवारी बताएका छन्।

भाजपा प्रदेश अध्यक्ष डीआर थापाले कार्यकर्ताहरूलाई धरातलीयस्तरमा सशक्त रूपमा काम गर्न अपील गरे। उनले भने, ''भाजपा कुनै व्यक्तिविशेषको निजी संस्था होइन, बरू सामूहिक राजनीतिक सङ्गठन हो।'' उनले पार्टी सिक्किमको विशिष्ट पहिचान र संवैधानिक हितको रक्षाको पक्षमा रहेको बताए। यसै सन्दर्भमा उनले वन नेशन, वन राशन कार्डको विरोध र इनर लाइन पर्मिट जस्ता सुरक्षा व्यवस्थाको समर्थनको उल्लेख गरे।

पार्टी महासचिव अर्जुन राईले विष्टको नियुक्तिलाई महत्त्वपूर्ण रहेको बताउँदै पहिलोचोटि नेपाली भाषी नेतालाई सिक्किमको प्रभारी बनाइएको बताए।

क्लब ब्लूजबाट हिंड़ेपछि युवकको सन्दिग्ध मृत्यु

गुवाहाटी, ५ अक्टोबर (हिस): गुवाहाटीको काहिलीपाड़ास्थित क्लब ब्लूज बारबाट बाहिर निस्किएपछि एकजना युवाको शङ्कास्पद अवस्थामा मृत्यु भएको घटना सार्वजनिक भएको छ। मृतकको पहिचान प्रकाश राभाको रूपमा भएको छ। घटना सोमवार बिहान भएको बताइएको छ। जानकारीअनुसार प्रकाश राभा आफ्ना साथीहरूसँग क्लब ब्लूजमा पार्टी गर्न गएका थिए। उनले साथीहरूसँग रक्सी खाए अनि बिहान सबेरै ३:३८ बजे बारबाट निस्किएपछि उनको रहस्यमय परिस्थितिमा मृत्यु भएको बताइएको छ। युवाको मृत्युको परिस्थितिलाई लिएर धेरै वटा प्रश्न उठिरहेका छन्। यो घटना महानगरको द लोकल्स नाइटक्लबसँग सम्बन्धित हालैको घटनापछि भएको छ। प्रकाश राभाको मृत्युको वास्तविक कारण अनुसन्धानपछि मात्र थाहा लाग्नेछ।

भारत-नेपाल सीमामा...

प्रारम्भिक जाँचको क्रममा पक्राउ परेका व्यक्तिले आफ्नो नाम टाशी पाल्की भोटिया रहेको बताएका छन्। उनी सिक्किमका निवासी हुन्।

उनले आफू आफ्ना गुरुजीलाई लिन सिक्किमबाट नेपालको काँकड़भिट्टा जाँदै गरेको बताएका छन्। यद्यपि, उनले प्रस्तुत गरेको हतियार अनुमतिपत्रअनुसार उक्त पेस्तोल केवल सिक्किम र पश्चिम बङ्गालमा लैजान अनुमति दिइएको थियो। अन्य कुनै स्थानमा उक्त हतियार लैजान अनुमति थिएन।

एसएसबीले जफत हतियार,कारतूस तथा आरोपीलाई थप कानुनी कारबाहीका लागि राति नै खोरीबारी थाना पुलिसलाई बुझाएको छ। पुलिसले घटनाबारे अनुसन्धान गरिरहेको छ।

छोटा साम्दुङ उमाविमा आठदिने स्वर्ण...

छ। सिक्किमको विकासमा स्व. भण्डारीको अतुलनीय योगदान छ। मुख्यमन्त्री पीएस गोलेको नेतृत्वधीन एसकेएम सरकारले उनलाई सम्मान जनाउँदै उच्च शिक्षाका लागि नरबहादुर भण्डारी फेलोशिप योजना नामक योजना शुरु गरेको छ भने पूर्व मुख्यमन्त्री स्व. भण्डारीको जन्मदिनलाई सिक्किम राजपत्रमा राज्य बिदाको रूपमा घोषणा पनि गरेको छ।''

स्वर्ण जयन्तीको भव्य कार्यक्रमबीच विधानसभा अध्यक्ष शेर्पा, विधायक गोले साथै सम्मानित अतिथिहरूले स्व. भण्डारीको तस्वीरमा पुष्पाञ्जली अर्पण गर्दै श्रद्धाञ्जली दिए। कार्यक्रममा ज्ञानदीप नामक पुस्तकको लोकार्पण गरियो भने अमीर भण्डारीले स्व. भण्डारीको जीवनीमाथि संक्षिप्तमा प्रकाश पारे। कार्यक्रममा समारोह समितिका अध्यक्ष एवं प्राचार्य प्रकाश निरौलाले पनि सम्बोधन राखेका थिए।

स्व. नरबहादुर भण्डारी स्मृति संरक्षण समितिको तत्त्वावधानमा आयोजित कार्यक्रममा ओएसडी राजेन बस्नेत, ओएसडी रेमन थापा, स्व. नरबहादुर भण्डारीको स्मृति संरक्षण समितिका मुख्य संयोजक केबी भण्डारी, समितिका अध्यक्ष धनधोज सुब्बा, जिल्ला तथा ग्राम पञ्चायत, स्थानीय भेकका सेवानिवृत्त अधिकारीगण, सङ्घ–संस्थाका प्रतिनिधिगण, सरकारी कर्मचारी र स्थानीयवासीहरूको उपस्थिति रहेको थियो।

हालै मालबाँसे र बुदाङ ग्राम पञ्चायत एकाइका समाजसेवी, वरिष्ठ नागरिक एवं अवकाशप्राप्त सरकारी कर्मचारीहरूले भण्डारीको स्मृति संरक्षणको निम्ति एक स्थायी समितिको पनि गठन गरेको छ। नवगठित समितिले भारतीय नेपाली राष्ट्रिय परिषद्का अध्यक्ष स्व. भण्डारीको स्मृति भवनलगायत सङ्ग्रहालय भवनको निर्माणको निम्ति काम गर्ने बताइएको छ। नवगठित स्व. नरबहादुर भण्डारी स्मृति संरक्षण समितिका मुख्य संयोजक केबी भण्डारीलाई बनाइएको छ। यसरी नै समितिका अध्यक्ष धनधोज सुब्बा, उपाध्यक्ष बीआर सुब्बा, महासचिव ज्ञान पी दाहाल, संयुक्त सचिव जीतमान सुब्बा, प्रचार–प्रसार सचिव डम्बर सुब्बा, कोषाध्यक्षद्वय खासबहादुर सुब्बा र श्याम बहादुर थापा, वास्तुकार/सुन्दरीकरण प्रभारी भानु राई र एसबी रावतलाई बनाइएको छ। समितिका सल्लाहकारहरूमा वीणा चौहान, कौशिला छेत्री, पवित्र भण्डारी, डीबी कार्की, जीआर सुब्बा, बौद्धमान सुब्बा, नरेश भण्डारी, दिलिप चौहान र एसआर सुब्बा रहेका छन्।

राभाङ्लामा आमा सशक्तिकरण योजना वितरण कार्यक्रम सम्पन्न

नाम्ची, ५ अक्टोबरः याङ्गाङ–राङ्गाङ निर्वाचन क्षेत्रका लाभार्थीहरूलाई समेट्दै याङ्गाङ खण्ड प्रशासनिक केन्द्र (बीएसी) अन्तर्गत् राभाङ्लाको प्लाजामा सिक्किम आमा सशक्तिकरण योजना (एसएएसवाई) २०२६ का रहल चेक वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

यस कार्यक्रममा सिक्किम विधानसभाकी उपाध्यक्ष तथा राङ्गाङ–याङ्गाङ निर्वाचन क्षेत्रकी विधायक राजकुमारी थापा मुख्य अतिथिका रूपमा उपस्थित रहेकी थिइन्।

दुईदिने चेक वितरण कार्यक्रममार्फत बीएसी याङ्गाङअन्तर्गत सबै छः वटा ग्राम पञ्चायत एकाइ (जीपीयू)–का कुल १,००० लाभग्राहीलाई समेटियो।

३ अक्टोबरको दिन कोल्थाङ–तोक्दे जीपीयू, नेया–माङ्जिङ जीपीयू, याङ्गाङ–राङ्गाङ जीपीयू र श्रीपताम–गाग्योङ जीपीयूका ७२७ जना तथा सङ्घका थप १४ जना लाभग्राहीलाई चेक वितरण गरिएको थियो, जसले गर्दा पहिलो दिन समेटिएका लाभग्राहीहरूको कुल सङ्ख्या ७४१ पुगेको थियो।

दोस्रो दिन, राभाङ–खोप जीपीयू र साङ्मु–राङ्की जीपीयूका बाँकी २७३ लाभग्राहीले राभाङ्लाको प्लाजामा आफ्ना चेकहरू प्राप्त गरे। यससँगै बीएसी याङ्गाङअन्तर्गत् सबै १,००० लाभग्राहीका लागि वितरण कार्य सम्पन्न भयो।

कार्यक्रममा खाद्य तथा प्रशोधन विभागका सल्लाहकार सीएल गुरुङ, विधायककी विशेष कर्तव्य अधिकारी डेन्किला भोटिया, कृषि विभागका विशेष कर्तव्य अधिकारी एसबी राईसहित अन्यको उपस्थिति रहेको थियो।

सिक्किम आमा सशक्तिकरण योजना सिक्किम सरकारको एक प्रमुख कल्याणकारी पहल हो, जसको उद्देश्य योग्य आमाहरूको आर्थिक सुरक्षा, सम्मान र सशक्तिकरणलाई सुदृढ़ पार्नु हो। मुख्यमन्त्री पीएस गोलेको नेतृत्वमा सञ्चालित यस योजनाअन्तर्गत योग्य लाभग्राहीहरूलाई वार्षिक ४० हजार रुपियाँको आर्थिक सहायता प्रदान गरिन्छ। यो रकम २०–२० हजार रुपियाँको दरमा दुई किस्तीमा वितरण गरिन्छ।

यस आर्थिक सहायताको उद्देश्य आमाहरूलाई परिवारका अत्यावश्यक आवश्यकता पूरा गर्न सहयोग गर्नु हो, जसमा बालकबालिकाको शिक्षा, घरायसी आवश्यकता र साना–ठूला कृषि वा अन्य आयार्जन गर्ने गतिविधिजस्ता जीविकोपार्जनमुखी कार्यहरू समावेश छन्।

यस योजनाले परिवार र समुदायलाई सुदृढ़ बनाउनमा आमाहरूले निर्वाह गर्ने महत्त्वपूर्ण भूमिकालाई मान्यता दिने राज्य सरकारको निरन्तर प्रयासलाई झल्काउँछ। उक्त कार्यक्रमले प्रत्यक्ष आर्थिक सहायता र महिलाकेन्द्रित कल्याणकारी पहलमार्फत सम्पूर्ण सिक्किमका आमाहरूमाझ अझ बढ़ी आर्थिक सुरक्षा, सम्मान र सशक्तिकरणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

सिक्किम आमा सशक्तिकरण योजना महिला कल्याण र सशक्तिकरणतर्फ राज्य सरकारका बृहत्तर प्रयासहरूको एक हिस्सा हो। यसमा आमा सम्मान दिवसजस्ता पहलहरू पनि समावेश छन्, जसले राज्यभरिका आमाहरूको अमूल्य योगदानलाई सम्मान र उत्सवका रूपमा मनाउँछन्।

यस्ता कल्याणकारी पहलहरूमार्फत सरकारले परिवारलाई सुदृढ़ बनाउने, आमाहरूलाई सहयोग गर्ने र सम्पूर्ण सिक्किममा समावेशी विकासलाई प्रवर्द्धन गर्ने प्रयासहरू जारी राखेको छ।

राज्यस्तरीय बास्केटबल च्याम्पियनशिपको फाइनल सम्पन्न

गान्तोक, ५ अक्टोबर (हिस): मुख्यमन्त्री पीएस गोलेले सोमवार पाल्जोर स्टेडियमस्थित इण्डोर जिम्नेजियम हलमा आयोजित सिक्किम राज्य बास्केटबल च्याम्पियनसिप २०२६ को फाइनल खेलमा सहभागिता जनाएका छन्।

मुख्यमन्त्री गोलेले सामाजिक सञ्जालमार्फत प्रतियोगितामा युवा तथा प्रतिभाशाली बास्केटबल खेलाड़ीहरूले जोश, अनुशासन र दृढ़ताका साथ प्रतिस्पर्धा गरेको देख्दा आफू प्रेरित भएको बताएका छन्। उनले यस्ता खेलकुद प्रतियोगिताले युवाहरूलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने, आत्मविश्वास बढ़ाउने तथा आफ्ना सपना पूरा गर्ने अवसर प्रदान गर्नुका साथै खेल भावना र स्वस्थ प्रतिस्पर्धाको संस्कार विकास गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरेका छन्।

मुख्यमन्त्री गोलेले प्रतियोगितामा सहभागी सबै टोली तथा खेलाड़ीहरूलाई शुभकामना दिँदै यस च्याम्पियनशिपले अझ धेरै युवा खेलाड़ीलाई खेलकुदमा लाग्न, उत्कृष्टताका लागि प्रयास गर्न र सिक्किमको नाम अझ उच्च बनाउन प्रेरित गर्ने विश्वास व्यक्त गरेका छन्।

गोर्खा भारतीय जनजाति महासङ्घको शान्तिपूर्ण र्‍याली सम्पन्न

दार्जीलिङ, ५ अक्टोबर (हिस): ११ जनजातिको माग शीघ्र पूरा गर्नुपर्ने माग गर्दै गोर्खा भारतीय जनजाति महासङ्घले आइतवार दार्जीलिङमा शान्तिपूर्ण र्‍याली आयोजना गरेको छ। र्‍याली दार्जीलिङको रेलवे स्टेशनबाट शुरु भएर शहर परिक्रमा गर्दै चौरास्तासम्म पुगेपछि पथसभामा परिणत भएको थियो। र्‍यालीमा महासङ्घका पदाधिकारी, सदस्य तथा समर्थकहरूको सहभागिता रहेको थियो। र्‍यालीमार्फत ११ जनजातिको मागलाई केन्द्र तथा राज्य सरकारसमक्ष शीघ्र सम्बोधन गर्न आग्रह गरिएको थियो। सहभागीहरूले जनजातिको अधिकार, पहिचान र संवैधानिक मान्यताको मागलाई प्राथमिकताका साथ अघि बढ़ाउनुपर्नेमा जोड़ दिएका थिए। महासङ्घले लामो समयदेखि उठाउँदै आएको ११ जनजातिको मागमा सरकारले सकारात्मक पहल गर्दै चाँड़ो निर्णय लिनुपर्ने माग गरेको छ। ११ जात गोष्ठीलाई लिएर आयोजना गरिएको र्‍यालीबारे पत्रकारहरूसँग कुराकानी गर्दै भारतीय जनजाति महासङ्घका महासचिव अमिट थापाले ११ जात गोष्ठीलाई लिएर गठित भारतीय जनजाति महासङ्घको आयोजनामा छुटेका ११ जात गोष्ठीलाई शीघ्र जनजातिको दर्जा प्रदान गर्नुपर्ने तथा ११ जात गोष्ठीको माग सरकारले चाँड़ो समाधान गर्नुपर्ने मागसहित आइतवार दार्जीलिङमा र्‍याली आयोजना गरिएको जानकारी दिए।

नर्थ सिक्किम टुरिस्ट ट्याक्सी डाइभर्स वेलफेयर एसोसिएनशनले आपदामा सहयोग गर्नेहरूलाई गऱ्यो सम्मान

मङ्गन, ५ अक्टोबर (हिस): उत्तर सिक्किमको चर्चित पर्यटकीय स्थलहरूमा यात्रा गर्दा अथवा विभिन्न प्राकृतिक आपदाको समयमा उद्धार कार्यमा सहयोग गर्ने विभिन्न व्यक्तिलाई नर्थ सिक्किम टुरिस्ट ट्याक्सी डाइभर्स वेलफेयर एसोसिएशनले सम्मान र प्रमाण–पत्र वितरण गरेको छ।

मङ्गन जिल्ला प्रशासनको प्रेक्षागृहमा सम्पन्न कार्यक्रममा सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागका अध्यक्ष सोनाम नोर्गे लाचुङ्पा मुख्य अतिथिको रूपमा उपस्थित रहेका थिए। कार्यक्रममा पैह्रो, सड़क बन्द हुँदा तथा वाहन दुर्घटना र अन्य भवितव्यमा स्वयं सेवकको रूपमा तथा सङ्गठनका कार्यकर्ताको रूपमा योगदान दिने ६५ जनालाई प्रशंसा–पत्र र सम्मान अर्पण गरिएको थियो। कार्यक्रममा आफ्नो सम्बोधन राख्दै मुख्य अतिथि लाचुङ्पाले एसोसिएशनले सधैँ असल कार्य गर्दै आएको तथा विभागको तर्फबाट आवश्यक साथ र सहयोग सधैँ प्रदान गर्ने बताए। उनले एसोसिएशनले गरिरहेको कार्यहरूको सराहना गरे। आफ्नो पक्षबाट हुने सबै सहयोग निरन्तर रूपमा प्रदान गर्ने आश्वासन पनि दिए।

एसोसिएशनका महासचिव दुर्गा प्रसाद गुरागाईँले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष रामकुमार दर्जीले आभार प्रकट गरेका थिए। कार्यक्रममा मङ्गन थाना प्रभारी डीपी लिम्बू, आरटीओ तेम्पा रुजिङ भोटिया, ब्रान्ड एम्बासेडर एनटी लेप्चा, पर्यटन विभागका अतिरिक्त निर्देशक काजी शेर्पा, जिल्ला अस्पतालका चिकित्सक डा. पन्दिम लेप्चाको उपस्थिति रहेको थियो।

मन्त्री भोटियाद्वारा योकसममा निर्माणाधीन एसडीएम कार्यालय भवनको निरीक्षण

• प्रितम गुरुङ

गेजिङ, ५ अक्टोबरः पर्यटन विभागका मन्त्री तथा योकसम–टाशीडिङ निर्वाचन क्षेत्रका विधायक छिरिङ टी भोटियाले योकसममा निर्माणाधीन महकुमा कार्यालय भवनको निरीक्षण गरेका छन्।

योकसम हेलिप्याड नजिकै अवस्थित तीनतले एसडीएम कार्यालय भवन सिक्किम सरकारको आवास तथा भवन विभागअन्तर्गत निर्माण भइरहेको छ।

मन्त्रीले निर्माणाधीन स्थलको निरीक्षण गर्नुका साथै अधिकारी र अभियन्ताहरूसँग जारी कामको प्रगतिको समीक्षा गरे। उनले निर्माणको प्रगति र गुणस्तरप्रति सन्तुष्टि व्यक्त गरे र सम्बन्धित अधिकारीहरूलाई गुणस्तर मापदण्डमा कुनै सम्झौता नगरी कामलाई तीव्रता दिन निर्देशन दिए।

निरीक्षणको क्रममा उनले नयाँ कार्यालय परिसरका सुविधा र आवश्यकताहरूसम्बन्धी विभिन्न योजना तथा प्रस्तावहरूबारे पनि अधिकारी र अभियन्ताहरूसँग छलफल गरे।

मन्त्री भोटियाले नयाँ महकुमा अधिकारी कार्यालय निर्माण सम्पन्न भएर सञ्चालनमा आएपछि योकसम–टाशीडिङ महकुमाका जनतालाई ठूलो लाभ पुग्ने कुरामा जोड़ दिए। उनले भने, ''महकुमाअन्तर्गत सबै कार्यालय एउटै छतमुनि आउने छन्, जसले गर्दा सर्वसाधारणले एकै ठाउँमा विभिन्न सेवा प्राप्त गर्न सक्ने छन्। त्यति मात्रै नभएर विभिन्न कार्यालय धाउँदा लाग्ने समय तथा खर्चमा कमी आउनेछ।''

मन्त्रीले अझ भने, ''एकीकृत प्रशासनिक परिसर सार्वजनिक सेवा प्रवाहमा दक्षता बढ़ाउन र विभिन्न सरकारी विभागबीच समन्वय सुधार गर्न तयार गरिएको हो। मुख्यमन्त्री पीएस गोलेको नेतृत्वमा रहेको राज्य सरकार स्थानीय शासनलाई सुदृढ़ बनाउन तथा अत्यावश्यक सार्वजनिक सेवा सुलभ, व्यवस्थित र जनमैत्री बनाउन प्रतिबद्ध छ।''

निरीक्षणका क्रममा मन्त्रीसँग जिल्ला अध्यक्ष (गेजिङ) डीएस लिम्बू, योकसमका महकुमा अधिकारी जिग्मी भोटिया, ग्राम पञ्चायत अध्यक्ष सुनिता लिम्बूसहित अन्यको उपस्थिति रहेको थियो।

जाबरभानले डाउनहिल माउण्टेन बाइकिङको दोस्रो संस्करण सिक्किम, लद्दाख र पुणेमा आयोजना गर्ने

गान्तोक, ५ अक्टोबरः सिक्किमले आगामी ११ अक्टोबरमा जूम गाउँमा जाबरभान लेजेन्ड्स सिरिज (जेडएलएस) २.० को पहिलो दौड़को औपचारिक शुरुआत गर्नेछ। यस दौड़मा भारत, अस्ट्रेलिया, चेक गणतन्त्र, इरान, ब्राजिल, नेपाल, ताइवान र अन्य देशका करिब ३० जना विश्वस्तरीय माउण्टेन बाइक (एमटीबी) खेलाड़ीहरूको सहभागिता रहनेछ।

डाउनहिल माउण्टेन बाइकिङ एक यस्तो खेल विधा हो, जसमा राइडरहरूले प्राकृतिक र कृत्रिम अवरोधहरूले भरिएका उकालो तथा प्राविधिक रूपमा चुनौतीपूर्ण मार्गहरूमा समयविरुद्ध प्रतिस्पर्धा गर्छन्।

सिक्किममा शहरी र प्राकृतिक (जङ्गली) वातावरणको समिश्रणसहितका केही सबैभन्दा ठाडा ट्रेलहरू (मार्गहरू) उपलब्ध छन्। करिब २ किलोमिटर लामो अर्बन हाइब्रिड (शहरी–मिश्रित) ट्रेलमा ठाडा भिरालो भाग, जम्प, तल झर्ने सिँढ़ी र माटोको बाटो (डर्ट सेक्सन) समावेश छन्।

लद्दाखले चिसो र शुष्क वातावरण तथा फराकिलो भू–भागसहित उच्च उँचाइको ट्रेल प्रदान गर्नेछ। पुणेमा हुने दौड़ले यस शृङ्खलाको समापन गर्नेछ। यो स्थान सन् १६०० को दशकमा ऐतिहासिक लड़ाइँ भएको सिंहगड किल्ला हो।

यस दौड़को कुल पुरस्कार राशि २१ लाख रुपियाँ रहेको छ, जसमा प्रत्येक दौड़ स्थलका लागि पाँच लाख र समग्र शृङ्खलाका विजेताहरूका लागि छः लाख रुपियाँ राखिएको छ। यस शृङ्खलाले दिग्गज खेलाड़ीहरूलाई एकै ठाउँमा ल्याउनुका साथै युवा तथा उदीयमान खेलाड़ीहरूलाई बढ्दो साहसिक खेलकुद कार्यक्रममा सहभागी हुने अवसर पनि प्रदान गर्दछ। सबैभन्दा कम उमेरका सहभागी १४ वर्षीय भारतीय खेलाड़ी हुन्, जसले देशका युवा राइडरहरूमा डाउनहिल माउण्टेन बाइकिङप्रति बढ्दो चासोलाई उजागर गर्दछन्।

जाबरभानका संस्थापक तथा जेडएलएसका सहआयोजक सेहान शेट्टीले भने, ''सिक्किममा यो दौड़ आयोजना गर्नाले निकट भविष्यमा यस राज्यमा एशियाली च्याम्पियनशिप र माउण्टेन बाइक विश्वकप आयोजना गर्ने ढोका खुल्नेछ भन्ने हामी आशा गर्छौँ।'' उनले भने, ''जाबरभान टोली, मद क्र्यासप्याड ट्राइब, सोक्पा, किर्लोस्कर फेरस, स्पान फाउण्डेशन र स्पोकहबबीचको सहकार्य तथा समन्वय बिना यो दौड़ सम्भव हुने थिएन साथै सिक्किमका स्थानीय निकाय, मुख्यमन्त्री, स्थानीय ग्राम पञ्चायत तथा गाउँ र त्यहाँका बासिन्दाहरूबाट प्राप्त अपार सहयोगप्रति पनि हामी आभारी छौँ।''

बोनसको मागमा चिया श्रमिकहरूको प्रदर्शन

सिलगढ़ी, ५ अक्टोबर (हिस): बोनसको माग गर्दै नक्सलबारी चिया कमानका श्रमिकहरूको आन्दोलन सोमवारदेखि शुरु भएको छ। श्रमिकहरूले कमान परिसरमा नाराबाजी गर्दै बाँकी बोनस भुक्तान गर्ने माग गरे।

गत वर्षको तीन प्रतिशत बोनसको अझै बाँकी रहेको श्रमिकहरूले आरोप लगाए। ''यस वर्ष २० प्रतिशत बोनस दिने माग गरिएको भए तापनि प्रबन्धनको पक्षबाट अहिलेसम्म कुनै स्पष्ट निर्णय लिएको छैन। मुख्यमन्त्रीले ५ अक्टोबरसम्ममा चिया बगानहरूमा बोनस भुक्तानी गर्ने निर्देश दिएका भए तापनि अहिलेसम्म नक्सलबारी चिया कमानको समस्या समाधान भएको छैन''– श्रमिकहरूले बताए। गत वर्षको तीन प्रतिशत बाँकी र यस वर्षको २० प्रतिशत बोनस नपाएसम्म आन्दोलन जारी रहने मजदुरहरूले चेताउनी दिएका छन्। मजदुरले भने, ''कमानमा जैविक रूपमा चिया उत्पादन गरिन्छ, उनीहरू वर्षभरि नै मेहनत गर्छन्, तर बोनसको बेलामा जहिल्यै समस्याको सामना गर्नुपर्छ।'' अर्कोतिर, बगानका प्रबन्धक प्याट्रिक तामाङले बताए, मालिक पक्षलाई घटनाको जानकारी गराइएको छ। हाल १० प्रतिशत बोनस दिनको लागि बातचित भइरहेको छ। उनले बगानको आर्थिक अवस्था नै यो समस्याको कारण रहेको बताए। तथापि मजदुरहरू

Fax No : 03592 22210
E-mail : planning_dev.@yahoo.co.in

GOVERNMENT OF SIKKIM
PLANNING AND DEVELOPMENT DEPARTMENT
TASHILING SECRETARIAT
GANGTOK - 737101

No. 1094 /P&DD Dated 03.10.2026

Notice

Planning and Development Department, Government of Sikkim is conducting interview for the post of 1 Team Leader (Data Analytics, Monitoring and Evaluation) and 3 Sector Experts under NITI Aayog's State Support Mission in Planning and Development Department for the shortlisted candidates.

The list of candidates and other details including date, time and venue of the interview are available at website www.sikkim.gov.in.

(M.T. Sherpa), IAS
Commissioner cum Secretary
Planning and Development Department

R.O.No: 215/IPR/PUB/Classi/2026-27
Date: 03/10/2026

༄༅། །འབྲས་ལྗོངས་སྒང་ཏོག་དཔལ་ས་ངོར་ཆོས་ཚོགས།

Sa-Ngor Chotshog

SA-NGOR CHOTSHOG CENTRE
GPO-Box #120
GANGTOK-737101, SIKKIM, INDIA

Visit of His Holiness the Sakya Gongma Trichen Dorjechang, the Supreme Head of Sakya Order of Mahayana Buddhism to Gangtok from 16th to 23rd October, 2026.

His Holiness the Sakya Gongma Trichen Dorjechang, the Supreme Head of Sakyapa Order of Mahayana Buddhism and His Holiness the 42nd Saklya Trizin will be visiting Sikkim from 16th to 23rd October, 2026 at the request of Sa-Ngor Chotshog Centre (Ngor Gompa), Rongnek, Nyiya Nairatmya Centre, Sichey and the devotees here.

During their weeklong stay in Gangtok, they will pay courtesy call on the Hon'ble Governor and the Hon'ble Chief Minister of Sikkim.

Their Holinesses have kindly consented to bestow public initiations at Sa-Ngor Chotshog Centre (Ngor Gonpa) at Rongnek as well as at Nyiya Nairatmya Centre, Sichey.

The newly built Nyiya Nairatmya Centre will be consecrated and inaugurated. As requested by the Nyiya Nairatmya Centre, a Medicine Buddha initiation will be bestowed for public at the new Centre in Sichey.

As per the strict instruction received from the office of the Dolma Phodrang, the private audience will only be in the morning from 10am to 11 a.m taking into consideration Rinpoche's health.

His Holiness and the entourage will leave Gangtok for Kalimpong on 23rd October, 2026 morning.

Sd/-
Director
Sa-Ngor Chotshog Centre
Gangtok, Sikkim

Date: 29th September, 2026

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386